"पञ्ञा नरानं रतन"

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म पालक उपाधि

**(कक्षा ७,** द्वितीय पत्र)

**(परियत्ति सद्धम्म पालक उपाधिको पाठ्य-पुस्तक)**

**पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५**

**पुस्तक**

**१. धम्मपद (पालि र अर्थ)**

**२. बहुजन हिताय बहुजन सुखाय**

**३. धम्मपदट्ठकथा**


सम्पादक

**भिक्षु बोधिज्ञान महास्थविर**

(केन्द्रीय परीक्षा नियन्त्रक, ने. बौ. परियत्ति शिक्षा )




Downloaded from http://dhamma.digital/

# साधुवाद

प्रस्तुत पुस्तक परियत्ति शिक्षा सद्धम्म पालक उपाधि (कक्षा ७) को दुतिय पत्रको  पाठ्यक्रमानुसार तयार पारिएको हो । यस संग्रहमा धम्मपद, बहुजन हिताय बहुजन सुखाय तथा धम्मपदट्ठ कथाको नेपाली अनुवाद राखिएको छ । अघिल्ला संस्करणहरूको तुलनामा यसमा केही विषयहरू समयानुकुल परिमार्जित र परिवर्द्धन समेत गरि प्रस्तुत गरिएको छ ।

यस पुस्तकको खण्ड एकको मूल लेखक आचार्य भिक्षु अमृतानन्द हुनुहन्छ । खण्ड दुईको मूल लेखक भिक्षु सुदर्शन महास्थविर हुनुहनछ । उहाँले नेपालभाषामा लेख्नुभएको पुस्तकलाई परियत्ति शिक्षाका एक विद्यार्थी (नाम नखुलेको) बाट भएको हो । त्यस्तै, खण्ड तीनको नेपालभाषामा अनुवाद भिक्षु अनिरुद्धबाट भएको हो भने नेपालीमा अनुवाद धर्मरत्न शाक्य,त्रिशूलीबाट भएको हो ।

परियत्ति शिक्षाको प्रसार र विस्तारका लागि उपयुक्त भएको यस पुस्तकका मूल लेखकहरू, मूल अनुवादकहरू, र पुनः अनुवादक तथा पुस्तक प्रकाशक दाताहरू सबैजना साधुवादका पात्र हुनुहुन्छ । साथै प्रूफ रिडींग गरी सहयोग पुर्‍याउनु हुने परीक्षा तथा दीक्षान्त समारोह समितिका सदस्यहरु प्रदीप शाक्य तथा हरिओम श्रेष्ठ सहित प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैलाई साधुवाद दिन चाािहन्छु ।

भिक्षु बोधिज्ञान

केन्द्रीय परीक्षा नियन्त्रक

नेपाल बौद्ध परियत्ति शिक्षा

२०७६ जेठ १५

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

"पञ्ञा नरानं रतनं"

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म पालक उपाधि


| पुस्तक तथा विषय सूची | पूर्णांक | पेज |
|---|---|---|
| १. धम्मपद पालि र अर्थ | ४० | |
| क) ८ सहस्स वर्ग | | ५ |
| ख) ९ पाप वर्ग | | ७ |
| ग) ११ जरा वर्ग | | ९ |
| २. बहुजन हिताय बहुजन सुखाय | ३० | |
| क) बहुजन हिताय बहुजन सुखाय | | १२ |
| ख) स्वाँया पुन्ही | | १४ |
| ग) ज्याः पुन्ही | | १६ |
| घ) असार पुन्ही | | १७ |
| ङ) पालि त्रिपिटक | | २० |
| ३. धम्मपदट्ठकथा | ३० | |
| क) विडुडभको कथा | | २४ |
| ख) कञ्जूस कोसिय महाजनको कथा | | ३१ |
| ग) छत्तपाणी उपासकको कथा | | ३४ |
| घ) विशाखा महाउपासिकाको कथा | | ३६ |
| ङ) आनन्द स्थविरको कथा | | ४८ |
| च) महाकाश्यप स्थविरको कथा | | ४९ |


Dhamma.Digital



Downloaded from http://dhamma.digital/

"पञ्ञा नरानं रतन"

# परियत्ति सद्धम्म पालक उपाधि

## (कक्षा ७, द्वितीय पत्र)

(प.स.पा. को सद्धम्म पालक उपाधिको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५

# धम्मपद

## (सहस्स, पाप र जरा वर्गको पालि र अर्थ)

Dhamma.Digital

## लेखक - भिक्षु अमृतानन्द महास्थविर



Downloaded from http://dhamma.digital/

# ८-सहस्स वग्गो

(हजार वर्ग)

वेणुवन (१००) तम्वदाठिक

**सहस्सम'पि चे वाचा-अनत्थपदसंहिता ।**
**एकं अत्थपदं सेय्यो-सुत्वा उपसम्मति ॥१॥**

१०० - अर्थ न ब्यर्थको पद भएका सहस्रवाक्य बोल्नु भन्दा सार्थक-पद एउटा नै श्रेष्ठ छ जुन सार्थक-पद सुन्नाले शान्ति मिल्दछ ॥१॥

जेतवन (१०१) दारूचीरियथेर

**सहस्सम'पि चे गाथा-अनत्थपदसंहिता ।**
**एकंगाथापदं सेय्यो-यं सुत्वा उपसम्मति ॥२॥**

१०१ - अर्थ न ब्यर्थको पद भएका सहस्र गाथा पढ्नु भन्दा सार्थक गाथा एउटा नै श्रेष्ठ छ जुन सार्थक गाथा पढ्नाले शान्ति मिल्दछ ॥२॥

जेतवन (१०२) कुण्डलकेसीथेरी

**यो च गाथासतं भासे-अनत्थपदसंहितं**
**एकं धम्मपदं सेय्यो-यं सुत्वा उपसम्मति ॥३॥**

१०२ - अर्थरहित हजार श्लोक पढ्नु भन्दा अर्थसहित शान्ति प्राप्त हुने एउटा धर्मपद पढ्नु बेस छ ॥३॥

**(१०३)**

**यो सहस्सं सहस्सेन-सङ्गामे मानुसे जिने ।**
**एकञ्च जेय्य अत्तानं-स'वे सङ्गामजुत्तमो ॥४॥**

१०३ - लडाईमा हजारौंलाई जित्नु भन्दा आफुलाई जित्न सक्नेलाई नै संग्रामजित भन्दछन् ॥४॥

जेतवन (१०४, १०५) अनर्थ सोध्ने ब्राह्मण

**अत्ता हवे जितसेय्यो-या चा'यं इतरा पजा ।**
**अत्तदन्तस्स पोसस्स-निच्चं सञ्ञतचारिनो ॥५॥**
**ने'व देव न गन्धब्बो-न मारो सह ब्रम्हुना ।**
**जितं अपजितं कयिरा-एवरूपस्स जन्तुनो ॥६॥**

१०४, १०५ - अर्कालाई जित्नुभन्दा आफुलाई जित्नु बेस हो किनभने आत्मदमन गरी सदा संयमी हुने व्यक्तिलाई देव, गन्धर्व, मार तथा ब्रह्माले पनि जित्न सक्दैन ॥५,६॥

वेणुवन (१०६) सारिपुत्रको मामा

**मासे मासे सहस्सेन-यो यजेथ सतं समं ।**
**एकञ्च भावित'त्तानं-मुहुत्तम'पि पूजये ।**
**साये'व पूजना सेय्यो-यं चे वस्ससतं हुतं ॥७॥**

१०६ - महिना महिनामा हजारौं रूपैयाँ खर्च गरी यज्ञ-होम गर्नु भन्दा क्षणभर मात्र भएता पनि संयमी व्यक्तिलाई पूजा सत्कार गर्नु बेस - सय वर्ष होम गरेको भन्दा क्षणभर गरेको पूजा नै श्रेष्ठ हो ॥७॥

वेणुवन (१०७) सारिपुत्रको भाञ्जा

**यो च वस्ससतं जन्तु-अग्गिं परिचरे वने ।**
**एकञ्च भावित'त्तानं-मुहुत्तम'पि पूजये ।**
**साये'व पूजना सेय्यो-यञ्चे वस्ससतं हुतं ॥८॥**

१०७ -सय वर्षसम्म जङ्गलमा बसी यज्ञ गर्नु भन्दा क्षण भर भएता पनि इन्द्रिय सयंमी व्यक्तिलाई पूजा सत्कार गर्नु बेस, किनभने सय वर्ष यज्ञ गरेको भन्दा क्षणभर गरेको पूजा नै श्रेप्ठ हो ॥८॥



Downloaded from http://dhamma.digital/

वेणुवन (१०८) सारिपुत्रको साथी

**यं किञ्चि यिट्ठं च हुतं च लोके**
**संवच्छरं यजेथ पुञ्ञपेक्खो ।**
**सब्बम्पि तं न चतुभागमे ति**
**अभिवादना उज्जुगतेसु सेय्यो ॥९॥**

१०८ – पुण्यको इच्छा गरी जुनसुकै यज्ञ होम वर्षदिनसम्म गरेता पनि ऋजुभूत सन्तलाई गरेको अभिवादनको चौथाई भाग बराबरको फल पनि पाउन सक्दैन ॥९॥

अरण्यकुटी (१०९) दीर्घायुकुमार

**अभिवादनासीलिस्स – निच्चं वद्धापचायिनो ।**
**चत्तारो धम्मा वड्ढन्ति – आयुवण्णो सुखंबलं ॥१०॥**

१०९ – अभिवादन गर्ने स्वभाव हुने र सधैं वृद्धहरूको सेवा सुश्रूपा गर्ने व्यक्तिको चार थोक बढ्दछ- आयु, वर्ण, सुख र बल ॥१०॥

जेतवन (११०) संकिच्च श्रामणेर

**यो चे वस्ससतं जीवे-दुस्सीलो असमाहितो ।**
**एका'हं जीवितं सेय्यो-सीलवन्तस्स झायिनो ॥११॥**

दुराचारी र असमाहित पुरुषको सय वर्षको जीवनभन्दा सदाचारी र ध्यानी पुरुषको एकदिनको जीवन नै बेस छ ॥११॥

जेतवन (१११) कोण्डञ्ञ (थेर)

**यो चे वस्ससतं जीवे-दुप्पञ्ञो असमाहितो ।**
**एका'हं जीवितं सेय्यो-पञ्ञवन्तस्स झायिनो ॥१२॥**

बुद्धिहीन असमाहित पुरुषको सय वर्षको जीवनभन्दा ध्यानी प्रज्ञावान्‌को एकैदिनको जीवन बेस छ ॥१२॥

जेतवन ११२ सप्पदास (थेर)

**यो चे वस्ससतं जीवे-कुसीतो हीनवीरियो ।**
**एका'हं जीवितं सेय्यो विरियमा'रभतो दल्हं ॥१३॥**

अल्सी वीर्यहीन भई सय वर्ष जिउनुभन्दा दृढ उद्योगी भई एकैदिन जिउनु बेस हुन्छ ॥१३॥

जेतवन ११३ पटाचारा (थेरी)

**यो चे वस्ससतं जीवे-अपस्सं उदयब्बयं**
**एका'हं जीहितं सेय्यो-पस्सतो उदयव्ययं ॥१४॥**

उत्पत्ति र विनाशको ज्ञान बिर्सेर सय वर्ष जिउनुभन्दा उत्पत्ति र विनाशको ज्ञान जानेर एकैदिन जिउनु बेस हुन्छ ॥१४॥

जेतवन ११४ कृशागौतमी

**यो चे वस्ससतं जीवे-अपस्सं अमतं पदं ।**
**एका'हं जीवितं सेय्यो-पस्सतो अमतं पदं ॥१५॥**

अमृतपदलाई बिर्सेर सय वर्ष जिउनु भन्दा अमृतपदलाई जानेर एकैदिन जिउनु बेस हुन्छ ॥१५॥

जेतवन ११५ बहुपुत्तिका (थेरी)

**यो चे वस्ससतं जीवे-अपस्सं धम्ममुत्तमं ॥**
**एका'हं जीवितं सेय्यो-पस्सतो धम्ममुत्तमं ॥१६॥**

उत्तम धर्म नजानेर सय वर्ष जिउनु भन्दा उत्तम धर्म जानेर एकैदिन जिउनु बेस हुन्छ ॥१६॥

**हजार वर्ग सिद्धियो**



Downloaded from http://dhamma.digital/

# ९ – पापवग्गो

**(पाप वर्ग)**

जेतवन (११६) चूलेकसाटक ब्राह्मण

**अभित्थरेथ कल्याणे – पापा चित्तं निवारये ।**
**दन्धं हि करोतो पुञ्ञं – पापस्मिं रमती मनो ॥१॥**

११६ -पुण्य झट्टै गरिहाल्नुपर्छ, मनमा पाप चिताउनु हुँदैन, पुण्य गर्न बेर लगायो भने पापमा चित्त जाने सम्भावना हुन्छ ॥१॥

जेतवन (११७) सेय्यसक थेर

**पापं चे पुरिसो कयिरा-न तं कयिरा[1] पुनप्पुनं ।**
**न तम्हि छन्दं कयिराथ[2] दुक्खो पापस्स उच्चयो ॥२॥**

११७ - मानिसले पाप गरिहाल्यो भने पनि फेरी फेरी गर्नु हुँदैन । पापमा इच्छा बढाउनु हुँदैन, पाप थुप्रियो भने दुःखको कारण बन्न जान्छ ॥२॥

जेतवन (११८) लाजदेव कन्या

**पुञ्ञं चे पुरिसो कयिरा[3]-कयिराथे'तं पुनप्पुनं ।**
**तम्हि छन्दं कयिराथ[4] सुखो पुञ्ञस्स उच्चयो ॥३॥**

११८ - पुण्य गरिसक्यो भने फेरी पनि गर्नु पर्छ । त्यसमा खूब उत्साह बढाउनु पर्छ । पुण्यको रास सुखको कारण हो ॥३॥

जेतवन (११९) अनाथपिण्डिक साहु

**पापो'पि पस्सति भद्रं-याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं - अथ पापो पापानि पस्सति ॥४॥**

११९ - पापको फल नपाएसम्म पापीले पाप गर्नु बेस सम्झन्छ । पापको फल पाएपछि मात्रै उसलाई पापको पुरा परिचय हुन्छ ॥४॥

(१२०)

**भद्रो'पि पस्सति पापं-याव भद्रं न पच्चति ।**
**यदा च पच्चति भद्रं-अथ भद्रो भद्रानि पस्सति ॥५॥**

१२० - पुण्यात्माले पनि पुण्यको फल नआएसम्म पुण्य खराब सम्झन्छ । पुण्यको फल आएपछि मात्रै उसलाई पुण्यको पुरा परिचय हुन्छ ॥५॥

जेतवन (१२१) असंयमी भिक्षु

**मा'प्पमञ्ञेथ पापस्स-न मन्तं आगमिस्सति ।**
**उदबिन्दु निपातेन-उदकुम्भो'पि पूरति ।**
**पूरति बालो पापस्स-थोक थोकम्पि आचिनं ॥६॥**

१२१ - अलिकति पाप गरेर के होला भनेर नसम्झनु, एक एक थोपा गरेर पानीले गाग्री भरे झैं मूर्खजनले पनि अलि अलि गरेर पाप थुपार्छ ॥६॥

जेतवन (१२२) विलालपाद सेठ

**मा'प्पमञ्ञेथ पुञ्ञस्स-न मन्तं आगमिस्सति ।**
**उदबिन्दु निपातेन-उदकुम्भो'पि पूरति ।**
**पूरति धीरो पुञ्ञस्स-थोकथोकम्पि आचिनं ॥७॥**

---

1 ब. करिया ।
2 ब. करियाथ ।
3 ब. करिया ।
4 ब. करियाथ ।



Downloaded from http://dhamma.digital/

१२२ - अलिकता पुण्य गरेर के होला भनी नभन, एक-एक थोपा पानीले गाग्री भरे झैं धीर पुण्यवानले अलि अलि गरेर पुण्य थुपार्छ ॥७॥

जेतवन (१२३) महाधनी व्यापारी

**वाणिजो'व भयं मग्गं-अप्पसत्थो महद्धनो ।**
**विसं जीवितुकामोव-पापानि परिवज्जये ॥८॥**

१२३ - हतियार नहुने महाधनी व्यापारीले भययुक्त बाटो छोडे झैं अथवा जिउने इच्छा हुनेले विषलाई छोडे झैं मनुष्यले पाप गर्न छोड्नु पर्छ ॥८॥

वेणुवन (१२४) कुक्कुटमित्र

**पाणिम्हि चे वणो ना'स्स-हरेय्य पाणिना विसं ।**
**ना'ब्बणं विसमन्वेति-नत्थि पापं अकुब्बतो ॥९॥**

१२४ - हातमा घाउ नहुनेले विष छोएता पनि विष नलागे झैं पाप नगर्नेलाई पापले छुँदैन ॥९॥

जेतवन (१२५) कोक भन्ने शिकारी

**यो अप्पदुट्ठस्स नरस्स दुस्सति**
**सुद्धस्स पोसस्स अनङ्गणस्स ।**
**तमेव बालं पच्चेति पापं**
**सुखुमो रजो पटिवातं'व खित्तो ॥१०॥**

१२५ - जताबाट हावा बहेको छ उतातिर धुलो फ्याँक्दा आफैतिर आए झैं निर्दोषी, शुद्ध, क्लेश रहित पुरूषलाई गरेको दोषारोपणको प्रतिफल आफैलाई पर्न आउँछ ॥१०॥

जेतवन (१२६) तिस्स थेर

**गब्भमे'के उप्पज्जन्ति-निरयं पापकम्मिनो ।**
**सग्गं सुगतिनो यन्ति-परिनिब्बन्ति अनासवा ॥११॥**

१२६ - कोही संसारमा जन्मन्छ, कोही पापी नरकमा जन्मन्छ, पुण्यवान्ले स्वर्गमा जन्म लिन्छ, चित्तमल रहित अनास्रव व्यक्तिलाई परिनिर्वाण प्राप्ति हुन्छ ॥११॥

जेतवन (१२७) तीनजना भिक्षु

**न अन्तलिक्खे न समुद्दमज्झे**
**न पब्बतानं विवरं पविस्स ।**
**न विज्जति सो जगतिप्पदेसो**
**यत्थिट्ठितो मुञ्चेय्य[5] पापकम्मा ॥१२॥**

१२७ - आकाश, समुद्र तथा पर्वतको गुफामा जहाँ गएर बसेता पनि आफुले गरेको पापको फलबाट बच्न सकिंदैन ॥१२॥

कपिलवस्तु, न्यग्रोधाराम (१२८) सप्रबुद्ध शाक्य

**न अन्तलिक्खे न समुद्दमज्झे**
**न पब्बतानं विवरं पविस्स ।**
**न विज्जति सो जगतिप्पदेसो**
**यत्थट्ठितं न'प्पसहेथ मच्चु ॥१३॥**

१२८ - आकाश, समुद्र वा पर्वतको गुफा होस् जहाँ गएर बसेता पनि मृत्युबाट बच्न सकिंदैन ॥१३॥

5 ब. मुच्चेथ ।



Downloaded from http://dhamma.digital/

# ११ - जरावग्गो

(वृद्ध वर्ग)

जेतवन (१४६) विशाखाकी साथी

**कोनु[6] हासो किमा'नन्दो-निच्चं पज्जलिते सति**

**अन्धकारेन ओनद्धा-पदीपं न गवेस्सथ ॥१॥**

१४६ - चारैतिर आगो दन्दन बलिरहेछ, कसरी हाँस्नु कसरी आनन्द लिनु ? अन्धकारले चारैतिर घेरिसकेर पनि किन आलोक खोज्दैनौ ? ॥१॥

राजगृह, वेणुवन (१४७) सिरिमा

**यस्स चित्तं कतं बिम्बं-अरूकायं समुट्ठितं ।**

**आतुरं बहुसंकप्पं-यस्स नत्थि धुवं ठिति ॥२॥**

१४७ - जुन शरीर अस्थिर छ, घाउ-दर्दले पूर्ण छ, नाना विधि संकल्पले भरिपूर्ण, छापा समान सिंगारिएको यो विचित्र शरीर हेर ! ॥२॥

जेतवन (१४८) उत्तरा थेरी

**परिजिण्णमि'दं रूपं-रोगनिड्ढं पभङ्गुरं[7] ।**

**भिज्जति पूति सन्देहो-मरण'न्तं हि जीवितं ॥३॥**

१४८ - यो रूप जीर्ण भएर जाने, रोगको घर हो, अत्यन्त क्षण भंगुर, गन्हाउने शरीर छुटेर मरणमा जीवनको अन्त हुन्छ ॥३॥

जेतवन (१४९) अभिमान भिक्षु

**यानि'मानि अपत्थानि-अलापूने'व सारदे ।**

**कापोतकानि अट्ठिनी-तानि दिस्वान का रति ? ॥४॥**

१४९ - शरद ऋतुमा फ्याँकिएको काम नलाग्ने लौका, परेवा झैं सेतो हाड रूपी शरीरलाई देखेर कसलाई प्रेम लाग्ला ? ॥४॥

जेतवन (१५०) रूपनन्दा थेरी

**अट्ठिनं नगरं कतं**

**मंस लोहित लेपनं ।**

**यत्थ जरा च मच्चू च**

**मानो मक्खो च ओहितो ॥५॥**

१५० - हाडको नगर बनाई त्यसमा मासु र रगतको लेप लगाएको, जसमा बृद्धत्व, मृत्यु, अभिमान कपट आदि लुकाइएका छन् ॥५॥

जेतवन (१५१) मल्लिकादेवी

**जीरन्ति वे राजरथा सुचित्ता**

**अथो सरीरम्पि जरं उपेति ।**

**सतञ्च धम्मो न जरं उपेति**

**सन्तो हवे सब्भि पवेदयन्ति ॥६॥**

१५१ - सुसज्जित राजाको रथ जीर्ण भएर गए झैं यो देह पनि जीर्ण भएर जान्छ, तर साधु सन्तको धर्म जीर्ण हुँदैन । सन्तहरू सन्तकै अगाडि यही कुरा बताउँछन् ॥६॥

जेतवन (१५२) लालुदायी थेर

**अप्प'स्सुता'यं पुरिसो**

**बलिवद्दो'व जीरति ।**

**मंसानि तस्स वड्ढन्ति**

**पञ्ञा तस्स न वड्ढ**ति ॥७॥

---

6 ब. पभंगुणं ।

7 "क्खायन्ति" कुनै २ ग्रन्थमा ।



Downloaded from http://dhamma.digital/

१५२ - अज्ञानी मानिस गोरू झैं बढ्दछ । मासु मात्र बढ्छ प्रज्ञा बढ्दैन ॥७॥

बोधिवृक्षमनि (१५३) उदानको रूपमा

**अनेक जाति संसारं-सन्धाविस्सं अनिब्बिसं ।**
**गहकारकं गवेसन्तो-दुक्खा जाति पुनप्पुनं ॥८॥**

(१५४)

**गहकारक दिट्ठो'सि-पुन गेहं न काहसि ।**
**सब्बा ते फासुका-भग्गा गहकूटं विसङ्खितं**
**विसङ्खारगतं चित्तं-तण्हानं खयम'ज्झगा ॥९॥**

१५३, १५४ - अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा खोज्दै ! मेरो हरेक जन्म दुःखमय भएर बित्यो । अब हे गृह निर्माण गर्ने बुद्धि हो ! मैले तँलाई देखि सकें, फेरी तैंले गृह बनाउन सक्ने छैन । तेरो घर बनाउने काठपात जम्मै भाँचिसकें, घरको धुरी पनि खसाली दिएँ, मेरो चित्त संस्काररहित भई तृष्णाको विनाश भई सक्यो ॥८,९॥

वाराणसी, ऋषिपतन (१५५) महाधनी सेठको छोरा

**अचरित्वा ब्रह्मचरियं**
**अलद्धा योब्बने धनं ।**
**जिण्णकोञ्चा'व झायन्ति**
**खीणमच्छे'व पल्लले ॥१०॥**

१५५ - यौवन अवस्थामा धन नकमाएर, ब्रम्हचर्य पालन नगरेर बस्ने व्यक्तिले, फ्याँकिएको पुरानो धनुषले झैं बितेको घटनाहरूको मात्र चिन्ता गरेर अफशोच गर्नु पर्नेछ ॥१०॥

(१५६)

**अचरित्वा ब्रह्मचरियं-अलद्धा योब्बने धनं ।**
**सेन्ति चापा'तिखीणा'व-पुराणानि अनुत्थुनं ॥१॥**

१५६ - यस्ता मूर्खले फ्याँकिएको पुरानो धनुषले झैं बितेको घटनाहरूको मात्र चिन्ता गरेर अपशोस गर्नु पर्नेछ ।

वृद्ध वर्ग सिद्धियो

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# बहुजन हिताय बहुजन सुखाय

१) बहुजन हिताय बहुजन सुखाय
२) स्वा‘‘या पुन्ही (बैशाख पूर्णिमा)
३) ज्याः पुन्ही (जेठ पुर्णिमा)
४) आषाढ पुन्ही : एक परिचय
५) पालि त्रिपिटक : एक परिचय

## लेखक - भिक्षु सुदर्शन महास्थविर

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# बहुजन हिताय बहुजन सुखाय

### भिक्षुसंघ

सम्बोधि लाभ भएकोलाई बुद्ध भनिन्छ। सिद्धार्थ गौतमले वैशाख पूर्णिमाको दिन सम्बोधि प्राप्त गर्नुभयो। त्यसबेला देखि वहाँ बुद्ध हुनुभयो। वाराणसीको मृगदावनमा बुद्ध भएर दुई महिना पछि उहाँले पहिलो धर्म देशना गर्नुभयो। फेरि चार पाँच महिना भित्र नै उहाँका साठ्ठीजना अनुयायी भिक्षुहरू भए।

### धर्मले धेरैको भलो गर्छ

यसप्रकार साठ्ठीजना अनुयायी भइसकेपछि बुद्धधर्म प्रचार गर्ने विचार गर्नुभयो। भिक्षुहरूलाई आज्ञा गर्नुभयो "एउटै बाटो दुईजना नगई धर्म प्रचार गर। बहुजन हितका निम्ति, बहुजन सुखको निम्ति धर्म उपदेश देउ।" बुद्धले आज्ञा गर्नु भए जस्तै बुद्धधर्मले बहुजनको हित गऱ्यो। बहुजनको सुख गऱ्यो। यस्तो गर्न सक्नुका धेरै कारण छन्। ती कारण मध्ये एउटा प्रमुख कारण हो, धर्मले अधिकांशको भलो गर्ने गुण।

### मानिस ठूलो र सानो गुणधर्मले हुन्छ

जन्मदेखि कोही पनि ठूलो हुँदैन। त्यस्तै जन्मदेखि कोही पनि सानो हुँदैन। ठूलो, भलो हुने काम गरेमा ठूलै हुन्छ, सानो कुभलो हुने काम गरेमा सानै भइन्छ। यसरी सबैभन्दा पहिले बुद्धधर्मले नै मानिसहरूलाई उनीहरूले आफूले नै आफ्नो हित र सुख गर्न सक्छन् भनेर भरोसा दिए। यो जातले धर्म उपदेश सुन्न हुँदैन, आइमाईको जुनीबाट मुक्ति पाउन सकिदैन, यस्तो कुरा नपत्याउनेहरू मृत्युपश्चात स्वर्गमा जान पाउँछ, इत्यादि यस्ता प्रकारका कुराहरू बुद्धधर्मले कहिल्यै भनेन। त्यसैले नै बुद्धधर्म अल्प जाति र अल्प वर्णको अथवा पुरूषहरूलाई मात्र, विपक्षीलाई सिध्याउने धर्म भएन। यो धर्म बहुजनको हित र सुखका चारित्रिक धर्म भयो।

### बुझिने भाषाले धर्म कहन्छ।

बुद्धले धेरैले बुझिने भाषामा उपदेश दिनुहुन्थ्यो। भिक्षुहरूलाई आफ्नो शब्दले होइन धर्मले उपदेश आज्ञा गर्नुहुन्छ। निर्वाण जस्तैले भरिएको धर्म बुझाइदिन जनताहरूको भाषाले बुझाइदिने काम सबैभन्दा पहिले बुद्धधर्मले नै गऱ्यो। लोकुत्तर कुरा मानिसहरूलाई हराउने वा आफू जिती अहंको अनुभव गर्ने बुद्धधर्ममा छैन। मारलाई हराए पनि उसलाई रिस, द्वेषभाव रहित गराउन सक्ने नै बुद्धधर्मको विशेषता हो।

### आफू नै आफ्नो नाथ

स्वर्ग र नरक ईश्वरले सृष्टि गऱ्यो भन्ने कुरा बुद्धधर्मको पहिलो दृष्टि होइन। बुद्धधर्मले भन्छ, कुशल कर्ममा वा अकुशल कर्ममा पहिले मन नै जान्छ। त्यसैले मन संयमित गर। मनलाई भलो हुने काममा, ठीक ठाँउमा पठाऊ, अनि मात्रै वचन र आचरणलाई कुशल ठाँउमा पठाउन सकिन्छ। यसले नै सुख शान्ति हुन्छ। त्यसैले बुद्धधर्मले ईश्वर पुज्दै संसार सुखी गर्न सिकाउँदैन। बरू सिकाइदिन्छ कि आफ्नो मन राम्रो गरी आफ्नो काम राम्रो गरी आफ्नो तर्फबाट अरूलाई दुःख नहुने प्रयत्न गर्दै यसरी नै मानवहरू प्रति पनि गराउन प्रयत्न गर्छ। त्यसैले बुद्धधर्म आचार र विचार शुद्धिलाई नै बढी बल दिन्छ। बाह्य शुद्धिलाई यसले महत्व दिंदैन। मानिस आफू नै आफ्नो नाथ हो।

### दारू दाह धर्म होइन

बुद्धधर्मले आगो धर्म मान्दैन। आगोमा केही राख्ने धर्म छ भने अग्निकाण्ड पापको फल होइन। वारूण यन्त्रशाला आगो होमिनुको बाधक हुन्छ। होइन मनले केही गरी आगो खसाले मात्रै यज्ञ हुन्छ भने आखिर धर्म त मन नै भयो। अनि अज्ञानलाई, पापकर्मलाई नै ज्ञानको यज्ञमा किन होम नगर्ने ? बुद्धको पालामा घोडाहरू, साँढेहरू आदि प्राणीहरू पनि यज्ञमा जिउँदै वा मन्त्र पढ्दै, मार्दै आगोमा जलाईदिए। बुद्धले यस्तो यज्ञलाई कहिल्यै प्रशंसा गर्नुभएन।

### जलशुद्धि धर्म होइन

बुद्धधर्मले पानीले शुद्ध हुनुलाई पनि धर्म भन्दैन। नदी, नाला वा समुद्रको पानीमा एकपटक जाँदैमा धर्म हुन्छ भने पानीमा नै बस्ने माछा आदि प्राणीहरू त जिउँदै स्वर्ग जानुपर्ने। पानीमा बस्दा पाप मात्र बगाउँछ, धर्म बगाउँदैन भन्ने कुरामा बुद्धधर्मले



Downloaded from http://dhamma.digital/

विश्वास गराउँदैन । पानीमा नुहाउँदा जीउ आनन्द हुन्छ । धर्म कर्म गर्न मन आनन्द हुन्छ भन्दा बुद्धधर्मलाई आपत्ति छैन । नुहाउनु पर्ने धर्म संस्कार होइन र राम्रो गर्ने भित्री स्वभाव रोक्न बुद्धले भिक्षुहरूलाई पन्ध्र दिनमा एकपटक मात्र नुहाउने उपदेश दिनुभयो ।

## जटा राख्नु धर्म होइन

बुद्धधर्मले जुँगा दाह्री जटा पाल्नुलाई पनि धर्म भन्दैन । कपाल मात्र नकाट्नु धर्म हुन्छ भने गन्हाउने बाख्रोले छुराले त रौं पनि छुवाउँदैन । वास्तवमा पहिलेका सन्यासीहरूले कपालको मोहमा भएका मानिसहरू हेर्दा हेर्दै वाक्क भइ त्यही कपाल नै जटा बनाई राखेका हुन् । तर बुद्धले सन्यासीहरूको यो बाटोलाई पनि छोड्नुभयो । अनोमा नदी किनार पुग्नुहुँदा उनले आफ्नो कपाल तलवारले काटिदिनुभयो । भिक्षुहरूले दुई अंगुलभन्दा बढी कपाल नराख्ने विनयको ज्ञापन गर्नुभयो । साथै, वहाँले भिक्षुहरूलाई मानसिक जटा फुकाल्न उपदेश दिनुभयो । प्रसिद्ध दार्शनिक किताब, विशुद्धि मार्ग यो भित्रकै जटा फुकाल्ने उपदेशको एउटा लामो परिचय हो ।

## खाद्य शुद्धि मात्र धर्म होइन

बुद्धले खाद्य शुद्धिलाई मात्र पनि धर्म भन्नुहुँदैन । खाद्य शुद्धि मात्र धर्म हो भने नखाने बाँदर नै महान धर्मात्मा हुन्छ । मन, वचन र कर्म खाने पिउने अनुसार हुने भएकोले बुद्धले आहारमा संयमित हुने उपदेश दिनुभयो । जंगलमा बस्ने वन्य जन्तुलाई मननपर्ने वस्तु नखाने उपदेश मिल्छ भने विहारमा बस्दा विहारलाई सुहाउँदो प्राप्त भएको वस्तु खान हुन्छ । त्यसैले प्याज, लसुन, गोलभेंडा खान नै नहुने उपदेश बुद्धधर्ममा भएन । वास्तवमा त्यसैले नै बुद्धधर्म ठाँउको संकिर्णतामा बन्धित भएन ।

## निराहार धर्म होइन

बुद्धधर्मले निराहारलाई पनि धर्म भन्दैन । निराहार नै धर्म हो भने उडुस र लामखुट्टेका ठूलो समूहका लार्भाहरू नै धर्म हुन्छन् । बुद्धधर्मको आठ दिनमा एकपटक बेलुकाको एक छाक नखाने उपदेश श्रमण आचरणको अनुकरणको अभ्यासको निम्ति हो, शारीरिक सुख स्वास्थ्यका लागि उपचार हो । सँधै जुनसुकै समयमा भिक्षा गइ आफ्नो गर्नुपर्ने काम बिर्सेर बसेका भिक्षुहरूलाई रोक्न नै बुद्धले स्वयं अभ्यास गरी हेर्नुभई बाह्र बजेपछि दिउँसो भोजन नगर्ने नियम भिक्षुहरूलाई दिनुभएको हो ।

## बहुजन हित सुख नै धर्म

बुद्धले धर्म सास्वत, बाह्य शुद्धिको धर्म होइन । वहाँले दिनुभएको उपदेश धर्म, शील, समाधि र प्रज्ञाको उपदेश हो । शील जुनसुकै देशमा बस्ने जहाँसुकै बस्ने , दक्ष अदक्ष, ठूलो सानो, केटा केटी जोकसैले पनि पालन गर्न सक्छन् । समाधि पनि सबै प्राणीले गर्न सक्छ । प्रज्ञा ज्ञान सम्पूर्ण मानिसहरूले प्राप्त गर्न सक्छन् । त्यसैले शील, समाधि र प्रज्ञाको धर्म नै बुद्धधर्म हो । त्यसैले बुद्धधर्म नै बहुजनको हित गर्ने र बहुजनको सुख गर्ने धर्म हो ।

## मन, वचन, कर्म शुद्धि

नमार्नु, नचोर्नु, र व्यभिचार नगर्नु अनि कुशल राम्रो देखेर मन राम्रो गर्नु, अकुशल देखेर मन सपार्नु, मिथ्यादृष्टि नहुनु नै बुद्धधर्मको उपदेश हो । यो उपदेश बहुजनका निम्ति हो, फेरी बहुजनले नै यो उपदेश पालन पनि गर्न सक्छन् । यी उपदेशका पालन गरेर आफू समेत बहुजनको नै हित हुने र सुख हुने हो । त्यसैले बुद्धधर्म बहुजन हिताय र बहुजन सुखाय भयो ।



Downloaded from http://dhamma.digital/

# स्वांया पुन्हि

(फूलको पूर्णिमा)

बुद्ध जयन्तीलाई फूलको पूर्णिमा (स्वांया पुन्हि) पनि भनिन्छ । बुद्ध जयन्तीलाई स्वांया पुन्हि भनिएको धेरै रामो छ । शुद्ध हृदयस्थलमा स्वांया पुन्हिको भावनात्मक अमृत भरिपूर्ण हुन्छ ।

## फूलको वर्षात् भएको स्वांया पुन्हि

आजभन्दा २६४३ वर्ष अघि बोधिसत्वको जन्म भयो, फूल बर्सियो । अनि पैंतिस वर्ष पछि सिद्धार्थ बुद्ध भए, फूल बर्सियो । फेरि बुद्ध भएको पैंतालिस वर्ष पछि बुद्धको महापरिनिर्वाण भयो, फूल बर्सियो ।

यी तीनै कुरा एकै पूर्णिमामा भयो । त्यसैले यी तीनवटा पुण्य संयोग भएको दिन, फूल बर्सिएको पूर्णिमा, (फूलको मात्रै पूर्णिमा हुन सक्छ । फूलको पूर्णिमा नै हुन्छ ।) यस पूर्णिमालाई फूलको पूर्णिमा अर्थात् नेपाल भाषामा स्वाँया पुन्ही भनिन्छ ।

## सिद्धार्थ स्वयं नै फूल

कपिलवस्तु गणपति शुद्धोदनका छोरा छोरी कोही छैनन् । त्यसैले जीवन नै कष्टमय, गह्रुँगो । लुम्बिनी शाल रूखमुनि सिद्धार्थ जन्मिए । अनि जीवन फूल फक्रिएको जस्तै रमाइलो भयो ।

सिद्धार्थ जन्मिए । आमा महामायाको मनमा, आफन्तजनहरूको मनमा फूल फुक्रियो । कपिलवस्तु दरवार सम्पूर्णमा नै फूल फक्रियो, त्यसैले सबैको मनमा फूल फुलाउने स्वयं आफू पनि एक मुट्ठा फूल हो ।

## पहिलो जन्मदिन

सिद्धार्थलाई जात्रा गरि कपिलवस्तु ल्याइयो । रमाइलोको सिमा नै छैन । जात्रा ! बाजा बजाउनेहरू, नाच्नेहरू, धूपबत्तीको धूँवा ! फूलको त कुरै छैन । सिद्धार्थले पाइला राखे राखे ठाउँमा फूल ! सिद्धार्थ बाटोमा पुग्नु अगाडि बाटो नै फूल जस्तै !साँच्चैको फूल, रमाइलो फूल, स्वागतको फूल ! त्यसैले बोधिसत्व बुद्धको जन्मदिन पहिले हामीले मनायौं, स्वांया पुन्हि अनुसार मनायौं । यहि नै हाम्रो इतिहास हो ।

## मानवताको सुगन्ध

सिद्धार्थको राम्ररी पालनपोषन हुँदै गयो । राम्रो फूल फक्रिएर गए जस्तै । गर्मीमा बस्न एउटा, जाडोमा बस्न एउटा, ठीक्क मौसममा बस्न एउटा दरबार । उनलाई सबै थोक छ ।

तर सिद्धार्थको मन ठाँउमा थिएन । उनले देखे, मानिसहरू काँडासरी सुतिरहेका छन् । छटपटाइ रहेका छन् ।

सिद्धार्थको मनमा मानवताको गन्ध जागृत भएर आयो ।

## ढुङ्गाको मन

सिद्धार्थले चाल पाए, गन्ध नआउने मन नै देखिंदैन ।

हाम्रो धर्म छ भनी भोग विलासमा बस्ने मन कस्तो मन ? हामीलाई ईश्वरले दिएको भनी मानिसहरू नै हूलका हूल पाल्ने कस्तो मन ? अझ, ती मानिसहरू चाहिए बेच्ने, मनलागे खेल्ने, मन नलागे मारी पठाउने मन, कस्तो मन ?

यो मन फूल जस्तै भएन । यो मन त ढुङ्गाको मन हो ।

## टाउको दुख्ने गन्ध

तर उनीहरूलाई यही नै मनपर्छ । त्यसैले धर्म बलियो गर्न, ईश्वर खुसी पार्न यज्ञ गरे । यज्ञमा धान, कोदो, घ्यू, दूध, आगोमा घुसाए । गाई भैंसी, बोका बाखा होम गरे । मान्छे समेत जिउँदै जलाई नरमेध यज्ञ गरे ।

मानिसले नै मानिसको मनमा राम्ररी हेरेन । कुशल राम्रो कुरामा विचार गरेन । उपासकले उपासकलाई नै घुस खुवाए । यो श्रद्धाको गन्ध, कस्तो गन्ध ? मानवताको टाउको दुख्ने गन्ध ।

## कुहिएको गन्हाउँछ

तर यज्ञ गर्नेहरूको टाउको दुखेन । किनभने उनीहरूलाई दक्षिणा छ । उनीहरूलाई मान मर्यादा छ । स्वर्गको साँचो नै उनीहरूसँग । पुण्यको खानी नै उनीहरू ! पवित्रताको नदी नै उनीहरूको !

सिद्धार्थलाई यो धर्म व्यवस्था मनपर्दैन, यो व्यवस्था भित्र कुहिएको गन्ध आउँछ ।



Downloaded from http://dhamma.digital/

**महाभिनिष्क्रमण**

सिद्धार्थलाई नरम मनपर्छ, शीतल मनपर्छ, अनि मनपर्छ सुगन्ध ! तर सिद्धार्थ घुम्न जाँदा देखे रोगी, वृद्ध र मृत ! शरीरले सक्दासम्म, तन्नेरी अवस्थामा, मर्नु अघि सांसारकि दुःख सिध्याउनु पर्ने चाल पाए । अनि एकदिन एकजना श्रमण के देखे, त्यो नै मार्ग समाते ।

सिद्धार्थले दरबार छाडे । स्वास्नी, छोरा, स्वजन, मित्रगण छोडे । निर्वाणको सुगन्ध खोज्न महाभिनिष्क्रमण गरे ।

**सिद्धार्थको भ्रमण**

श्रमण सिद्धार्थ स्वतन्त्रपूर्वक घुमे । सुख शान्तिको निम्ति दुःख अशान्ति छोडिरहेकाहरू देखे । भृगुको आश्रममा देखे, कुकुरव्रत, पन्छीव्रत, गोव्रत, बसिरहनेहरू । अमरताको आशमा जीवन फूल सिध्याइरहेकाहरू ! सिद्धार्थ त्यहाँबाट आलारकालाम कहाँ गए । त्यहाँ केही ध्यान दर्शन सिके । तर त्यो पनि शुष्क ! त्यहाँ प्राणीहरूको जीवनलाई शीतलता दिने छाँया छैन ।

**दुःखको मूल अविद्या**

त्यहाँबाट सिद्धार्थ उद्दक रामपुत्रकहाँ गए । यहाँ योगको एकाग्रता देखे । तर यो पनि जन कल्याणको आँखामा जीवन दिन नसक्ने एकैछिनको क्लोरोफर्म नै मात्र हो ।

त्यसैले सिद्धार्थ आफ्नै बाटो गए । यो काममा खाने पिउने नै छोडिदिए । ६ वर्षको यो प्रयासमा दुष्कर तपस्या निसार भनी बुझे । अनि यी सबै दुःखको कारण संस्कार देखे । संस्कार अविद्याले रह्यो ।

**हेतुवाद**

यो संसार हेतुमय हो । कसैको पनि कृतिमय होइन । अनि यो हेतुको कारण मानिस स्वयं हो । सुख दुःख मानिसको आफ्नै हातमा छ । तर यो देख्न आँखा चाहिन्छ । अनि मार्त्र अविद्याको निरोधले संसारको दुःख निको हुन्छ । यो नै प्रतीत्यसमुत्पाद हो । यो नै बोधि पनि हो । यहि बोधिज्ञान बोधिवृक्ष मुनि फकिएको फूल हो ।

**सम्बोधि फूल**

यो सम्बोधिको फूल पनि वैशाख पूर्णिमामा नै उम्रियो । त्यसैले संसारको भावनात्मक कोमलता, पवित्रात्मक सरसता, मानवताको सौन्दर्यको बास भएको बुद्धत्व फूल उम्रिएको दिन, फूलको पूर्णिमा (स्वांया पुन्हि) नै हो ।बुद्धत्वको भऱ्याङ्गमा चारवटा खम्बाहरू छन्, आठवटा खुड्किलाहरू छन् । ती चार आर्यसत्य, आठ अष्टाङ्गिक मार्ग ! अनि यसको सुगन्ध हो निर्वाण ! संसारको दुःखबाट मुक्ति !!!

**बहुजन हिताय बहुजन सुखाय**

निर्वाणको सुगन्ध बाँडेर बुद्ध गाँउ गाँउमा, नगर नगरमा, देश देशमा घुम्नु भयो । भिक्षुहरूलाई भन्नुभयो 'चरथ भिक्खवे, चारिकं बहुजन हिताय, बहुजन सुखाय !'

ठूलो जात सानो जात नभई, ठूलो सानो नहेरी, केटा केटी नभनी जन जनलाई अमृत पिलाउनुभयो । अनि पैंतालीस वर्ष पछि वहाँको महापरिनिर्वाण भयो ।

**महापरिनिर्वाण**

तथागतको यो अनुपादिशेष निर्वाण पनि वैशाख पूर्णिमाकै दिन भयो । संसारमा निर्वाणको बीज अंकुरण गराई आफ्नो शरीर अनुपादिशेष निर्वाण धातुको सुगन्ध हुनुभयो । अनि रातभरी कुशीनगरका मानिसहरूले वहाँलाई श्रद्धाको फूल चढाए ।

वहाँको अग्नि संस्कार भयो । अवशेष अस्थिपुञ्ज सात राज्यले बाँडिलिए । चैत्य बनाई श्रद्धाको फूल चढाए ।

स्वांया पुन्हिलाई वैशाख पूर्णिमा पनि भनिन्छ । कतै यसलाई बुद्ध जयन्ती पनि भनिन्छ । अझ कतै बुद्ध पूर्णिमा पनि भनिन्छ ।

स्वांयापुन्ही सुहाउँछ, किनभने फूल फकन्छ । स्वांयापुन्हि राम्रो छ, किनभने फूल सौन्दर्यले भरिपूर्ण छ । स्वांयापुन्हि ठीक छ, किनभने फूलबाट सुगन्ध आउँछ । सबैभन्दा स्वांयापुन्ही श्रेष्ठ छ, किनभने फूल पवित्र छ !

समाप्त !



Downloaded from http://dhamma.digital/

# ज्याः पुन्ही

स्वांयापुन्ही पछि ज्याःपुन्ही (जेठ पूर्णिमा) आउँछ । सबैभन्दा लामो दिन । धर्मकर्म गर्ने दिन । फेरि यहि दिनमा काम गर्नेहरूलाई वर्षैभरि ड्याक (नराम्रो) पर्दैन पनि भनिन्छ ।

महासमय सुत्त बुद्धले ज्याः पुन्हिको दिनमा देशना गर्नुभएको हो । यो देशना वहाँले कपिलवस्तुको महावनमा गर्नुभयो । यो सूत्रमा देवताहरूको वर्णन छ ।

बुद्धले अषाढ पूर्णिमाको दिन सारनाथमा धर्मचक्र प्रवर्तन गर्नुभयो । यसको चार पाँच महिना भित्र नै एकसट्ठि जना अर्हत श्रावकहरू भए । अनि बुद्धले यी श्रावकहरूलाई आज्ञा गर्नुभयो, बहुजनको हित र बहुजनको सुखको निम्ति चारिका गर्न जाऊ । वहाँको आज्ञानुसार श्रावकहरू एक बाटोबाट एक जना मात्रै धर्म प्रचार गर्न गए । एक एक श्रावकले ठूल्ठूला जमात नै श्रावक बनाए । यसप्रकार भिक्षुसंघहरू दिन दुईगुणा रात चौगुणा छुट्टै श्रावकहरू बनाउँदै गए ।

एकदिन त्यस्तो दिन पनि आए शाक्यकुलबाट प्रवजित बुद्धको नामले (उद्देश्यले) भएका श्रावकहरू टाढा टाढाका देशमा धेरै धेरै भए । बुद्धको श्रावक भएर पनि बुद्धको अनुहार नदेख्ने श्रावकहरू पनि भए । यस्ता श्रावकहरू बुद्धको अनुहार हेर्न, उपदेश सुन्न आइरहन्छन् । यस्ता श्रावकहरूलाई भेट्न नै बुद्धको एक कार्यक्रम भयो ।

बुद्ध र उहाँका श्राकहरू वर्षावास तीन महिना एकै ठाउँमा बस्नुहुन्छ । अनि कुनै महिना बहुजनको हित र बहुजनको सुखको निम्ति चारिका गर्नुहुन्छ । यो नै आदर्श बौद्ध संस्कृतिको एउटा राम्रो अङ्ग भयो ।

राजा अशोकको समयमा यो आदर्शले झन् ठूलो ठाउँ लियो । अशोकका गुरू मोग्गलिपुत्त स्थविरले धर्मदूतहरू पठाउनमा ठूलो प्रेरणा दिनुभयो ।

मज्झान्तिक स्थविरको नेतृत्वमा काश्मीर र गान्धारमा धर्मदूत भिक्षुहरू गए । महादेव स्थविर सँगै नर्मदा नदीको दक्षिणमा रहेको महिसमण्डलमा धर्मदूतहरू गए । रक्खित स्थविरको समूह मैसुरको उत्तरमा रहेको वनवासमा गए । धर्मदूत स्थविरहरू सूरतया समुद्रको छेउसम्म पुगे । मज्झिम स्थविरहरू हिमवन्त प्रदेशमा गए । सोण र उत्तर स्थविरहरू सुवण्ण भूमि (पेंगु म्यान्मार देखि नाखोमा पाथेमा थाइल्याण्ड ) सम्म पुगे । राजा अशोकको विदिशा रानीतर्फबाट भएका छोरा भिक्षु भएर महेन्द्र महास्थविरको रूपमा श्रीलङ्कामा पाल्नुभयो । महावंश किताबमा यो कुरा राम्ररी लेखिएको छ ।

भिक्षुसंघको यो धर्मदूत मण्डलको कुरा ग्रन्थमा मात्र सिमित छैन । शिलामा पनि कुँदिएका छन् । गिरनार, कालसी, शाहबाजगढी र मानसेरामा अशोकका स्तम्भहरू छन् । यसमा यस्तै अभिलेख छन् । तेह्रवटा अभिलेख अनुसार धर्मदूत बारेमा राम्रो वयान रहेका छन् ।

अशोकको राज्यको भित्र भित्र सम्म त धर्मदूत भिक्षुहरू पुग्नुहुने नै भयो । राज्य सीमान्त ठाउँ ठाउँमा पनि वहाँको धर्मदूतहरू पाल्नुभयो । यवन, कम्बोज, गान्धार, राष्ट्रिक, पितनिक, भोज, आन्ध्र र पुलिंद्र जातिहरू बस्ने देशमा धर्मदूतहरू पाल्नुभएका कुरा अभिलेखमा छन् । राज्यका अशिक्षितहरू बस्ने ठाउँमा पनि वहाँहरू पाल्नुभयो । दक्षिणतिर पारो केरलपुत्र, चोल र पाण्ज्य जस्तै स्वतन्त्र राज्यमा पनि भन्तेहरू धर्मदूत भएर पाल्नुभयो । यन्तियोकले राज्य गरिरहेको सिरिया, तुरमनले राज्य गरिरहेको मिश्र, मकले राज्य गरिरहेको साइरीली र अन्तिकिनिले राज्य गरिरहेको मेसोडोनिया र अलिकसुन्दर (अलेक्जेन्डर)को प्रभुत्व भएको एपिरस राज्य सम्म भिक्षुहरूले बुद्धको सन्देश प्रचार गरे । त्यसै मध्ये अहिले सम्म धर्मदूतहरू पठाउने आदर्श जीवन्त गरीराखेको देश श्रीलङ्कामा महेन्द्र महास्थविर र संघमित्रा थेरीहरू पाल्नुभएको कुरा पनि सबैमा परिचित नै छ ।

यसप्रकार ज्याः पुन्हि भनेको धर्मदूत दिवस हो । संसारमा सबैभन्दा पहिले धर्मदूत भिक्षुसंघहरू ठाँउ ठाँउमा, देश र विदेशमा पाल्नुभएको दिन । फेरि यसले गर्दा नै बुद्धधर्मले एशियाई धर्म, साहित्य र संस्कृतिको विकासमा ठूलो मद्दत गर्न सक्यो । फेरि आजसम्म संसारमा बुद्धको शान्ति सन्देश सुन्दै जाँदा ज्याः पुन्हि आदर्श र प्रेरणा भइरह्यो ।

समाप्त !



Downloaded from http://dhamma.digital/

# आषाढ पूर्णिमा : एक परिचय

## आषाढ पूर्णिमा

बौद्ध जगतमा सबैभन्दा ठूलो दिन वैशाख पूर्णिमा (स्वांयापुन्ही) हो । त्यसपछि अषाढ पूर्णिमा आउँछ ।

अषाढ पूर्णिमाको दिन पाँच प्रसिद्ध संयोगका घटनाहरू पनि छन् । घटनाले रापिलो स्मृति दिन्छ, दह्रोसित काम गर्न टेवा दिन्छ । त्यसैले नै यो दिन एकदमै उत्तम छ ।

कुनै दिनमा कुनै काम गर्दा ठूलो धर्म हुन्छ, ठूलो पाप हुन्छ भन्ने विश्वास बौद्ध विचारमा छैन । पुण्य जहिले गरे पनि पुण्य, पाप जहिले गरे पनि पाप । अझ कुनै दिनमा कुनै काम गर्दा आफूले गरेका पाप सकिएर जान्छ भन्ने विश्वास त झन् बौद्ध विचारमा छँदै छैन । त्यसैले अषाढ पूर्णिमाको मूल पनि यसरी नै बुझ्नुपर्छ ।

## आमाको गर्भमा बोधिसत्व

आषाढ पूर्णिमाको दिन बोधिसत्व आमाको गर्भमा प्रवेश गर्नुभयो । अषाढ पूर्णिमाको पहिलो संयोगको कुरा यहि नै हो ।

पहिले पहिले अषाढ पूर्णिमाको दिन ठूलो जात्रा उत्सव आदि हुन्थ्यो । कपिलवस्तुमा पनि यो उत्सव हुन्थ्यो । एकदिन यहि नै उत्सव सकिएको रातमा महामाया देवीले स्वप्न देखिन् “एकजना सेतो हात्ती कमलको फूल सुँडले समाती पेटभित्र पस्यो ।” यो स्वप्नको फल वर्णनमा शुद्धोदनलाई भनियो “तपाईलाई पुत्ररत्न प्राप्त हुनेछ ।”

यहि नै स्वप्न फलको आधारमा स्वप्न देखिएको रात अषाढ पूर्णिमाको दिन भएकोले यस्तो भनियो “अषाढ पूर्णिमामा बोधिसत्व गर्भमा बस्नुभयो ।” बोधिसत्व सिद्धार्थको जन्म दश महिना पूर्ण भई भयो भन्ने उल्लेख सर्वमान्य हो । यसप्रकार पनि वहाँ गर्भमा जानुभएको अषाढ तिर परेको देखाउँछ ।

सिद्धार्थको जन्मपछि वहाँ उनन्तीस वर्ष दरवारमा नै बस्नुपर्‍यो । यसको अर्थ उनन्तीस वर्ष अषाढ पूर्णिमाको दिन दरवारमा बिताउनुभयो भन्ने पनि हो । तर बीचको केही विवरण देखिएको छैन । एकातर्फ बुद्धले आफ्नो जीवनी कुनै एकै ठाँउमा बसी विस्तारपूर्वक भन्नुभएको छैन । अर्को तर्फ सम्पूर्ण बुद्ध जीवनीको पूर्ण संकलन एकै ठाँउमा त्रिपिटकको अंग भइरहेको पनि छैन । यता उता छोटा छोटा उदाहरण रूपको, संस्मृति रूपको बुद्धको स्वकथनले बुद्ध जीवनी संकलित हुँदा भने दरवारको लामो विवरण प्राप्त भएन ।

## महाभिनिष्क्रमण

सिद्धार्थले आफू उनन्तीस वर्षको अषाढ सम्म धेरै मानिसको दुःखको साक्षात्कार गर्नुभयो । जन्म, जरा, व्याधि र मरणको दुःख सँग पनि राम्ररी साक्षात्कार भए । सिद्धार्थलाई बन्धनमा राख्न धेरै नृत्य, गीत गर्ने आइमाईहरू राखियो । तर सिद्धार्थले उल्टो उनीहरूको निद्रावस्थाको अस्तव्यस्तताले झन् विराग नै लिनुभयो ।

सिद्धार्थ मध्य रातमा उठी बोलाउनुभयो, “त्यहाँ को छ ?” ढोका सँगै भऱ्याङ्गबाट सुतिरहेका छन्दकले उत्तर दिए, “यहाँ म छन्दक छु ।” सिद्धार्थले छन्दकलाई आफ्नो कथा सुनाए । फेरि कन्थक घोडा लिन पठाए ।

यता आफ्नो मनमा आफ्नो पुत्रको अनुहार हेर्ने विचार आयो । अनि राहुलमाता सुतिरहेको कोठामा जानुभयो । तर विचार आयो, “यसरी मैले राहुल लिँदा, देवी निद्राबाट बिउँझन्छन् । मेरो महाभिनिष्क्रमणमा बाधा हुन्छ । त्यसैले सम्बोधि प्राप्त गरिसकेपछि मात्रै लिन आउँछु । ” कुनै अट्ठकथाको उल्लेख अनुसार त्यसबेला राहुल सात दिन मात्रै भएको थियो । फेरि बुद्धको जीवनी विशुद्धिकरण गर्नु र विरह रस परिपाक गर्ने प्रयास गर्ने एक श्रद्धालु भद्रकल्पावदानको कविको कल्पनाले यो नै समयलाई अर्कोतर्फ पठाइदिए । जुन कल्पनामा जातकीय विशुद्धितापूर्ण उल्लेखले प्रेरित गरि राखेको छ । वास्तवमै भन्नुपर्दा पाली वाङमयमा प्राप्त बुद्धजीवनी र संस्कृत वाङमयमा प्राप्त बुद्ध जीवनी यहीं देखि भिन्नताको सृजना हुन्छ । ललितविस्तरको श्रद्धालु कविले सिद्धार्थ सँगसँगै आफू गई दरवारमा पछाडि हेर्न समेत फुर्सद लिएन । बोधिसत्वको अन्वेषण, अध्ययन र तपस्यामा नै आफ्नो काव्य प्रतिभाको श्रद्धाञ्जलि चढाइरहे । जुन श्रद्धालु मनलाई एकदमै तृप्तदायी हुन्छ । बौद्ध आदर्श र गुणको शैलीले बाहिर गइरहेको तथ्यले भन्दछ ।

मनपर्दो यो बुद्धजीवनी यही नै ठाँउमा सुन्दर संघर्षको ठाँउ हो । शुद्धोदनको सम्पूर्ण बन्धन राख्ने प्रयासको पर्खाल, बाहिर नपठाउने इच्छा, लौकिक आकर्षणको बल, सांसारिक माया, ममता र कर्तव्यको आह्वान एकातिर, बोधिसत्व एक्लै अर्कोतर्फ संघर्षको यो अवस्थाको चित्रण बौद्ध श्रद्धालुहरूले साह्रै नै रामरी गरेका छन् । हुन पनि बोधिवृक्षको मुनि मारविजय, अन्तिम विजय र कठिन विजय भएर पनि त्यो अन्तरमुखी हो । त्यसैले बुद्ध जीवनी बोधिसत्वको यो गृहत्यागलाई महाभिनिष्क्रमण भनि भनिन्छ ।



Downloaded from http://dhamma.digital/

दरवारका छेकवार हटाएर सिद्धार्थ बाहिर निस्के । तर अझ पनि अषाढ पूर्णिमाको शुद्धताले छोएको पवित्र जलमा कपिलपुर एकपटक हेर्ने इच्छा हुन्छ । शायद यहाँ ठाँउको प्रसँग लिएर नै बोधिसत्वको महाभिनिष्क्रमण अषाढ पूर्णिमामा भएको थाहा हुन्छ । अषाढ पूर्णिमाको दोस्रो सुसंयोग यहि नै हो ।

## धर्मचक्र प्रवर्तन

महाभिनिष्क्रमण पश्चात छ वर्षको अध्ययन, अन्वेषण र तपस्या पछि बोधिसत्व मध्यम मार्गमा जानुभयो । स्वांयापुन्हीको रातमा बुद्धत्व प्राप्त भयो । बुद्धत्वको प्रीति उनान्चास दिनसम्म लिनुभए पछि वाराणसी मृगदावनमा पाल्नुभयो । त्यसबेला त्यहाँ क्रुर यज्ञवादिहरूको धार्मिक अन्ध शोषणले विरक्तहरू, तर गृहस्थ वा सांसारिक जीवनबाट विरक्त ऋषिहरू जम्मा भै बसिरहेका थिए । त्यसैले, यहाँ नै बुद्धत्वको प्रतीक्षामा बसी बसी सिद्धार्थले दुष्कर तपस्या छोडेकोमा विरक्तहरू तर धर्मको नाममा बलिवादमा र यज्ञवादमा नगएका पाँचजना भद्रवर्गीयहरू पनि यहि रहेका थिए । त्यसैले बुद्धले आफ्नो प्रथम धर्मदेशना वा सन्देश प्रसार गर्न यहाँ मन लगाएर पाल्नुभएको पनि स्वाभाविक छ ।

बुद्धले मृगहरू राम्ररी घुमफिर गर्ने ठाँउ ऋषिपतनमा पाँच जना भद्रवर्गीयहरू भेटे । बुद्धको उपदेश त्यहाँ पनि राम्ररी सुनेन । किनभने बलिवादी र यज्ञवादीले आएकाहरूलाई पाप सिध्याउन भनी शरीरलाई सास्ती दिने धर्म संस्कार धेरै श्रमणवादीहरूमा थियो । त्यसैले बुद्धको बुद्धत्वमा पनि उनीहरूलाई त्यति ठूलो अविश्वास भएको थियो । बुद्धले आफ्नो पहिलो सद्वचन साक्षी राखेर भन्नुभयो, “यसभन्दा पहिले कहिले यस्तो भनेको छु र ?”

“छैन भन्ते ।”

“आवुसो, तथागत बाहुलिक होइन, फेरि साधनाले भ्रष्ट भएका पनि होइन, बाहुल्यपरायण पनि होइन । तथागत अर्हत् सम्यकसम्बुद्ध हो । एकपटक सुन, मैले जुन अमृत भेट्टाएं, त्यो तिमीहरूलाई सुनाउँछु । सुनेर आचरण गरे यो नै जन्ममा साक्षात्कार गरी उपलाभ गरी बस्न सकिन्छ ।“ यही पाँचजना भद्रवर्गीयहरूलाई भनिसकेपछि बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभयो ।

यसरी धर्मचक्र प्रवर्तन गर्नुभन्दा अघि यो वार्तालाप अषाढ पूर्णिमाको पूर्व सन्ध्याको समयमा भएको हो । धर्मचक्र प्रवर्तन अषाढ पूर्णिमाको शुद्धरातमा भयो । चारवटा प्रमुख बौद्धघटना र चारवटा संवेजनीय बुद्धको जीवनीसँग सम्बन्धित ठाँउमा यो घटनाको ठाँउ समावेश गरिएकोले भनिन्छ : 'अषाढ पूर्णिमाको विविध सुसंयोग घटना मध्ये यो नै प्रमुख घटना हो ।'

## धर्मचक्र प्रवर्तन सूत्र

यस्तो मैले सुनें,

एकपल्ट भगवान् वाराणसी ऋषिपतन मृगदावनमा विहार गरिरहनुभएको थियो । त्यहाँ भगवान् पाँचजना भद्रवर्गीय भिक्षुहरूलाई आज्ञा गर्नुभयो, “भिक्षुहरू, यी दुई अन्त (अति)लाई प्रवजितहरूले सेवन गर्न हुँदैन । कुन कुन दुई ? (१) जुन यो हीन, ग्राम्य, पृथग्जन, अनार्य, अनर्थ, कामवासनाको काम सुखमा भोग गर्ने अति (अन्त) र (२) दुःखमय, अकुशल, अनर्थ, कायक्लेश, (आत्म पीडा) दिने अति (अन्त) । भिक्षुहरू, यो दुई अन्तमा नगई तथागतले बीचको मार्ग खोजी भेट्नुभयो, जसले आँखा खोलिदिन्छ, ज्ञान दिन्छ, शान्तिको निम्ति, अभिज्ञ हुनका निम्ति, सम्बोध (परिपूर्ण) ज्ञानको निम्ति, निर्वाणको निम्ति हो । त्यो बीचको मार्ग (मध्यम प्रतिपदा) तथागतले खोजी भेट्नुभयो । त्यो त्यही नै कुशल आठ अंगको मार्ग हो सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि । भिक्षुहरू, यो नै मध्यम मार्ग हो .............. । ”

भिक्षुहरू, यो दुःख सत्य हो । जन्म हुनु पनि दुःख, वृद्ध हुनु पनि दुःख, रोगी हुनु पनि दुःख, मर्नु पनि दुःख, अप्रिय भेट पनि दुःख, प्रिय विछोड पनि दुःख, इच्छा गरेको वस्तु नपाउनु पनि दुःख । छोटकरीमा भन्नुपर्दा पाँच उपादान स्कन्ध नै दुःख हो । भिक्षुहरू, यो दुःख समुदय (कारण) सत्य हो । जुन तृष्णा छ, फेरि फेरि जन्म हुने, भट्किने, राग सहित यता उता भट्कनु जस्तै काम तृष्णा, भव तृष्णा, विभव तृष्णा । भिक्षुहरू, यो नै दुःख निरोध सत्य हो, जसमा त्यही नै तृष्णा राम्ररी विराग हुन्छ, निरोध हुन्छ, निस्सर्ग हुन्छ । भिक्षुहरू ,यो नै दुःख निरोध तर्फ लैजाने मार्ग ( दुःख निरोधगामिनी प्रतिपदा सत्य) हो । यी कुशल उत्तम भएको आठ अंगको मार्ग हो ..............।

“भिक्षुहरू, यो दुःख आर्यसत्य हो । .......दुःख समुदय सत्य हो ।.......... दुःख निरोध सत्य हो ।............. दुःख निरोध गामिनी प्रतिपदा सत्य हो । भिक्षुहरू, मलाई यो पहिले कहिल्यै नसुनेको धर्ममा आँखा प्राप्त भयो, ज्ञान भयो, प्रज्ञा भयो, विद्या भयो । ......”

“ भिक्षुहरू, जबसम्म मैले यी चार सत्यको यथार्थ विशुद्ध ज्ञान देखिन, तबसम्म मैले यसरी दावा गरिन, ....अनुत्तर सम्यक् सम्बोधिलाई मैले बुझि लिएँ । .....जब मैले देखें......तब मात्रै मैले दावा गरें, ......मैले ज्ञान देखें, मेरो मुक्ति अचल छ । यो अन्तिम जन्म हो । अब फेरि आवागमन हुँदैन । ”



Downloaded from http://dhamma.digital/

बुद्धले यस्तो आज्ञा गर्नुभयो । पाँचजना भिक्षुहरूले भगवानको वचनको अभिनन्दन गरे । यो व्याख्यान गर्नुहुँदा आयुष्मान् कौण्डन्यलाई विचार आयो, "जति पनि समुदय धर्म छन्, ती सबै निरोध धर्म हुन् । " अनि बुद्धले आज्ञा गर्नुभयो "आहा कौण्डन्यले बुझिलिए ! आहा कौण्डन्यले बुझिलिए ! "

यसप्रकार आषाढ पूर्णिमाको भित्र बोधि जान्नेहरू दुईजना भए । बुद्धले स्वांयापुन्हीको दिन भेट्टाउनु भएको बोधिज्ञानको उपदेश यसप्रकार सबैभन्दा पहिले अर्को एकजनाले अषाढ पूर्णिमा मै सुनी बुझिलिए । साँच्चै भन्नुपर्दा यहाँ देखि निर्वाण धर्म बुझेकाहरू बढदै गए । वास्तवमा यसै दिनदेखि तथागतको धर्म मत झन् झन् बल्दै गयो ।

पाँच जना भद्रवर्गीयहरू बोधि धर्ममा बोध भइसकेपछि बुद्धले तीनमहिना त्यहीँ नै बिताउनुभयो । तीन महिना पछि बुद्धले आफ्नो भिक्षुसंघ अलि बढिसकेपछि दुई भिक्षु एकै बाटो नगई बहुजन हित र बहुजन सुखको निम्ति शान्ति सन्देश प्रचार गर्ने आज्ञा गर्नुभयो । बुद्धको यही नै आज्ञाले अतिवाद धर्म अतिआदर्शको प्रलोभनले आन्तरिक अनुसार मनको बुद्धिको शोषणमा मुक्तिको घोषणा यो बहुजन हित बहुजन सुखको दर्शन नेपालले भेट्टाए यो नै नेपालको निम्ति सौभाग्य हो ।

## वर्षावास

बहुजन हिताय र बहुजन सुखायको उपदेश स्वयं बुद्धले र वहाँका अनुचरहरूले बाह्र महिनामा नौ महिना घुम्दै, विहार गर्दै दिनुभयो । अझ पहिले त बाह्र महिनामा बाह्रै महिना भिक्षुहरूले परिकमा गर्दै उपदेश दिनुभएको हो । यस्तो हुँदा धेरै मानिसहरू अप्रसन्न भएको र कुनैले खेतबारी नोक्सानको कुरा अगाडि राखी बुद्धले भिक्षुहरूलाई तीन महिना एकैठाँउमा बसी आ आफ्नो चाहिँदो पुण्य कार्य, पवित्र कार्य सम्पादन गर्ने विनय ज्ञापन भएको नै अषाढ पूर्णिमाको चौथो सुसंयोग हो ।

यहि नै कममा बुद्धले आफ्नो आमालाई उपदेश दिन त्रायश्त्रिशं भुवनमा सातौं वर्षावास बस्नुभएको पनि सम्झिन सक्छौं । यहाँ वहाँले अभिधर्मको देशना गर्नुभयो ।

## धेरैलाई धर्मज्ञान

अषाढ पूर्णिमाको दिन मृगदावनमा जुन धर्मको दियो बाल्नुभयो, बीज रोप्नुभयो, त्यसबाट धेरै जनलाई मनको आँखा उघारिदियो, अध्यारो हटेर गयो । बुद्ध र वहाँका अनुचर भिक्षुहरूले धेरै धर्माधिकारीहरूको हृदय परिवर्तन गर्नुभयो, धेरै जना ठूलो सानो, राजा रङ्क, ठूलो जात सानो जात, पुरुष महिलाहरूको दृष्टि र हृदय परिवर्तन गर्नुभयो । यो परिवर्तन सुनसान ठाँउ, हूलमा, परिषद्मा, गाँउमा, जनपदमा, नगरमा, उद्यानादि ठाउँमा विहान, दिउँसाा, बेलुकी, राती भनिने समयको परिधि नभई भयो । यी सबै तथ्याङ्क सरल तरिकाले दिन सम्भव छैन । त्यसैले राम्ररी भन्नुपर्दा अहिले यति नै भन्न सकिन्छ, यो अनन्त अनगिन्ती प्राणीहरूको हितोपकारको लागि हो । मात्र अषाढ पूर्णिमासँग सम्बन्धित भएको विवरणमा मात्र नै दुई कोटी देव मनुष्यलाई धर्म ज्ञान प्राप्तिको उल्लेख छ । यति धेरै देवादि मनुष्यहरूको धर्म चक्षु खोलिएको बुद्ध एक गण्डक वृक्ष मुनि प्रातिहार्य युक्त धर्मदेशनामा हो । धर्मदेशना अषाढ पूर्णिमाको संयोगको कुरामा पाँचौ संयोग हो ।

## पुण्यमय दिन

अषाढ पूर्णिमा, पुण्य सुसंयोगको ठूलो दिन ।

पहिलो अषाढ पूर्णिमामा बोधिसत्व गर्भमा प्रवेश गर्नुभयो । फेरि जन्म पछि आफ्नो उनन्तीस वर्षको वैशमा अषाढ पूर्णिमाको रातमा महाभिनिष्क्रमण गर्नुभयो । अनि छ वर्षको प्रयत्न पछि बुद्ध भएर अषाढ पूर्णिमामा नै तथागतले धर्मचक प्रवर्तन गर्नुभयो । धर्मप्रचारको कममा भिक्षुहरूलाई एकै ठाँउमा बसी गुण धर्म बलियो गर्ने प्राप्त गर्ने मार्ग हुने गरी अषाढ पूर्णिमामा भिक्षुहरूलाई वर्षावास विनयको ज्ञापन पनि गर्नुभयो । लोक कल्याणार्थ बुद्धत्व प्राप्त गरी लिनुभएका बुद्धले अषाढ पूर्णिमामा प्रातिहार्य सह धर्मदेशनाले मात्र नै दुई कोटी देव मनुष्यहरूलाई धर्मचक्षु दिनुभयो ।

यी अषाढ पूर्णिमाको पुण्य संयोग सम्झिनलायक छन्, अषाढ पूर्णिमा सम्झिन लायक छ । यसले हामीलाई पनि कुशल कर्म गर्ने बानी गराइदिन्छ, प्रेरणा दिन्छ, बीज दिन्छ, मद्धत दिन्छ, अनि दिन्छ ज्ञान चक्षु ! प्रज्ञा चक्षु !! संसारको अज्ञान अन्धकार सम्पूर्ण बाँधी चार सत्य र आठ मार्ग देख्न सक्ने विशुद्ध बोधि चक्षु !!!

समाप्त !



Downloaded from http://dhamma.digital/

# पालि त्रिपिटक : परिचय

## पालि त्रिपिटक

"यो धम्मं पस्सति, सो मं पस्सति ।"

"जसले धर्मलाई देख्छ, उसले मलाई देख्छ ।"

बुद्ध देख्न, धर्म बुझ्न अनि संघ बलियो गर्न हामीले धर्म नै पहिले राम्ररी चिन्नुपर्छ । अनि धर्म चिन्न पाली त्रिपिटक भन्दा बढी अरू कुनै भाषा वाङमयले हामीलाई मद्धत गर्न सक्दैन ।

महामानव बुद्धले मानिसहरूलाई पैतालिस वर्ष सम्म दिनु भएको सन्देशमा यो त्रिपिटक नै सबैभन्दा बढी प्रामाणिक हो । मानव जीवनको निम्ति भएको अनुसार, चाहिएको अनुसार धर्मको ज्ञान अरू सबैमा भन्दा पाली त्रिपिटकले नै दिन सक्छ ।

## त्रिपिटकको भाषा

भाषाको कारणले पनि ज्ञान बुद्धि नै केही जमातको लागि मात्रै हुन सक्छ । त्यसैले बुद्धले ठूलो कुरालाई ठूलो भाषामा चाहिन्छ भनि भन्नेहरूलाई भन्नुभयो सम्पूर्ण बुद्धवचन छन्दोबद्ध (त्यसबेलाको प्रचलित सम्मानित प्रकारको संस्कृत भाषा) गर्नै भनिएको भिक्षुलाई बुद्धले भन्नुभयो । अझ तुरून्त भिक्षुहरू जम्मा गरि यस्तो गरे भने अपराध ( आपत्ति) हुन्छ भनी आज्ञा गर्नुभयो ।

त्यसैले भिक्षुहरूले जनताको बीचमा जनभाषाले उपदेश दिनुभयो । यो भाषा सायद मगधको भाषा वा त्यस सँग सँगै मिलेको भाषा हो । फेरि त्यसैले पनि त्रिपिटकको भाषालाई "मागधी" पनि भनियो । अनि बुद्धवचनको अर्थमा यसलाई "पाली" पनि भनियो ।

## मागधी : पालि

बुद्धको उपदेश अनुसार भिक्षुहरूले त्यसबेलादेखि अहिले सम्म आफूहरू कहाँ कहाँ गए, त्यहाँ त्यहाँका जनताका भाषाले धर्मप्रचार गरे । सिंहली, बर्मी, श्यामी, तिब्बती, चिनी र जापानी आदि एशियाका भाषा साहित्यको इतिहास नै यसको प्रमाण हो । तर त्यसरी पनि मूल बुद्धवचनको भाषा भनि त्रिपिटकको परम्परागत भाषा एउटा पनि रक्षा गर्दै आए ।

त्रिपिटक माथि भनिए जस्तै मगध देशको नाम अनुसार मागधी भाषा नै हो । अनि , मागधीको पर्यायवाची अनुसार यसलाई पालि पनि भनिन्छ । तर यथार्थमा "पालि" शब्दको भाषा शास्त्रीय अर्थ नै यहाँ सबैभन्दा राम्रो हुन्छ । अनि "पति" शब्द "पालि" भएको पनि देखाइराखिएको छ ।

## बुद्धवचन : पालि

"पालेति रक्खती'ति पाली " पालन गरिराखेको रक्षा गरिराखेकोले "पाली" । यो नै "पाली" शब्दको व्युत्पत्ति विषयमा व्याकरणको व्याख्या हो । आचार्य बुद्धघोषले पनि "मूल बुद्धवचन" को अर्थमा पाली शब्द देखाउनुभएको छ । 'अयमेत्थ पाली' ( यहाँ यो पाली) भनी, 'पालीयं वुत्तं' ( पाली भनि राखिएको) भनी, 'नेव पालीयं' (पनि पाली) भनि आचार्य बुद्धघोषले आफ्नो ग्रन्थमा बुद्धवचनको मूल देखाउनु पर्ने पंक्ति भनिन्छ ।

बुद्धको उपदेश हावामा उडाउने शब्द विद्याको कसरत होइन । त्यो महाकारूणिक तथागतको करूणापूर्ण शब्दमय काम पनि हो । सम्पूर्ण बुद्धको उपदेश त्यसैले कुनै न कुनै प्राणीको कारणमा नै भन्नुहुन्छ । बरू उपदेश सुनिसकेपछि भिक्षुहरूले कहिलेकाहीँ बिन्ति गर्छन, 'को नु खो अयं भन्ते धम्मं परियायो'ति '। ' भन्ते , यो धर्म पर्यायको नाम के हो ?' बुद्धले भन्नुहुन्छ, 'इमं धम्म परियायं अत्थ जालन्ते'पी धारेहि' 'यो धर्म पर्यायलाई 'अर्थ जाल' भनि पनि धारण गर । अनि यो नै सूत्रको शिर्षक हुन्छ ।

फेरि यो नै बुद्धवचन समूहभावमा आएको शब्द परियाय श्र पलियाय श्र पालीयाय श्र पाली भएर गयो । वास्तवमा भन्नुपर्दा सम्राट अशोकले पनि 'धम्म पलियायानि' शब्द आफ्नो अभिलेख उल्लेखमा दिइराखेका छन् ।

## त्रिपिटकको विभाजन

बुद्धवचनलाई सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म, वेदल्ल अनुसार नवाङ्ग विभाजन पनि गर्छ । आजको त्रिपिटक विभाजनको स्वरूप सबैभन्दा पहिले हामीलाई दीघनिकायको अर्थकथाले दिन्छ, जुन अर्थकथा चौथो पाँचौ शताब्दीको अनुवाद हो । तर अर्थकथामा नै लेखिएको छ, यो विभाजन प्रथम संगायनामा भयो । अशोकको भ्राबु शिलालेखमा जुन



Downloaded from http://dhamma.digital/

सातवटा बुद्धवचन विनयसंमुकसे, अलियवसानि, अनागतभयानि, मुनिगाथा, मोनेøयसुत्ते, उपातिसपसिने, लाघुलोवादको उल्लेख गरिएका छन् । यी सम्पूर्ण त्रिपिटकमा भेट्टाइन्छ ।

प्रथम संगायनमा उपालीसँग विनय अनि आनन्दसँग धर्म ( सूत्र र अभिधर्म) सोधी संगायना गरे । अनि आज भएका अभिधर्मको कुरा धर्मानुरूप नै हुन्छ । त्यसैले प्रथम संगायनाको धर्म र विनय को संगायनामा नै अभिधर्म पनि समावेश गरियो । अनि मात्र अशोकको गुरू मोग्गलिपुत्त स्थविरको कथावस्तु प्रकरण पनि त्रिपिटकमा समावेश गरियो ।

## त्रिपिटक लिपिबद्ध

बुद्धले आफ्नो सन्देश आफैले नै लेख्नुभएको छैन । त्यसबेला अक्षर र लेख्ने काम भइसकेको त हो । तर, अक्षर विद्या र शास्त्रको भाषा जान्नेहरू हातमा गन्न मिल्ने भएकोले बुद्धले भिक्षुहरूलाई एउटै बाटो दुई जना नगई (मौखिक) धर्म प्रचारको आज्ञा दिनुभयो ।

बुद्धको महापरिनिर्वाणको तीनमहिना पछि मगध (राजगृह) को सप्तपासाण गुफामा भिक्षुहरू जम्मा भए । यता उता बुद्धले आज्ञा गर्नुभएका सन्देश आ आफूमा छलफल गरियो । बुद्धवचन संकलित भयो । यो नै प्रथम संगायना हो । फेरि तेस्रो संगायना सम्म यस्तै नै भयो । तर प्रथम शताब्दीमा श्रीलंकामा ठूलो दुर्भिक्ष भयो । अनि धर्मधारी भिक्षुहरू नहुँदा धर्म नै लोप हुने भयले धर्म रक्षा गर्न राजा वट्टगामणीले बुद्धवचन लिपिबद्ध गरे ।

बुद्धवचन 'त्रिपिटक' अक्षरमा आउने पाण्डित्यपूर्ण काम पनि धमाधम भयो । बुद्धको युगबाट नै प्रचारको निम्ति जनताको हित पक्षमा नदेखिइसकेको शास्त्रीय (संस्कृत) भाषामा दर्शन भनिएकोलाई महायानले खुबै विकास गर्‍यो । स्थविरवादले पनि अर्थकथा लेख्दै गए ।

तर त्रिपिटकको पाली प्रवाह भने त्यत्तिमा नै नरोकी चल्दै गयो । १८७८ ईस्वीको बर्मी राजा मे गैं को श्रद्धाले तीन वर्ष दिएर ६२९ वटा शीलामा ठूलो श्रद्धा र यत्नले त्रिपिटक कुद्न लगाएको यसको प्रमाण हो ।

त्रिपिटक सँगै बौद्ध संस्कृतिले धेरै काम गर्‍यो । एशियाई संस्कृति समानता, सभ्यतामा एकता अनि विचारधारामा विशुद्धता र सरलता ल्याउनमा जुन काम यसले गर्‍यो, त्यो अविस्मरणीय नै रहन गयो ।

## त्रिपिटकको विभाजन

त्रिपिटक : तीन पिटक ।

त्रिपिटक हुन्, (१) सूत्र पिटक (२) विनय पिटक (३) अभिधर्म पिटक

(१) सूत्र पिटकको पाँचवटा निकाय छन् :

क) दीघनिकाय ख) मज्झिमनिकाय ग) संयुक्तनिकाय

घ) अंगुत्तरनिकाय ङ) खुद्दकनिकाय

दीघनिकायमा बुद्धकालीन दर्शन जाल बुझाइदिने 'ब्रह्मजाल सुत्त' र बुद्धको अन्तिम वर्षको वर्णन भएको 'महापरिनिब्बाण सुत्त' छ । लामो लामो सूत्रको संकलन भएकोले यसलाई दीघनिकाय भनियो । लामो पनि नभएको छोटो पनि नभएको सूत्रको संकलन नै मज्झिमनिकाय हो । संयम शिक्षा दिने 'राहुलोवाद सुत्त' र बौद्ध दृष्टिकोणमा बौद्धहरूको कर्तव्याकर्तव्य बुझाईदिने 'सिंगालोवाद सुत्त' यसमा छ । स सानो मूल उपदेश अनुसारको संकलन संयुक्तनिकाय हो । एउटा एउटा कुरा, दुई दुई वटा कुरा भएको अनुसार क्रमशः अंक उत्तरोत्तर वेद्धि हुने तत्वको उपदेश संग्रह नै अंगुत्तरनिकाय हो । बौद्धिक शोषण र अन्धविश्वासको धारणा पक्षको धर्म पाली बुद्धिवाद धर्म र स्वतन्त्र चिन्तनलाई महत्व दिने "कालाम सूत्र" यसमा छन् । खुद्दकनिकायमा पन्ध्रवटा अलग-अलग ग्रन्थ छन् । ती हुन् : खुद्दक पाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देश, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंश र चरियापिटक ।

२) विनय पिटकमा पाँच विभाजन छन् :

क) महावग्ग ख) चुल्लवग्ग ग) पाराजिका घ) पाचित्तिय ङ) परिवार

कारणानुरूप नियम बनाउने बुद्धधर्मको प्रगतिशीलता र बुद्धधर्म अनुसार जुन शासन र विचारधारा चिरस्थायी कस्तो हुन्छ भनेको बुझाइदिने भिक्षु भिक्षुणीहरूको नियमको वर्णन नै पाराजिका र पाचित्तिय ग्रन्थमा छन् । अनि भिक्षु र श्रामणेर बनाउने विधि महावग्गमा, संगायना गर्नुपर्ने भएको ताविक वर्णन चुल्लवग्गमा अनि प्रश्नोत्तर अनुसार यी नै कुराहरू बुझाइदिने परिवारमा उल्लेख भएका छन् ।

३) बुद्धोपदेशलाई तात्विक अनुसार र शास्त्रीय पद्धति अनुसार विवेचना गर्ने काम नै अभिधर्मले गर्छ । यसमा सातवटा विभाजन छन् :



Downloaded from http://dhamma.digital/

क) धम्मसंगणी ख) विभंग ग) धातुकथा घ) पुग्गलपञ्ञति ङ) कथावस्तु च) यमक छ) पट्ठान

बौद्ध अनित्य, दु:ख र अनात्मा बुझ्न यी ग्रन्थहरू मूल्यवान छन् । नाम रूपलाई लक्षण अनुसार बुझाइदिने काम 'धम्मसंगणी'ले गर्छ भने 'विभंग'ले स्कन्ध र आयतनको विवेचन गर्छ । धातुको व्याख्या 'धातुकथा' ले गर्छ, अनि 'पुद्गलपञ्ञति'ले पुद्गलहरूको भेद गर्छ । 'कथावत्थु'ले विविध मतसँगको बौद्ध दर्शनको कथा भित्रैदेखि बुझाइदिन प्रश्नउत्तर दिन्छ, अनि सकारात्मक र नकारात्मक चित्त र स्वभावलाई 'यमक'ले बुझाइदिन्छ । 'पट्ठान'मा बुद्धको बुद्धिवादको व्याख्या, अनि सर्वशक्तिमान भन्नेलाई सृष्टिकर्तावाद वा ईश्वरवादको खण्डन गरी प्रतीत्यसमुत्पादको व्याख्या गरिएको छ ।

वस्तुत : संसारको समस्त धर्म वाङ्मय भन्दा ग्रन्थ प्रमाणले बढी शब्द भएको प्रामाणिक धर्म ग्रन्थ त्रिपिटक हो । फेरि यो जसरी शब्द प्रमाणले माथि उच्च स्थानमा छ, त्यसरी नै पवित्र र सत्य धर्म अनुसार पनि माथि पर्दछ ।

(यो रचना पहिले बु.सं. २५१२ श्री सुमङ्गल विहारले प्रकाशित गरेको थियो । साथै यस्ता रचना स–साना पुस्तकको रूपमा प्रकाशन गर्नका निम्ति योजना गर्ने व्यक्तिहरू उपासकद्वय श्री न्हुछेलाल र स्व. बहादुर हुन् ।)

समाप्त !



Downloaded from http://dhamma.digital/

# धम्मपदट्ठकथा

१) विडुडभको कथा
२) कञ्जूस कोसिय महाजनको कथा
३) छत्तपाणी उपासकको कथा
४) विशाखा उपासिकाको कथा
५) आनन्द स्थविरको कथा
६) महाकाश्यप स्थविरको कथा

**लेखक - भिक्षु अमृतानन्द महास्थविर**

नेपाली भाषामा अनुवाद - धर्मरत्न शाक्य "त्रिशुली"

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# धम्मपदट्ठकथा

## विडुडभको कथा

“फुप्फानि हेव पचिनन्त” भन्ने यो धर्मदेशना श्रावस्ती नगरमा बास गरिरहनु भएको बेला परिवार सहित बाढीले बगाएको विडुडभको कारणमा शास्ताले बताउनु भएको हो ।

यो उनको अनुपूर्व कथा हो - श्रावस्ती महाकोशल राजाका छोरा पसेनदिकुमार नाउँ गरिएका, वैशालीका लिच्छवीकुमार महाली नाउँ गरिएका, कुशीनगरका मल्लाराजपुत्र बन्धुल नाउँ गरिएका - यी तीनै जना दिशाप्रमुख आचार्यकहाँ शिल्प-विद्या सिक्न तक्षशिलामा जाँदा नगर बाहिर एउटा धर्मशालामा तीनैजना भेट भएर परस्पर त्यहाँ आएको र कुल-वंश नाउँ समेत सोधेर आफु आफुमा मित्र सम्फी सँगै नै आचार्यकहाँ पुगेर समय धेरै नबित्दै सिक्नुपर्ने शिल्प-विद्या सम्पूर्ण गरी आचार्यसँग बिदा लिएर त्यहाँबाट सँगै नै निस्केर आ-आफ्नो ठाउँमा फर्किे । ती तीनजना मध्येमा पसेनदिकुमारले पिता राजालाई आफ्नो शिल्प विद्या देखाई प्रसन्न गराई आफुलाई राज्याभिषेक प्राप्त गरे । महाली कुमारले लिच्छवीहरूलाई आप्नो शिल्प विद्या देखाउँदा उत्साह गरी देखाएको हुनाले उनको दुवै आँखा फुटे । लिच्छवी राजाहरूले “अहो हाम्रा आचार्यको आँखा फुटेर अन्धो हुनुभयो । हामीले उहाँलाई त्यसै त्याग्नु हुँदैन । उहाँको उपस्थान सेवा गर्नुपऱ्यो” भनी सय हजार रकम उठ्ने एउटा द्वार-प्रदेश गाउँ दिए ।

उनले सोही द्वार-प्रदेशको आश्रय लिएर पाँचसय जना लिच्छवी कुमारहरूलाई शिल्प विद्या सिकाई रहँदा बन्धुल कुमार पनि साठी-साठी वटा मुठा बाँधीराखेको बाँसका मुठामा बाँसको भित्र फलामको डण्डि राखी मुठा बाँधीराखेको साठी मुठा बाँस ठडयाउन लगाई मल्लराजकुलले “लौ यो काटेर देखाउ” भनेपछि कुमारले माथि आकाशमा अस्सी हात उफ्रेर गई खड्गले काट्दै जाँदा तल मुठा भएको ठाउँमा पुग्दा किणि-किणि शब्द निस्केको सुनी “यो के शब्द आएको” भनी सोध्दा “सबै बाँसका मुठाहरूमा फलामका डण्डि राखेको छ” भनेको सुनेर खड्ग फालेर रूँदै “मेरा यत्तिका आफन्त साथीभाईहरू एकजनाले पनि मलाई स्नेह गरी यो कारण बताएन । यदि मैले यो कारण पहिले नै जानेको भए फलामको शब्द कत्तिपनि नसुनिने गरी काटीदिने थिएँ ।” भनी राजाहरू सबैलाई मारेर म राज्य चलाउँछु भनी आमा बाबुलाई भने । तात! तिनीहरूको परम्पराबाट चलीआएको राज्यलाई यस्तो गर्न उचित छैन भनी नाना प्रकारले रोकेपछि त्यसोभए म यहाँ बस्दिन, मेरो साथी कहाँ बस्न जान्छु भनी श्रावस्तीमा गए । पसेनदि राजाले उनी आएको सुनेर स्वागत गरी, महान सत्कार सम्मान गरी नगर भित्र लगी सेनापति पद दिई राखे । उनले आफ्नो आमा बाबुहरूलाई पनि त्यहि बोलाई राखे ।

अनि एक दिन राजा दरबारको माथी बसेर भ्र्यालबाट बाटोमा हिंडिरहेका मानिसहरू हेरीरहँदा अनाथपिण्डिक महाजन, चूल अनाथपिण्डिक, बिशाखा, सुप्पवासाहरूको घरमा भोजनको निम्ति गईरहेका हजारौं भिक्षुहरू देखेर यी आर्यहरू कहाँ गइरहेका भनी सोध्नुभयो । महाराज! अनाथपिण्डिकको घरमा नित्य भोजन बिरामी भएकाहरूलाई दिने भोजन, आदिको निम्ति दिनको बिन्ति गरेपछि आफुले पनि भिक्षुहरूलाई उपस्थान गर्ने इच्छा गरी विहारमा गएर भिक्षुसंघ सहित तथागतलाई निमन्त्रणा गरी लगातार सातदिन सम्म दान दिएर सातौं दिनमा वन्दना गरी पाँचसय भिक्षुहरू साथमा लिएर दिनहुँ भिक्षाको निम्ति दरवारमा पाल्नुहवस् भनी प्रार्थना गरे । हे महाराज! बुद्ध भनिएकाले दिनहुँ एकै ठाउँमा भिक्षा ग्रहण गर्नुहन्न । धेरै मानिसहरूले बुद्धलाई आफ्नो घरमा भित्र्याउने आशा राख्छन् । त्यसोभए भन्ते! दिनहुँ एकजना भिक्षु पठाई दिनुहवस् भनी याचना गरे । शास्ताले आनन्द स्थविरलाई राज दरवारमा जाने भार दिनुभयो ।

राजाले भिक्षुसंघ आएपछि भिक्षापात्र लिएर तिमीहरूले भोजन गराई पठाउ नभनीकन सातदिन सम्म आफैले भाजन गराई आठौं दिनमा कामले अलमल भएर भोजन गराउने काममा ध्यान दिन सकेन । राजकुलमा भने बिना आज्ञा आसन बिछ्याई भिक्षुहरूलाई बसाई भोजन गराउन पाइँदैनथ्यो । हामीहरू यहाँ त्यसै उभिएर बस्न सकिंदैन भनी निकै नै भिक्षुहरू फर्केर गए । राजाले भोलिपल्ट पनि यस काममा ध्यान दिन सकेनन् । भोलिपल्ट पनि धेरै नै भिक्षुहरू फर्केर गए र तेश्रो दिन पनि प्रमादित भयो, त्यसदिन आनन्द स्थविर एकजना छाडी अरू सबै फर्केर गए । पुण्यवानहरू कारणको बशमा जाने हुन्छन् । कुलहरूको प्रसन्नतालाई रक्षा गर्ने हुन्छन् । तथागतका सारिपुत्र स्थविर र महामौद्गल्यायन स्थविर दुईजना अग्रश्रावकहरू । खेमा उत्पलवण्ण नामकी दुई अग्रश्राविकाहरू । उपासकहरूमध्ये चित्त गृहपति र हत्थक नाउँका दुई अग्र श्रावक उपासकहरू हुन् । उपासिकाहरू मध्ये बेलुकण्ठकी नन्दमाता, खुज्जुत्तरा नाउँकी दुई अग्र श्राविकाहरू हुन् । यी आठजना आदि गरी पद पाएका सबै श्रावकहरू एक प्रकारले दशपारमिता पूर्ण गरी आएका महा पुण्यवान हुन् । आनन्द स्थविर पनि एकलाख कल्प सम्म पारमी पूरा गरेर अभिनिहारले



Downloaded from http://dhamma.digital/

सम्पन्न, पुण्यसम्पत्ति र आफ्नो कारणवशले कुलको प्रसन्नतालाई रक्षा गर्नेमा थिए । त्यसकारण उनी बसीरहे । उनी एकजनालाई मात्र बसाई भोजन गराए ।

राजाले भिक्षुहरू फर्केपछि खाने पिउने सामानहरू त्यसै रहेको देखेर "आचार्यहरू आउनु भएन कि कसो भनी सोधेपछि 'महाराज! आनन्द स्थविर एकजना मात्र आउनु भयो' भन्ने खबर सुनेर हेर यत्तिका खाने पिउने वस्तु खेर जाने गरिदियो भनी भिक्षुहरूदेखि रिसाई शास्ताकहाँ गई भन्नुमयो, "भन्ते ! मैले पाँचसय भिक्षुहरूलाई भिक्षा भोजन तयार गराई राखें । केवल आनन्द स्थविर एकजना मात्र त्यहाँ आउनुभयो । जोरजाम गरीराखेको भोजन सबै त्यसै उब्रिएको रहेछ । पाँचसय भिक्षुहरूले मेरो दरवारलाई तुच्छ सम्भे, कारण के होला?" भनी सोधे । शास्ताले पनि भिक्षुहरूलाई दोष नदिईकन मेरा श्रावक भिक्षुहरूले तपाईलाई बिश्वास गरेन होला, त्यसैले नगएको हुनसक्छ भन्नुभई कुलगृहमा जाने कारण र नजाने कारण प्रकाश गर्दै भिक्षुहरूलाई आमन्त्रण गरी यो सूत्र आज्ञा गर्नुभयो ।

'हे भिक्षु हो ! नौवटा अङ्गले सम्पूर्ण नभएको कुल-गृहमा जाने इच्छा भएता पनि नजानु, गएपनि त्यहाँ नबस्नु । ती नौवटा अङ्ग के के भने "जहाँ चित्त प्रसन्न पारेर उपस्थान गरिंदैन, खुशिभएर अभिवादन गरिंदैन, मन प्रसन्न पारेर आसन लगाइदिंदैन, भएका चीज वस्तु दान गर्नुपर्ला भनी लुकाउन लान्छन्, धेरै दान दिनुपर्ने ठाउँमा थोरै दान दिन्छन्, प्रणीत असल वस्तु छँदाछँदै सस्तो कमसल वस्तु, दानदिन खोज्छन्, आदर सम्मान राखी दान दिंदैन, आदर गौरव सहित अगाडी आएर बस्न आउँदैन, धर्मदेशना गरीरहँदा राम्रोसँग ध्यान दिएर सुन्दैन । हे भिक्षुहो ! यी नौवटा अङ्गले सम्पूर्ण नभएको कुल गृहमा जाने इच्छा भएतापनि नजानु । जानै परेपनि त्यहाँ नबस्नु उत्तम छ ।"

नौ वटा अङ्गले सम्पूर्ण भएको कुलमा जाने इच्छा नभएपनि जान योग्य छ । जांदा पनि त्यहां बसेर कुरागर्न योग्य छ । ती नौवटा अङ्ग केके भने "जहाँ मन प्रसन्न पारेर स्वागत सत्कार गर्ने हुन्छ, मन प्रसन्न पारेर अभिवादन गर्ने हुन्छ, मन प्रसन्न पारेर आसन ओछ्याईदिन्छ, आफुसंग भएको चीज वस्तु लुकाउँदैन, धेरै भए धेरै दिनुपर्ने ठाउंमा धेरैनै दिन खोज्छ, प्रणीत वस्तु भए सोही दान दिन खोज्छ, आदर गौरब राखी दान दिन्छ, आदरगौरब पूर्वक अगाडी आएर बस्न आउँछ, धर्मदेशना गर्दा आदर गौरब पूर्वक ध्यान दिएर सुन्ने गर्छ । हे भिक्षुहो! यी नौवटा अङ्गले सम्पूर्ण भएको कुल गृहमा जाने इच्छा नभएतापनि जान योग्य छ, गए पनि त्यहाँ बसेर कुरा गरीरहनु योग्य छ ।" (अ०नि०३.९.१७)

'महाराज! यसरी मेरा श्रावकहरू तपाईकहाँ विश्वास लाभ नभएर नगएको हुनसक्छ । पहिले पहिलेका पण्डितहरू पनि आफुलाई विश्वास नभएको ठाउँमा राम्रोसंग सत्कार गरेर उपस्थान गर्दा पनि मरणान्त वेदना भई आफ्नो विश्वासीको भएको ठाउँमा नै गए । 'कहिले?' भन्ते ! भनी राजाले सोधेपछि अतीतका कथा आज्ञा गर्नुभयो ।

अतीत कालमा वाराणसी नगरमा ब्रह्मदत्त राजाले राज्य गरिरहेका बखतमा केशव नाउँ गरेका एउटा राजा आफ्नो राज्यसम्पत्ति सबै त्यागगरी ऋषि प्रब्रज्यामा प्रब्रजित हुनगए । त्यो राजाको पछि-पछि पाँचसय जना अरू मानिसहरू पनि प्रब्रजित हुन गए । अनि केशव तपस्वी भन्ने नाउँले प्रचार भए । राजालाई वस्त्र लगाईदिने कप्पक पनि उनीसँगै प्रब्रजित भई उनका सबभन्दा नजिकको कप्पक नाउँको शिष्य सेवक भईरहे । केशव तपस्वी आफ्ना परिवार सँगै आठ महिनासम्म हिमालय प्रदेशतिर बिताई बर्षाऋतु भएपछि नुनिलो, अमिलो सेवन गर्नुको निम्ति वाराणसी पुगेर भिक्षाको निम्ति शहरमा पसे ।

तिनीहरूलाई राजाले देखी प्रसन्न भएर धेरै समयसम्म आफ्नो शहरमा बास गराउन अनुमति लिएर उद्यानमा नै बास गराई आफु सन्ध्या समयमा र बिहान तिनीहरूको उपस्थान सेवाको निम्ति उद्यानम जाने गर्थे । अरू अरू तपस्वीहरू दुई चार दिन त्यहाँ बसेर हात्तीको शब्दको कारणले उत्कण्ठित भएर, 'आचार्य, यहाँ हामीलाई बाधा भयो, हामी जान्छौं' भनी भने । कहाँ जान्छौं ? आचार्य हिमालयतिर जान्छौं । हामी यहाँ आएकै दिनदेखी राजाले यहाँ चार महिनासम्म बस्ने बचन लिई राखेको छ । तात ! त्यसकारण कसरी जाने ? तपाईले हामीसँग नसोधीकन नै अनुमति दिनुभयो । हामी यहाँ बसिरहन सकिंदैन परन्तु यहाँबाट अलि टाढा गईकन तपाईको समाचार सुन्न पाइने ठाउँमा बस्न जान्छु भनी वन्दना गरी गए । आचार्य कप्पक अन्तेवासी सँगै त्यहिं बसे ।

राजा उपस्थानको निम्ति आउँदा 'आचार्यहरू खोई ?' भनी सोध्नुभयो । महाराज ! उत्कण्ठित भयो भनी हिमालतिर लागे । कप्पक पनि उत्कण्ठित भएर चाँडै नै आचार्यले बारम्बार रोकेता पनि "बस्न सकिंदैन" भनी गए । उनी अरूहरू गएको ठाउँमा नगईकन आचार्यको खबर लिंदै नजिकै एक ठाउँमा बसे । पछि शिष्यहरू सम्झेर आचार्यलाई पेटको रोग उत्पन्न भयो । राजाले बैद्यहरू बोलाई उपचार गर्न लगाए । रोग शान्त भएन । तपस्वीले भने, "हे महाराज ! मेरो रोग शान्त पार्न मनपर्छ ?" "भन्ते ! मैले गरेर मात्र हुने भए अहिल्यै तपाईलाई स्वस्थ गरिदिन चाहन्छु । "हे महाराज ! यदि मेरो रोग निको पार्ने इच्छा भएको हो भने मलाई मेरा शिष्यहरू भएको ठाउँमा पठाईदिनुहवस् । राजाले हुन्छ हवस भन्ते ! भनी एउटा खाटमा सुताई नारद मन्त्री प्रमुख



Downloaded from http://dhamma.digital/

चारजना मन्त्रीहरूलाइृ बोलाई मेरा आचार्यको कुशल समाचार जानेर मलाई पत्र लेखेर पठाउ भनी अऱ्हाई पठाइदियो । कप्पक शिष्यले आचार्य आउनुभयो भन्ने सुनेर लिन गए । आचार्यले अरूहरू खोई ? भनी सोधेपछि फलानो ठाउँमा बसीराखेका छन् भनी बतायो । तिनीहरूले पनि आचार्य पाल्नुभयो भन्ने सुनेर त्यहिं गएर आचार्यलाई तातो पानी र फलफूल दिए । तत्कालमा नै रोग शान्त भईगयो । धे्रै दिन नबित्दै नै शरीर सुवर्णवर्ण भएर आयो । अनि नारद मन्त्रीले ऋषिसंग सोधे -

'मनुसिन्द जहित्वान, सब्ब काम समिद्धिनं ।

कथं न भगवा केसी, वप्पस्सरमति अस्समे ॥'

अर्थ - सबै काम-सम्पत्तिले समृद्ध भइरहेका, मानिसहरूका राजा कहाँ बस्न छाडे, हे भगवान् केशव ! तपाईले कप्पकको आश्रममा कसरी रमाइलो मान्नुभयो ।

सादूनि रमणीयानी, सन्ति रूक्खा मनोरमा ।

सुभासितानि कप्पस्स, नारद रमयन्ति म ॥

अर्थ - हे नारद ! यहाँ मलाई सुस्वादिष्ट रमणीय मनोरम रूखहरू धेरै छ । कप्पकको सुभाषितले यहाँ मेरो मन हलुका भएर रमाउँछ ।

'सालीनं ओदनं भुत्वा, सुचिं मंसूप सेवनं ।

कथं सामाकनीवारं, अमोणं खादयन्ति तं ॥'

अर्थ - शुद्ध मंस, माछा चारैतिर राखी मार्सि चामलको भात भोजन गरेर, नून नभएको मकैको चामलको भातले कसरी तपाईलाई सन्तोष गर्न सक्ला ।

'सादुं वा यदि वा सादुं, अप्पं वा यदि वा बहुं ।

विसत्थोयत्थ भुञ्जेय्य, विस्सास परमारसा"ति ॥'

अर्थ - स्वादिलो वा स्वाद नभएको, थोरै भएपनि धेरै भएपनि जहाँ विश्वास हुने कहाँ भोजन गर्न पाउँछ सोही विश्वास ठूलो रस हो ।

तथागतले यो धर्मदेशनां ल्याउनुभएर जातकको अन्त गर्नुभयो । त्यस बेला राजा हुने मौद्गल्यायन हुन्, नारद हुने सारिपुत्र हुन्, कप्पक हुने आनन्द हुन्, केशव तपस्वी हुनेत मनै हुँ भनी आज्ञा गर्नुभई "यसरी हे महाराज ! पहिले पनि विद्वान् पण्डितहरू मरणान्त वेदना हुँदा पनि आफ्ना विश्वासीको ठाउँमा नै गएर रोग निको तुल्याउँथे । मेरा श्रावकहरूलाई पनि तपाई कहाँ विश्वास प्राप्त भएन होला ।" भनी आज्ञा गर्नुभयो । राजाले भिक्षुसंघ सँग विश्वास गराउनु पऱ्यो, के कसो गरे विश्वास होला ? सम्यक्सम्बुद्धका कुनै आफन्त परेको एउटी केटी मेरो दरवारमा ल्याउनु पऱ्यो । त्यसो भए युवक भिक्षुहरू र ससाना श्रामणेरहरू यो राजा सम्यक्सम्बुद्धका नातेदार हुन् भनी ममाथी विश्वास गरी मेरा दरवारमा सधैंभरि आवतजावत भइरहने हुन्छ भन्ने विचार गरेर, मलाई एउटी केटी देउ भनी शाक्यहरूकहाँ खबर पठायो । कुनचाहिं शाक्यकी केटी हुन्, यो पनि राम्रोसंग जानेर आउनु भनी दूतहरू पठाइदिए । दूतहरू गएर शाक्य-केटी माग्न गए । ती शाक्यहरू सबे भेलाभई यो चण्ड राजाले यदि हामीले कन्या दिएन भने हामीलाई विनाश गर्न पनि बेर मान्दैन । केटी दिएर पठाउँ भने राजा हाम्रो कुल समानको होइन,। अब यसमा कुन उपाय गर्नुपर्ला भनी सल्लाह गरे । महानाम शाक्यले भने, मेरा नागमुण्ड नामकी दासीको तर्फबाट जन्मेकी वासभ खत्तिया नामकी एउटी छोरी अत्यन्त सुन्दरी छिन् । उनैलाई पठाउनु पर्ला भन्ने सल्लाह गरी दूतहरूलाई भने- "हुन्छ हामीले कोशल राजालाई मेरी छोरी पठाईदिन्छौं", उनी कस्की छोरी भनी सोधे "सम्यक्सम्बुद्धका काकाका छोरा महानाम शाक्यकी छोरी "वासब खत्तिया" हो भनी भन्नु ।

तिनीहरू गएर राजालाई त्यस्तै बिन्ति गरे । राजाले त्यसो भए बेसै भयो छिट्टै ल्याइदेउ, क्षत्री भनेकाले धेरै जाल माया गर्न जानेका हुन्छन् दासीकी छोरी पनि पार्न सक्छ, बाबुसँग एउटै थालमा भात खाइरहेकी भए मात्र लिएर आउनु भनी दूतहरू पठाए । तिनीहरू गएर भो महाराज ! तपाईसँग एउटै थालमा भोजन गरीरहेकी छोरी हाम्रा राजाले चाहना गर्नुभयो भनेपछि महानाम शाक्यले त्यसोभए हुन्छ तात ! भनी छोरीलाई वस्त्रालंकारले सुसज्जित पार्न लगाई आफुले भोजन गर्ने बेलामा डाक्न पठाई उनीसंगै बसी एउटै थालमा खाईरहेको जस्तो टाढाबाट देखाई दूतहरूलाई केटी सुम्पेर पठाईदियो । तिनीहरूले उनलाई लिएर श्रावस्तीमा गई भएको समाचार सबै राजालाई बिन्ति गरे । राजा सन्तुष्ट भएर उनलाई पाँचसय नारीहरूमा जेठी तुल्याई अग्रमेंषीको स्थानमा राखी अभिषेक गरे । उनले समय धेरै नबित्दै सुवर्ण वर्णको एउटा छोरो जन्माइन् ।



Downloaded from http://dhamma.digital/

त्यसपछि त्यो छोरोलाई नामाकरण गर्ने दिनमा राजाले बच्चाको बाज्येकहाँ दूत पठाई "शाक्यराजाकी छोरी बासभ खत्तियाले छोरा जन्माइन्, उनलाई के नाउँ राख्ने ?" भनी सोध्न पठायो । त्यो समाचार लिएर जाने मन्त्री भने अलि कान नसुन्ने पऱ्यो । उनी गएर राजाको त्यो कुरा राजाबाज्ये कहाँ बताउन गए । तिनीहरूले तिनको कुरा सुनेर वासभ खत्तियाले छोरो नपाइकन नै सबै जनालाई प्रभावित पारीदियो, अब राजा "बल्लभ" (निकै मनपराउने) हुनेछन् भने । बहिरो मन्त्रीले "बल्लभ" शब्दलाई "बिडुडभ" भनेको ठानेर राजाकहाँ फर्केर गई "महाराज! कुमारलाई विडुडभ भनी नाउँ राखी पठायो" भनी बिन्ति गर्न गए । राजाले यो पुराना कुलवंशदेखी चलीआएको नाउँ होला भन्ने सम्झेर कुमारलाई विडुडभ भनी नामकरण गरीदिए । अनि त्यो कुमारलाई बालक कालमा नै "शास्ताको प्यारो मनपराउने गराउनु पर्छ" भनी राजाले सेनापति पद दिईराखे ।

ती राजकुमार सुख ऐश्वर्य पूर्वक बढ्दै सात वर्षको उमेर पुगेपछि अरू-अरू राजकुमारहरूको भने आमाको माइतिघरबाट हात्तीको रूप, घोडाको रूपको खेलौनाहरू ल्याएको देखेर आमासँग सोधे "आमा ! अरू-अरू राजकुमाहरूको मावलीको तर्फबाट खेल्ने खेलौनाबाट कोशेली दिन ल्याउँछन्, मलाई भने कसैले केहि दिन ल्याउने होइन्, कसो तिम्रो आमा-बाबु कोहि छैन ?" आमाले भनिन्, "छोरा ! तिम्रा मामा शाक्यराजाहरू टाढा देशमा बास गरीराखेका छन् । त्यसकारण तिमीलाई कसैले केही दिन नल्याएको हो" भनी ढाँटे ।

कुमार सोऱ्ह वर्ष पुगेपछि "आमा ! तिम्रो माइतिको कुल एकपटक हेर्नजाने इच्छा भैरहेछ भन्दा, तात! जानुपर्दैन त्यहाँ के कामले जाने ? भनी रोक्दा रोक्दै पनि फेरी फेरी पिर्दै गरे । अनि उनले त्यसो भए गएर आउ, भनी स्वीकार गरिन् । राजकुमारले पितासँग अनुमति लिएर धेरै परिवार साथमा लिएर आफ्नो शहरबाट प्रस्थान गरे । बानव खत्तियाले पहिले नै यो खबर पठाइदिए कि- म यहाँ सुखपूर्वक बसीराखेकी छु । यो कुमार त्यहाँ आउँदाखेरी तपाईहरूको कुनै अन्तर नदर्शाइ दिनुहोला ।" शाक्यहरूले विडुडभ आउँदा उनलाई वन्दना गर्नुपर्ला भनी उनीभन्दा उमेरमा कम भएका कुमारहरूलाई जनपद तिर पठाईदिए । उनी कपिलवस्तु नगरमा आइपुगेपछि सबै संस्थागारमा भेला हुन आए । विडुडभ कुमार त्यहाँ गएर बसे ।

अनि उनलाई उहाँ तिम्रा बाज्ये हुन्, उनी तिम्री बज्यै हुन्, यो तिम्रो मामा हो, भनी परिचय दिएपछि तिनीहरू सबैलाई उसले वन्दना गरे । आफुलाई वन्दना गर्ने कोहि नदेखेर, यो कसो ? मलाई वन्दना गर्ने कोहि छैन भनी सोधे । तिमीभन्दा उमेरमा कम भएका शाक्यकुमारहरू आजभोली जनपदतिर गईराखेछन् भनी उनलाई महान सत्कार सम्मान गरे । उनी त्यहाँ दुई-चार दिन बसी ठुलो परिवार सहित त्यहाँबाट आफ्नो देशमा फर्के । अनि त्यहाँ एक दासीले संस्थागारमा "यो विडुडभ दासीपुत्र बसेर गएको पीढा हो भन्दै बाहिर ल्याई गाली गर्दै शुद्ध गर्न दूधपानीले पखाल्दै गरे ।

एउटा सैनिकको एउटा हतियार लिन बिर्सेकोले हतियार लिन भनी फर्कदा ती दासीले विडुडभ कुमारलाई दासीपुत्र भनी गाली गरिरहेको शब्द सुनेर त्यसको कारण सोधेर वासभ खत्तिया दासीको कोखबाट जन्मेको महानाम शाक्यकी छोरी हुन् भन्ने जानी फर्केर गई आफ्ना साथीहरूलाई बताउन गए । "वासभ खत्तिया त एक दासीपुत्र रहेछ" भन्ने महान हल्ला मच्चियो । विडुडभले यो कुरा सुनेर यिनीहरूले म बसेको पीढा दुधपानीले पखाली शुद्ध गरे । म राज्यमा प्रतिस्ठित भएपछि शाक्यहरूको गर्धनको रगतले तिनीहरूको पीढा पखालेर शुद्ध गर्न लगाउनेछु भनी मनमा राखे । तिनीहरू श्रावस्तीमा पुगेपछि यो कुरा राजालाई बिन्ति गर्न गए । राजाले मलाई दासीपुत्री पठाइदियो भनी शाक्यहरूदेखी क्रुद्ध भएर वासभ खत्तियालाई र उनका छोरालाई दिईराखेको सुख, ऐश्वर्य, सम्पत्ति सबै फर्काई दास दासीहरूलाई जति दिइराखेको हो त्यति मात्र दिन लगायो ।

त्यसपछि दुईचार दिन बितेपछि शास्ता राज दरवारमा पाल्नुभई आसन बस्नुभयो । राजा आएर वन्दना गरेर "भन्ते ! तपाईका आफन्तहरूले मलाई दासीको छोरी पठाइदियो त्यसकारण मैले पुत्र सहित तिनलाई दिइराखेको ऐश्वर्य फर्काई दास दासीहरूले पाउने मात्र दिलाई राखेको छु' भनी बिन्ति गरे । शास्ताले 'महाराज ! शाक्यहरूले अयोग्य काम गरे । दिनै परेपछि आफ्ना समान जातका दिई पठाउनुपर्ने थियो । म यस्तो भन्छु महाराज! वासभ खत्तिया राजाकै छोरी हुन् । क्षत्रीय राजाको घरमा अभिषेक पनि पाएकी हुन् । विडुडभ पनि क्षत्रीय राजाको कारण जन्म भएका हुन् । आमाको गोत्रले के गर्छ, बाबुको गोत्र नै प्रमाणकर हुन्छ । पहिले पहिलेका पण्डितहरूले दरिद्री दाउरी लाई अग्रमहिषी पदवी दिए । उनीबाट जन्मेको कुमारले बाऱ्ह योजन भएको वाराणसी नगरमा राजा गएर 'कट्ठवाहन महाराज भनी नाम चलाई गए भनी कट्ठवाहन जातकको कुरा बताउनुभयो । (जा. १.१.७) राजाले धर्मकथा सुनेर बाबुको गोत्र नै पर्याप्त रहेछ भनी सन्तुष्ट भएर आमा र छोरा दुवैलाई पहिले जस्तै ऐश्वर्य दिईराखे ।

बन्धुल सेनापतिको पनि कुशीनगरको मल्लिकाकी छोरी मल्लिका नाउँ गरेकी आफ्नी स्त्रीको धेरैकाल सम्म पनि सन्तान भएनन् । अनि त्यसलाई बन्धुलले तिमी आफ्नो माइती कुलघरमै जाउ भनी पठाईदिए । उनी मल्लिकाले शास्ताको दर्शन गरेर मात्र माइतिघर जान्छु भनी जेतवनमा पसेर तथागतलाई वन्दना गरीरहिन् । तथागतले तिमी कहाँ जान लागीरहेकी भनी सोधेपछि भन्ते ! मलाई मेरा स्वामीले माइतिघरमा जाउ भनी पठाउनु भयो । 'के कारणले ?' भनी सोध्नु भएपछि भन्ते ! म थारी भएँ,



Downloaded from http://dhamma.digital/

बालबच्चा नभएकोले गर्दा हो भनी बिन्ति गरिन् । तथागतले यदि त्यसो हो भने तिमी माइतिघरमा जानुपर्दैन, लोग्नेकै घरमा जाउ भनी आज्ञा गर्नुभयो । मल्लिका मन प्रसन्न पारेर शास्तालाई वन्दना गरी आफ्नो घरमा फर्किन् ।

लोग्नेले तिमी किन फर्केकी भनी सोध्दा दशबल शास्ताले मलाई फर्काउनु भयो भनी बताइन् । बन्धुलले दूरदर्शी हुनुभएका तथागतले कुनै विशेष कारण देख्नुभई फर्काई दिनुभयो होला भनी स्वीकार गरीलिए । उनी चाँडै नै गर्भवती भइन् । उनको मनमा दोहल (= महिलाहरू गर्भवती भईरहेको अवस्थामा मनमा हुने इच्छा) उत्पन्न भयो भनी बताइन् । त्यो दोहल के हो ? भनी सोध्दा वैशाली नगरमा गणराज्य परम्पराको अभिशेक गर्ने मङ्गल पुष्करणीमा पसेर स्नान गरी त्यहाँको पानी पिउने इच्छा भयो स्वामी भनी बताएपछि बन्धुलले हुन्छ, तिम्रो इच्छा पूर्ण गरिदिन्छु भन्ने वचन दिएर हजार मानिसको बलले उठाउनुपर्ने धनुष लिएर, स्त्रीलाई रथमा राखी श्रावस्ती नगरबाट बाहिर निस्की रथ हाँक्दै महाली लिच्छवीहरूले दिइराखेको ढोकाबाट वैशाली नगरमा पसे ।

महाली लिच्छवीको पनि ढोका नजिकै बास गर्ने निवासस्थान थियो । उनले ढोका रथले ठक्कर खाएको शब्द सुनेर यो बन्धुलको रथको शब्द हो, आज लिच्छवीहरूलाई भय उत्पन्न हुनेछ भने । मङ्गल पुष्करणी भित्र पनि बाहिर पनि आरक्षा निकै कडा थियो । माथी फलामको जालले ढाकेर राखेको छ । एउटा चरो पनि पस्ने ठाउँ थिएन । बन्धुल सेनापति रथबाट ओर्लेर पालो बसीरहेकालाई बेतको लट्ठीले पिटेर भगाई फलामको जाल काटेर पुष्करणी भित्र पसी स्त्रीलाई स्नान गराई आफुले पनि स्नान गरी उनलाई रथमा चढाई चगरबाट बाहिर निस्की आएकै बाटो फर्के ।

पालेहरूले गएर लिच्छवीहरूलाई त्यो घटना बताए । लिच्छवी राजाहरू रिसाई पाँचसय रथमा चढेर बन्धुल मल्ललाई पक्रन्छु भनी निस्के । महालीले उसलाई नपछ्याउ, उसले हामी सबैलाई मारीदिन्छ भने । तिनीहरूले हामी जान्छौं भने । त्यसोभए उसको रथको पांग्रा आधिचक्का नाभिसम्म जमीनमा धसिएको देखेपछि फर्कनु । त्यहाँबाट पनि फर्केनौ भने अगाडी पट्टी फलामको जस्तो शब्द सुनेपछि त्यस ठाउँबाट फर्कनु, त्यहाँबाट पनि फर्केनौ भने तिमीहरूको रथको छानामा प्वाल देखिन्छ त्यस ठाउँबाट फर्कनु, त्यहाँबाट अगाडी जाने प्रयास नगर्नु भने । तिनीहरूले उनको वचनलाई वास्ता नराखी पछ्याउँदै गए । मल्लिकाले पछाडी फर्केर हेरी, रथ देखियो भनी बताइन् । त्यसोभए एउटामात्र रथ देखिएपछि मलाइ भन्नु भने । उनले जब सबै रथ सिधा भई एउटा मात्र अगाडीको रथ देखिएपछि अब एउटामात्र रथ देखियो स्वामी भनी बताइ । बन्धुलले त्यसो भए यो लगाम तिमीले समातीराख भनी उसलाई लगाम समाउन दिएर रथमै बसेर धनुषमा तान चढाए ।

रथको पांग्रा नाभिसम्म भूमिमा धस्सिएर गयो । लिच्छवीहरू त्यस्तो भएको देखी देखी पनि फर्केनन् । फेरी अलि पर गएर धनुषको तान चड्काए । फलामको शब्द निस्के जस्तै शब्द निस्के । तिनीहरू त्यहाँबाट पनि फर्केनन् । पछ्याई रहेकालाई बन्धुलले रथमै बसेर एउटा तीरले हाने । त्यो तीरले पाँचसय रथको छानामा प्वाल पारेर पाँचसय लिच्छवी राजाहरूको पटुका बाँधीराखेको ठाउँमा कम्मर छिचोलेर पृथ्वीमा पसे । तिनीहरूले आफुलाई तीर लागेको भाव थाहा नपाई अरे! पर्ख पर्ख भन्दै लखेट्दै गरे । बन्धुलले रथ अड्याई तिमीहरू सबै मरीसकेका छौं, मरेकासंग म युद्ध गर्दिन भने । के हामीजस्ता मरेका हुन्छन् र ? भनी सोधेपछि त्यसो भए सबैभन्दा अगाडी बस्नेको पटुका फुकालेर हेर भने । उसले पटुका फुकाल्नेबित्तिकै त्यो त्यहिं मरेर लडे । अनि उसले तिमीहरू सबै कवच छाडेपछि यस्तै हुनेछ । आआफ्ना घरमा गएर परिवारहरूलाइ बताउनुपर्ने कुरा बताई स्त्री पुत्रहरूलाई अनुशासन अववाद गरेर मात्र कवच फुकाल्नु भनी भने । तिनीहरू सबैले त्यस्तै गरेर प्राण त्याग गरी मृत्यु वरण गरे ।

बन्धुलले मल्लिकालाई श्रावस्तीमा फर्काए । उनले सोऱ्हपटक सम्म एक एक जोड छोरा जन्माइन् । सबै नै शूर वीर बलवान भई निस्के । सम्पूर्ण शिल्प-विद्यामा सम्पूर्ण रूपले पारङ्गत भए । एक एक जनाको एक एक हजार परिवार भए । बाबुसँग राजदरवारमा जाँदा पटांगिनी सबै तिनीहरूले नै भरिन्थे ।

त्यसपछि एकदिन न्यायालयमा झगडा हारेर फर्केका मानिसहरूले बन्धुल आइरहेको देखेर ठूलठूला स्वरले कराई न्यायाधीशले बेइमान गरेको कुरा बताए । उसले न्यायलयमा गई त्यो मुद्दा उल्टाई वस्तुको वास्तविका हकदारलाई नै मालिक तुल्याई, हार्नेलाई जिताई, जित्नेलाई हराइदियो । धेरै जनाले ठूलो स्वरले साधुकार दिए । राजाले यो केको शब्द भनी सोधी यसको कारण जानेर प्रसन्न भई ती सबै न्यायाधीशहरूलाई निकाली बन्धुललाई नै न्याय निसाफ गर्ने काममा लगाइदिए । उनले त्यस बेलादेखी राम्रोसंग निश्पक्ष रूपले न्याय निसाफ गरीरहे । ती पुराना न्यायाधीशहरू घुस खान नपाई कमाइ घटेर गयो ।

अनि बन्धुलले राज्य लिन ताकि रहेको छ भन्ने कुरा राजाकहाँ गएर चुक्लि लगाउन गए । राजाले तिनीहरूको कुरा सुनेर आफ्नो चित्तलाई थाम्न सकेनन् । यिनीहरूलाइ यहिं नै माऱ्यो भने निन्दा चर्चा उत्पन्न हुनेछ भनी मनमा सम्झे । आफैले अऱ्हाई पठाएका मानिसहरूले प्रत्यन्त प्रदेशमा उपद्रब मचाउन लगाई बन्धुलाई डाक्नपठाई प्रत्यत्न प्रदेश कपित भइरहेछ "तिमी र तिम्रा छोराहरूसँगै गएर उपद्रव शान्त गर्न जाउ" भनी अऱ्हाई पठाएर, उसलाई त्यहिं बतीस छोराहरू सहित टाउको काटेर ल्याउ भनी



Downloaded from http://dhamma.digital/

तिनको पछि पछि अरू समर्थ भएका बलवान योद्धाहरू पठाइदिए । तिनीहरू प्रत्यन्त प्रदेशमा पुग्नेबित्तिकै सेनापति आइरहेको छ भन्ने खबर थाहापाई उपद्रव गराइराखेका चोरहरू भागे । बन्धुल त्यो प्रदेश शान्त गरी फर्के ।

अनि तिनीहरू नगर भन्दा केही पर पुग्नेबित्तिकै राजाले पठाएका योद्धाहरूले छोराहरू सहित सबैको टाउको काटिदियो । त्यसदिन भने मल्लिकाले पाँचसय भिक्षु सहित दुवै अग्रश्रावकहरूलाई आफ्नो घरमा भोजन निमन्त्रण गरिराखेका थिए । अनि उनीकहाँ बिहानै तिम्रा छोराहरू सहित स्वामीको टाउको काटे भन्ने पत्र आयो । उनले त्यो समाचार जानेर (दानमा बिघ्न होला भनी) कसैलाई केही एक वाक्य सम्म पनि नभनी पत्र पटुकाभित्र कोचेर भिक्षुसंघलाई खुवाउने पिलाउने काममा जुटीरहिन् ।

अनि उनका परिचारिका सखीहरूले भिक्षुसंघलाई भोजन अर्पण गरी घिउ भएको भाँडो ल्याइरहेको बेलामा स्थविरहरूको अगाडी हातबाट छुटेर फुटे । धर्मसेनापतिले फुट्ने स्वभावधर्म भएको फुटेर गयो यसमा कुनै अफशोच नगर भन्नुभयो । उनले आफ्नो पटुकामा कोचीराखेको पत्र निकालेर देखाई बत्तीस ओटा छोराहरू सहित बाबुको टाउको काटियो भनी यो पत्र ल्याइदिंदा पनि अपशोच गरिन भने यो घिउको भाँडो एउटा फुट्दा अफशोच गर्ला र भन्ते? भनी बिन्ति गरिन् । धर्मसेनापतिले “अनिमित्त अनञ्ञातं मचचानं इध जीवितं” आदि धर्मदेशना गरी आसनबाट उठेर विहारमा फर्कनुभयो । मल्लिकाले पनि बत्तीसवटी बुहारीहरूलाई डाक्न पठाई “तिम्रा स्वामीहरू निरपराध भएर पनि आफ्ना पहिले पहिलेका कर्मफल भोग गर्नुपर्‍यो, तिमीहरूले शोक नगर्नु राजाप्रति पनि द्वेष भाव नराख्नु” भनी सम्झाई बुझाई राखे ।

राजाका जासूसहरूले यो कुरा सुनेर राजाकहाँ गएर छोराहरू सहित बन्धुल मल्लको कुनै दोष छैन भनी बिन्ति गर्नगए । राजाले अफशोस गरी उनको घरमा गएर मल्लिका र उनका बुहारीहरूसँग क्षमा मागेर मल्लिकालाई बर माग भनी भने । मैले बर पाए समानै भयो भैगो भनी त्यस घरमा मृतक भोजन दान गरी स्नान गरी राजालाई भेटेर “महाराज! तपाईले मलाई बर दिन्छु भन्नुभयो । मलाई अरू केही बर चाहिएको छैन, म र मेरा बत्तीस ओटि बुहारीहरूलाई आफ्नो कुलघरमा जाने अनुमति दिनुहवस“ भनी बिन्ति गरे । राजाले अनुमति दिए । उनले बत्तीसओटि बुहारीहरूलाई आआफ्ना कुलघरमा पठाईदिइन् । आफु पनि कुशीनगरमा आफ्नो कुलघरमा नै फर्किए ।

राजाले बन्धुल सेनापतिकै भाञ्जा दीर्घकारायणलाई सेनापतिको पदवि दिए । उसले निरपराधि मेरा मामालाई मारीदियो भनी राजालाई पछार्ने मौका ताकीरहयो । राजा पनि निरपराधी बन्धुललाई मारेदेखि पश्चाताप गरेर चित्तमा अशान्ति भई राजसुख अनुभव गरिरहन सकेनन् । त्यस बखत शास्ता शाक्यहरूको उलुम्प भन्ने निगममा बास गर्नुभएको थियो । राजा त्यहाँ गएर आश्रमको नजिकै पाल टाँगेर बास बसी, थोरै परिषद लिएर शास्ता दर्शन भनी विहारमा पस्न पाँच प्रकारका राजककुध भाण्ड ( १. श्वेतछत्र, २. खड्ग, ३. मुकुट, ४. खराउ र ५. चमर) दीर्घकारायणलाई दिएर आफु एक्लै गन्धकुटीमा प्रवेश गरे । अरू विस्तर सबै “धम्मचेतिय” सूत्र (म.नि. २.३६४) मा भनिए अनुसार जान्नुपर्‍यो ।

राजा गन्धकुटि पस्ने बित्तिकै कारणले ती राजककुध भाण्ड लिएर गई विडुडभलाई राज्याभिषेक गरिदियो । राजालाई त्यहाँ एउटा घोडा र उपस्थान सेना गर्नुको निम्ति दासी एउटी मात्र छाडी गए । राजा शास्तासँग कुशलवार्ता गरी धर्मश्रवण गरीसकेपछि बाहिर निस्कँदा सेना सिपाहिहरू नदेखेर ती दासीसँग सोधी त्यो समाचार जानी भाञ्जा (अजातशत्रु) लाई लिएर गई विडुडभलाई पक्रन्छु भनी राजगृहमा गइरहेको बेलामा अबेला भई नगरको ढोका बन्द भैसक्दा त्यहाँ पुगेकोले एउटा शालामा बास बसेर हावा-घामले क्लान्त भई थकाई लागेका राजा रातमा शालामा नै परलोक भए । रात बितेर बिहान भएपछि “महाराज कोशल राजा अनाथ भई स्वर्ग भयो” भनी बिलाप गरिरहेकी ती दासीको शब्द सुनेर राजाकहाँ बिन्ति गर्न गए । त्यो राजाले आफ्ना मामालाई ठूलो सत्कार सम्मानपूर्वक अन्तिमसंस्कार गर्न लगायो ।

विडुडभले पनि राज्यलाभ गरी पहिलेको वैरलाई सम्झेर सारा शाक्यहरूलाई मार्नुपर्‍यो भनी ठूलो सैन्य लिएर निस्के । त्यसदिन शास्ताले प्रत्यूस समयमा लोकमा ध्यानद्वारा हेर्नुभई, आफन्तहरू विनाश हुने देखी ञातिगणलाई संग्रह गर्न योग्य छ भनी चिन्तन गर्नुभई बिहानको प्रहरमा भिक्षाचार गरी भोजनोपरान्त गन्धकुटीमा सिंहशै®यामा केहि क्षण आराम गर्नुभई सन्ध्या समयमा आकाशमार्गबाट पाल्नुभई कपिलवस्तु सिमानाको अन्तमा एउटा अलि अलि छायाँ भएको रूखमुनि बस्नुभयो । त्यहाँबाट अलिपर विडुडभको राज्य सिमाना भित्र ठूलो बाक्लो छायाँ भएको एउटा न्यग्रोध (बर)को रूख थियो । विडुडभले शास्तालाई देखेर नजिकै गएर वन्दना गरी “भन्ते! कुन कारण यत्तिको गर्मी समयमा यो छायाँ धेरै नभएको रूखमुनि बस्न आउनुभयो ? उता मेरो राज्यभित्र परेको बाक्लो छायाँ भएको बहरको रूखमुनि पाल्नुभई बस्नुहवस ।” भन्दा “महाराज! आफन्तहरूको छायाँ भनेको शितल हुन्छ ।” भन्नुभयो । विडुडभले आफन्तहरूको रक्षा गर्न शास्ता पाल्नुभएको होला भन्ने बुझी तथागतलाई वन्दना गरी श्रावस्तीमा नै फर्किए । शास्ता पनि आकाश मार्गबाटै जेतवनमा फर्कनुभयो ।



Downloaded from http://dhamma.digital/

राजाले शाक्यहरूको दोषलाई सम्झेर दोश्रो पटक पनि सेना लिएर आउँदा त्यस्तै नै शास्ता छायाँ धेरै नभएको रूखमुनि बसीरहनभएको देखी फेरी फर्केर गए । तीन पटक सम्म फर्केर गएपछि चौथो पटकमा शाक्यहरूलाई मार्न भनी निस्कंदा शास्ताले शाक्यहरूको पहिलो जन्ममा गरी आएको कर्मलाई दिव्यचक्षुले देख्नुभई तिनीहरूले पहिले एकदिन नदीमा दोष राखेको पापकर्मलाई रोकीराख्न सकिंदैन भन्ने भाव जानेर त्यो रूखमुनि बस्न जानुभएन । विडुडभले शाक्यहरूलाई मार्न धेरै सेना जम्मा गरेर आए । सम्यक्सम्बुद्धका आफन्तहरूले आफु मरेर जानु परेपनि अरूलाई प्राणीहिंसा गरेनन् । तिनीहरूले चिन्तना गरे- "हामीहरू शिक्षित भैरहेका, धर्म गरीरहेका, उपासना गरीरहेका, हिंसा नगर्ने भइरहेका हामीले अरूको हत्या गर्न सकिंदैन । आफ्नो हस्त-शिल्प दक्षता देखाई यिनीहरूलाई भगाउनु पऱ्यो" भनी तिनीहरूले कवच पहिरेर बाहिर निस्की युद्ध गर्न थाल्यो । तिनीहरूले हानेका बाणहरू विडुडभका सैन्यहरूको बीचबीचबाट निस्केर गए । फलेकको मुनिबाट, कानको प्वालबाट छिरेर गएजस्तो भयो । विडुडभले यसरी बाण निस्केर गएको देखेर "साथी हो ! शाक्यहरूले प्राणहिंसा गर्दैन भनेको होइन ? यहाँ भने हाम्रा मानिसहरूलाई घात गर्दैछन्" भने ।

अनि उसलाई अर्को एकजनाले भन्यो "कसो स्वामी ! फर्केर हेर्नुहोस् तपाईले हाम्रा मानिसहरू नाश गरीरहचो भन्नुभयो, तपाईका मानिसहरू एकजना पनि मरेका छैनन् । नपत्याउनुभए गनेर हेर्नुहोस् । उसले गनेर हेर्दा एकजना मानिस पनि घटेको पाएन । अनि त्यहाँबाट फर्केर हे सैन्य हो! जजस्ले म शाक्य हुँ भन्छ, तिनीहरू सबैलाई मार । मेरा बाज्ये महानाम शाक्यकहाँ रहेका हरूलाई मात्र जीवन दान देउ भनी आज्ञा दिए । शाक्यहरूले केही समाउने वस्तु नदेखेर कुनैले घाँसको त्यान्द्रा एउटा टोकेर बसे कुनैले नल (=निगालो) समाती रहे । तिनीहरूसँग तिमीहरू शाक्य हौ ? भनी सोधेपछि जसबाट तिनीहरू मरेरै जानुपरेता पनि झूठ कुरा गर्न नपरोस, त्यसैले घाँसको त्यान्द्रो टोकीराखेकाले "यो शाक्य होइन, घाँस हो" भने । निगालो समातेकाले यो शाक्य होइन निगालो हो भनी उत्तर दिए । तिनीहरू मध्ये महानाम शाक्यकहाँ बसेकाले जीवन लाभ गरीलिए । घाँस टोकी रहेका तिण-शाक्य भए नल समाइ राख्ने नल-शाक्य भन्ने नाउँ रहे । अरू सबै शाक्यहरू दुधखाने दुधेबालकहरू समेतलाई मार्न लगाई रगतको खोलो बगाएर शाक्यहरूको गर्धन काटेर निस्केको रगतले पीढा पखाल्न लगाइयो । यसरी विडुडभले शाक्यवंशलाई नाश गरीदियो ।

उनी महानाम शाक्यकहाँ फर्केर आई बिहान जलपान गर्ने समयमा जलपान गर्न भनी एक ठाउँमा बसेर भोजन ल्याएपछि बाज्येसँगै बसेर खान्छु भनी बोलाउन पठाए । क्षत्रीय भनेका जीवन नै त्याग्न परेपनि दासीपुत्रहरूसँग बसेर खाँदैनन् । त्यसकारण महानाम शाक्यले एउटा पोखरी देखेर शरीर अशुद्ध छ पहिले स्नान गरौ भने । हुन्छ बाज्ये स्नान गर्नुहोस् भनेपछि यसले मलाई सँगै बसेर खाएन भने मार्नेछ । त्यसरी मर्नु भन्दात आत्महत्या गरेर मर्नु नै उत्तम छ भनी आफ्नो केश फुकाई टुप्पामा गाँठो लगाई दुबै खुट्टा कपालको गाँठोभित्र घुसाई पानीमा डुबे । उसको गुण तेजले गर्दा नागभवन सबै तात्तिएर आयो । नागराजाले यो के भयो भनी विचार गरी हेरी उनको नजिक आएर उसलाई आफ्नो फणमाथी राखेर नागलोकमा लगे । उनी त्यहाँ बान्ह वर्षसम्म रहे ।

विडुडभ मेरा बाज्ये अहिले आउँला अहिले आउँला भनी बसेर पर्खदा पर्खदा धेरैबेर सम्ममा पनि नआएपछि घरमा खोज्न पठाई कहिं अँध्यारोमा लुकेर बसेको छकि भनी बत्ति बालेर समेत खोज्न लगाउँदा पनि नदेखेपछि कहिं भाग्यो होला भनी छाडी गए । उनले रातको समयमा अचिरवती नदीको तीरमा पुगेर त्यहाँ पाल टाँग्न लगायो । कुनै-कुनै नदीको बीचमा पानी नभएको सेतो बालुवा भएको ठाउँमा सुत्न गए । कुनै नदी बीचको टापूमा सुत्न गएपनि पहिले पाप गरी नआएकालाई केहि भएन, पाप गरी राखेकाहरू सुत्न गएको ठाउँमा कमिलाहरू निस्के भनी नदीको बीचमा गई उभिन गए । नदीको बीचमा सुतीरहेकाहरू पहिले पाप गरी नआएकाहरूकहाँ कमिलाहरू निस्केर त्यहाँबाट उठेर गई अग्लो ठाउँमा पानीले नभेटिने ठाउँमा सुत्न गए । त्यस बेला बादल उठेर माथीतिर घनघोरसँग पानी परी नदीमा बाढी आएर विडुडभ सहित तिनका परिषदहरू नदीले बगाएर समुद्रमा पुऱ्याइदियो । त्यहाँ तिनीहरू सबै माछा कछुवा आदि जलचरहरूको आहारा बने ।



Downloaded from http://dhamma.digital/

# कंजूस कोसिय महाजनको कथा

"यथापि भमरा पुप्फं" भन्ने यो धर्मदेशना शास्ता श्रावस्तीमा बसिरहनु भएको बेलामा मच्छरिय कोसिय महाजनको कारणमा बताउनु भएको हो ।

राजगृह नगरको नजिकै सक्कार नामको एउटा निगम थियो । त्यहाँ मच्छरिय कोसिय नामको अस्सी करोड धन भएको एक महाजन वास गर्थ्यो । उसले घाँसको टुप्पोले टिपेको तेल सम्म पनि अरूलाई दिँदैनथ्यो । न आफुले परिभोग गर्थे । उनीसंग भएका त्यत्तिको धन सम्पत्ति न स्त्री पुत्रहरूलाई खुवाउँथ्यो, न श्रमण ब्राह्मणहरूलाई दिन्थे । राक्षसले रक्षा गरीराखेको पुष्करणी जस्तै अभोग्य थियो । एकदिन शास्ता प्रत्युस समयमा महाकरूणा समापत्तिबाट उठ्नुभई सम्पूर्ण लोकधातुमा बोध हुनसक्ने बन्धुहरूलाई ध्यानदृष्टिबाट हेर्नुहुँदा पैतालिस योजन टाढा बसिरहेका ती महाजनको सेठनी सहित श्रोतापन्न हुने सौभाग्यलाई देख्नु भयो । त्यसको अघिल्लो दिन त्यो महाजन राजाको सेवाको निम्ति राजदरवारमा गई राजालाई गर्नुपर्ने सेवा सत्कार गरि फर्किरहेको बेलामा बाटोमा भोकाएको जनपदको एक व्यक्तिले मासको बारा, चामलको रोटी खाइरहेको देखेर त्यो रोटी खाने इच्छा उत्पन्न गरी आफ्नो घरमा फर्केर यसरी बिचार गरे "यदि मैले बारा खाउँ भन्यो भने मसंगै खाने निकै मानिसहरू हुनसक्छ । यसरी धेरै नै तिल, चामल, सक्खर खुदो आदि खर्च गर्नुपर्ने हुन्छ । तसर्थ कसैलाई भन्दिन" भनी खान मनलागेको तृष्णालाई दबाई राख्यो । हुँदा हुँदा समय बितेर गएपछि झन् झन् दुब्लाउँदै गएर शरीरको नशाहरू समेत देखिने भयो । त्यसपछि खान इच्छा भएको तृष्णालाई सहन नसकी कोठाभित्र पसेर खाटमा पल्टिई रहे । त्यस्तो हुँदा पनि धन नाश हुने भयले गर्दा यो कुरा कसैलाई बताएन ।

अनि उनकी स्त्री नजिकै गएर कम्मर सहलाउँदै तपाईलाई के तकलिफ भयो स्वामी ! भनी सोधिन् । मलाई कुनै तकलिफ भएको छैन भने । के तपाईदेखि राजा रिसाउनु भयोकि ? भनी सोध्दा मदेखि राजा रिसाउनुभएको छैन भने । कतै तपाईका छोरा-छोरीहरू अथवा नोकर चाकरहरू देखि चित्त दुखाउनु भएको हो ? भनी सोधिन् । यस्तो पनि केही भएको छैन भनी उत्तर दियो । यस्तो होइन भने कुनै खाने पिउने चीज वस्तु देखेर खान मनलाग्ने तृष्णा जाग्यो कि ? भनी सोधेपछि धन हानी हुने भयले केहि नबोलिकन त्यसै पल्टिई रह्यो । अनि साहुनीले भन्नु हवस् स्वामी ! तपाईलाई के खान मनलाग्यो ? भनि धेरैपटक सोधिन् । उसले कुरा निलेझैं गरी मलाई एक थोक खाने तृष्णा भएको छ भने । त्यो तृष्णा के हो ? भनी सोधेपछि बारा रोटी खाने इच्छा भैरहेको छ भनी बिस्तारै बताए । त्यसो भए किन मलाई केहि नभन्नुभएको ? तपाईको धन नभएको होइन, अहिल्यै सम्पूर्ण निगमबासीलाई समेत पुग्नेगरी बारा पकाई दिउँ भने । अहो! तिनीहरूले आआफ्नो काम गरेर खाईहाल्छनि । त्यसो भए हाम्रो टोलका मानिसहरूलाई पुग्नेगरी बारा पकाइदिउँत भनी सोधे । तिमीसँग निकै धन छ भन्ने कुरा मलाई थाहा छ भनी जवाफ दिए । त्यो पनि मन नपरे हाम्रो घर र खेतमा रहेका मानिसहरूलाई पुग्नेगरी पकाउँछु, भन्दा तिम्रो अत्यन्त उदार भाव मलाई थाहा छ भने । त्यसोभए तपाइको स्त्री पुत्रहरूलाई मात्र पुग्ने गरी बारा पकाइदिन्छु भन्दा तिनीहरू किन चाहियो भनी जवाफ दियो । यो पनि मन नपरे तपाई र मलाई पुग्ने मात्र रोटि पकाउँछु भनेपछि तिमीलाई पनि पकाउनुपर्ने कारण के छ र भनी हप्कायो । त्यसो भए भइहाल्यो तपाई एक्लैलाई मात्र पुग्ने गरी बारा पकाइ दिउँला हुन्न ? भनी भने ।

यहाँ तल रोटि पकायो भने धेरैले बारा ख्वाउँछकि भनी आशा लिएर आउने छन् भनी सिंगो सिंगो चामल एकातिर पन्छाई काटिएको कनिका चामल र मास चुलो तावा आदि लिएर अलिकति दूध घिउ मह र सक्खर लिन लगाई साततले प्रासादको सबभन्दा माथिल्लो तलामा उक्ली रोटी पकाउन जाउ । त्यहाँ म एक्लै बसेर रोटि खान्छु भने । सेठनीले हवस भनी स्वीकार गरी चाहिंदो सामान सबै लिन लगाई प्रासादमा उक्लेर दास दासीहरू सबैलाई त्यहाँबाट फर्काई सकेपछि महाजन सँगै गएर तलैदेखि ढोका थुन्दै सबै खापाहरूमा चुकुल राखी साततले प्रासाद माथी चढी त्यहाँ पनि ढोका थुनी चुकुल राखी बसे ।

सेठनीले चुल्होमा आगो बाली तावा बसाली बारा पकाउन थाल्यो । त्यसबेला शास्ताले बिहान सबेरै महा मौद्गल्यायन स्थविरलाई बोलाउनुभयो । "हे मौद्गल्यायन राजगृह नगर नजिकै सक्खर नामको निगममा मच्छरिय महाजनले बारा रोटी खान भनी अरूले देखिने डरले साततले प्रासाद माथी बसेर बारा पकाउन लगाइरहेको छ, तिमी त्यहाँ गएर महाजनलाई दमन गरी लोभरूपी विष नहुने तुल्याई दुवै दम्पत्तिलाई बारा, रोटि र दूध, घिउ, मह, सक्खर समेत लिन लगाई आफ्नो ऋद्धिबलले जेतवनमा लिएर आउ । आज म पाँचसय भिक्षु सँगै यही विहारमा बसेर बारा, रोटी मात्र भोजन गर्छु" भनी आज्ञा गर्नुभयो ।

स्थविरले साधु भन्ते ! भनी शास्ताको वचनलाई शिरोपर गरी तुरून्तै आफ्नो ऋद्धि बलले त्यस निगममा जानुभई तिनीहरूको त्यो सुशोभित भैरहेको झ्याल बाहिर राम्रोसँग चीवर पारूपन गरी भिक्षापात्र लिएर आकाशमा उभिईरहेको मानिसको मूर्तिझैं उभिई रहनुभयो । महाजनलाई स्थविर देख्नेबित्तिकै हृदय कम्पमान भयो । म यस्ताहरूकै भयले यस ठाउँमा आएर बसिराखेको छु, यो भने आएर झ्यालको अगाडि नै उभिन आयो, भनी हिर्काउने कुनै चीज अगाडि नदेखी आगोमा राखेको नून



Downloaded from http://dhamma.digital/

जस्तै चिटि चिटि शब्द निकाली रिसाउँदै भने “हे श्रमण ! त्यहाँ आकाशमा उभिएर मात्र तिमीले के पाउँछौ, पाइलाको चिन्ह नदेखिने ठाउँमा पाइलाको चिन्ह देखिने गरी चंक्रमण गरि रहेपनि यो रीति प्राप्त हुँदैन” भने । स्थविरले सोही झ्यालको अगाडी आकाशमा यताबाट उता उताबाट यता चंक्रमण गर्नुभयो । महाजनले त्यसरी चंक्रमण मात्र गरेर कसरी प्राप्त हुन्छ, आकाशमा पलेंटि मारेर बसेर देखाए पनि प्राप्त हुँदैन भने । स्थविर आकाशमा झचालको अगाडी पलेंटि मारेर बस्नुभयो । अनि महाजनले स्थविरलाई भने “त्यसरी आकाशमा बसेर मात्र तिमीले के पाउँछ र ? आएर झ्यालको नजिकै उभिन आए पनि केहि दिन्न ।” स्थविर झ्यालको नजिकै भिक्षापात्र लिएर उभिई रहनु भयो । अनि महाजनले “त्यसरी बाहिर मात्र बसेर के लाभ हुन्छ ? सिंगै घर धुँवाले भरीदिए पनि केहि दिन्न” भन्यो । स्थविरले आफ्नो ऋद्धिद्वारा प्रासाद जम्मै धुँवाले टन्न भरीदिनुभयो । महाजनको आँखामा सियोले घोचे जस्तै पिरो भयो । “घरमा आगो लगाई दिए पनि दिन्न” भन्ने आँट गर्न सकेन । यो श्रमणले हामीलाई निकै नै पछचाई रह्यो, रोटि नलिईकन यहाँबाट जाने भएन । यसलाई एउटा बारा दिएर पठाउनु पऱ्यो भनी मनमा लिएर साहुनीलाई भन्यो “प्रिये ! सानु एउटा बारा रोटि पकाएर यो श्रमणलाई पठाइदेउ ।” साहुनीले सानु एउटा बारा पकाउँछु भनी तावामा अलिकति मात्र वस्तु के राखेको थियो तावा भर्ने गरी टन्न ठूलो रोटि बन्न पुग्यो ।

महाजनले यो देखेर तिमीले धेरै मास तावामा राख्यौ होला, भनी आफै आएर डाडुको टुप्पाले अलिकति मात्र मास लिएर तावामा राखे । बारा रोटी सेठ्नीले राखेको भन्दा पनि ठूलो भएर आयो । यसरी ६६ पटक सम्म बारा रोटी झन् झन् ठूलो हुँदै आयो । महाजन खिन्न भएर साहुनीलाई भने “प्रिये ! भैगो यो श्रमणलाई एउटा रोटि दिएर पठाइ देउ ।” उसले डालोमा राखेको बारा रोटी एउटा लिन लाग्दा त्यसमा भएको रोटि सबै टाँसिएर एक ढिक्का भइदियो । अनि साहुनीले महाजनलाई भन्यो “स्वामी रोटी सबै टाँसियो, मैले एउटा पनि छुटचाउन सकिन” महाजनले म छुटचाउँछु भनी टाँसिई रहेको बारा रोटी छुटचाउने कोशिस गर्दा गर्दा छुटाउन सकेन । दम्पत्ति दुवैले दुइतिर कुनामा समातेर आफुसँग भएभरको बल तागत लगाई तानातान गर्दा पनि एउटा रोटी छुटाएर लिन सकेनन् । महाजनलाई बारा रोटी एक- एक ओटा छुटचाई लिन कोशिस गर्दागर्दै शरीरमा खल-खल पसिना निस्कियो । रोटी खाने लालच पनि हराएर गयो । अनि साहुनीलाई भन्यो “प्रिये ! अब मलाई बारा रोटी खाने इच्छा पनि छैन, डालो सिंगै नै यो श्रमणलाई दिएर पठाउ ।” साहुनी डालो लिएर स्थविरको नजिक गइन्, स्थविरले दुवैलाई धर्मोपदेश गर्दै त्रिरत्नको गुण प्रकाश गर्नुभयो “दान पुण्यको फल छ ।” भनीकन दिनुभएको दानादिको फल आकाशमा रहेको चन्द्रमा जस्तै प्रकट गरी देखाउनु भयो ।

यो कुरा सुनेर प्रसन्न भएका महाजनले “भन्ते ! भित्र पाल्नुभई यो आसनमा बसेर बारा रोटी खानु हवस” भनी प्रार्थना गरे । स्थविरले “हे महासेठ ! सम्यकसम्बुद्ध तपाईको बारा रोटी भोजन गर्छु” भनी पाँचसय भिक्षुहरू सँगै जेतवन महाविहारमा प्रतिक्षा गरिरहनु भएको छ । यदि तपाईको इच्छा भए साहुनीलाई यो रोटि र दूध, घिउ, मह आदि समाउन लगाई शास्ताकहाँ जान्छु” भन्नुभयो । “अहिले यो समयमा शास्ता कहाँ हुनुहुन्छ भन्ते !” “यहाँबाट पैतालिस योजन टाढा श्रावस्ती जेतवन महाविहारमा हुनुहुन्छ, महाजन” भन्नुभयो । “भन्ते ! समय नबित्दै हामी त्यत्तिको लामो बाटो कसरी जाने ? “हे महाजन ! तपाईको इच्छा मात्र भयो भने तपाईहरूलाई मैले आफ्नो ऋद्धिबलले त्यहाँ पुऱ्याईदिन्छु । तपाईंहरूको प्रासादमा भरेङ्गको माथिल्लो खुड्किलो हुन्छ भने भरेङ्गको अन्तको खुड्किलो जेतवन विहारको ढोकामा हुनेछ । प्रासादको बुईगलबाट तल झरेजस्तै तपाईहरू जेतवन विहारमा पुग्नुहुनेछ” भनेपछि “त्यसोभए हुन्छ” भनी महाजनले सहमति जनायो ।

स्थविरले भरेङ्गको सिरानी त्यहिं नै भएर भरेङ्गको तल्लो भाग र छिंडिबाट निस्कने ढोका जेतवन विहारको ढोकामुनि पर्न जावोस् भनी अधिष्ठान गर्नुभयो । त्यो त्यस्तै भयो । स्थविर, महाजन र महाजननी प्रासादबाट तल झर्नुभन्दा पहिल्यै जेतवनमा आइपुग्नुभयो । महाजनको दुई दम्पत्ति प्रसादबाट ओर्ली शास्तासँग भेटी भोजनको सूचना निवेदन गरे । शास्ता भोजनशालामा पुग्नुभई बिछचाई राखेको बुद्धासनमा बस्नुभयो । भिक्षुसंघले पनि त्यस्तै गर्नुभयो । महाजनले बुद्ध प्रमुख भिक्षुसंघलाई दक्षिणोदक पानी दिएर हात धुन लगायो । महाजननीले तथागतको भिक्षापात्रमा बारा रोटी राखीदियो । शास्ताले आफुलाई चाहिंदो मात्र लिनुभयो । पाँचसय भिक्षुहरूले पनि आफुलाई चाहिंदो मात्र लिए । महाजनले दूध, घिउ, मह, सक्खर आदि पनि राखे । शास्ताले पाँचसय महाभिक्षुसंघ सँगै रोटि भोजन गरी सिध्याउनु भयो । महाजन पनि महाजननी सँगै आफुलाई चाहिंदो बारा रोटि लिएर भोजन गरे । रोटि घटेको देखिएन । सम्पूर्ण विहारमा बसेका भिक्षुहरूको रहल पहल खानेहरूलाई समेत पेटभरी खुवाउँदा पनि रोटि सकिएन । 'भन्ते ! रोटि सकिएर गएन' भनी तथागतकहाँ बिन्ति गर्न गए । त्यसो भए उब्रिएको रोटी जेतवन विहारको ढोका अगाडी बाहिर लगी खन्याइ दिनु भनी आज्ञा भएपछि तिनीहरूले ढोका अगाडी केहि पर थुम्कामा लगेर खन्याई दिए । आजसम्म पनि त्यो ठाउँलाई कपल्लकपूवपब्भार (बारा रोटी खन्याएको थुम्को) भन्ने नाउँ प्रख्यात भैरहेको छ । महाजन आफ्ना पत्नीसँगै तथागतकहाँ गएर एक छेउमा बसे । तथागतले भुक्तानुमोदन धर्मदेशना गर्नुभयो । अनुमोदना धर्मदेशनाको अन्तमा दुवै दम्पत्ति श्रोतापत्ति फलमा प्रतिष्ठित भएर शास्तालाई वन्दना गरी जेतवन विहारको बलेंसिबाट भरेङ चढेर आफ्नो प्रासादमा आईपुगे ।



Downloaded from http://dhamma.digital/

त्यसबेला देखि महाजनले आफ्नो अस्सी करोड धन सम्पत्ति बुद्धशासन अभिवृद्धिको निम्ति मात्र खर्च गरे । भोलिपल्ट सन्ध्या समयमा धर्मसभामा भेला भइरहेका भिक्षुहरूले "देख्यौ, आयुष्मान हो ! महामौद्गल्यायन स्थविरको आनुभावले लेश मात्र पनि श्रद्धा नभएका, आफ्नो सम्पत्ति आफुले पनि अनुभोग नगर्ने कंजूस महाजनलाई क्षणभरमा नै दमन गरी जितेर व्यवहार कुशल पारी बारा रोटि समात्न लगाई जेतवनमा ल्याएर शास्ताको अगाडि राखी श्रोतापत्ति फलमा प्रतिष्ठित गराइ दिनुभयो । अहो ! अत्यन्त महान आनुभाव भएको महास्थविर हो भनी स्थविरको गुणगान गरीरहे । शास्ता त्यहाँ पाल्नुभई हे भिक्षु हो ! यस बेला तिमीहरूको कुन विषयमा कुरा चलीरहेको छ भनी सोध्नु भई यो विषयमा कुरा भैरहेछ भनी बिन्ति गरेपछि, भिक्षु हो ! कुललाई दमन गर्ने भिक्षुले श्रद्धालाई नबिगारी, भोग सम्पत्तिलाई नबिगारी, कुल गृहस्थको बाधक नबनी फूलमा रहेको रस फुललाई कुनै बाधा नहुने गरी रस झिकेर लाने भमराको जस्तै तिनीहरूको नजिक गएर बुद्ध गुण विदित गराउन सक्नुपर्छ, मेरा पुत्र मौद्गल्यायन पनि त्यस्तै हो भनी स्थविरको गुणलाई प्रशंसा गर्नुहुँदै यो गाथा आज्ञा गर्नुभयोः

यथापि भमरो पुप्फं, वण्ण गन्धं अहेठयं ।

पलेति रसमादाय, एवं गामे मुनी चरे ॥

अर्थ - जसरी भमराले फूलको वर्ण र सुगन्धलाई कुनै नोक्सान नहुने गरी त्यसमा भएको रस लिएर जान्छ, त्यसरी नै भिक्षु पनि कसैलाई तकलिफ नहुनेगरि गाउँ-गाउँमा चारिका गर्नुपर्दछ ।

पदार्थ - त्यहाँ "भमरो" भनी कुनै मह पार्ने माहुरीलाई भनेको हो । "पुप्फं" भनी फूलको बगैचामा घुमेर फूलको वर्ण र सुगन्धलाई नबिगारीकन, विनाश नगरीकन पुग्ने भनेको हो । "पलेति" भनी यसरी घुम्दै आफूलाई चाहिंदो रस पान गरी फेरी अर्को मह बनाउन लिएर जान्छन्, त्यो माहुरीले यसरी जंगलमा लगेर एउटा रूखको टोडकामा त्यो धुलो मिसिएको फूलको रसलाई क्रमशः गुलियो मह बनाउँदै लैजान्छ । माहुरी पुष्पाराममा घुम्न गएको पनि चाल पाउँदैन, फेरि फूलको सुगन्ध र वर्ण पनि बिगार्दैन, पहिले जस्तो थियो त्यस्तै प्राकृतिक रूपमा रहिरहन्छ । "एवं गामे मुनी चरे" भनेको शैक्ष अशैक्ष भेद भैरहेका, गृहस्थ जंजालबाट मुक्त भैरहेका, अनगारिय मुनिकुल अनुसार गाउँ गाउँमा भिक्षाचरण गर्नुहुन्छ भनेको हो । उहाँहरू गाउँ-गाउँमा पाल्नुभई भिक्षाचरण गर्नुभए पनि कुलपुत्रहरूको श्रद्धामा हानी अथवा भोग सम्पत्ति ईयादि कुनै हानी नभइकन पहिले जस्तो थियो उस्तै भइरहन्छ भन्ने कुरालाई प्रकट गरेको हो ।

यसरी भिक्षाचरण गरेर शैक्ष मुनिहरू गाउँबाट बाहिर जानुभई, पानीको सुविधा भएको ठाउँमा संघाटि चीवर बिछ्याई बस्नुभई, आँखा अन्धो, घाउ छोप्ने, छोराको मासुको उपमाको रूपले प्रत्यवेक्षणा गर्दै भिक्षा पिण्ड परिभोग गरी, त्यस्तै आफुलाई योग्य भएको वन जंगलमा पस्नुभई आध्यात्मिक कर्मस्थान भावना गर्नुभई, चार मार्ग र चार फल हस्तगत गरी लिनुहुन्छ । शैक्ष मुनिहरूले पनि यही आत्मभावमा नै सुखपूर्वक बास गरिरहनुमा लागीरहन्छन् । तिनीहरूको यो सुखविहार माहुरीहरूले मह पार्दै संग्रह गर्ने समान जानी बुझी लिनु पऱ्यो । यहाँ साधारण भिक्षुहरूलाई भनेको होइन, क्षीणाश्रवहरूलाई भनीराखेको भनी बुझ्नु पर्छ ।

धर्मदेशनाको अन्तमा निकै मानिसहरू श्रोतापत्ति आदि फलमा पुग्न गए ।

शास्ताले यो धर्मदेशना गर्नुभई फेरि अर्को पनि स्थविरको गुण प्रकाश गर्नुको निम्ति "हे भिक्षु हो ! मौद्गल्यायनले अहिले मात्र कंजूस महाजनलाई दमन गरेको होइन पहिले पनि उसलाई दमन गरेर कर्मफल सम्बन्धी ज्ञान बुझाई दिएको छ ।" भन्नुभई यो अर्थ प्रकाश गर्नुको निम्ति अतीतको कथा अघिसार्नु भयो

"उभो खञ्जा उभो कुणी, उभो विसम चक्खुका ।

उभिन्नं पिलका जाता, नाहं पस्सामि इल्लिसन्ति ॥"

भनी इल्लिस जातक आज्ञा गर्नु भयो । (जा. १.१.७८)



Downloaded from http://dhamma.digital/

# छत्तपाणी उपासकको कथा

"यथापि रूचिरं पुप्फं" भन्ने यो धर्मदेशना शास्ता श्रावस्ती नगरमा बस्नुहुँदा "छत्तपाणी" उपासकको कारणमा बताउनु भएको हो ।

श्रावस्ती नगरमा छत्तपाणी नामको एउटा उपासक त्रिपिटक धारी अनागामी बस्दथे । त्यो उपासक बिहान सबेरै उपोसथ ब्रत धारण गर्ने भएकोले शास्ताको उपस्थानको निम्ति जेतवनमा गए । अनागामी भएका आर्य श्रावकहरूले शील ग्रहण गरी उपोसथ ब्रत गर्नुपर्छ भन्ने हुँदैन, अनागामी मार्गद्वारा नै उनीहरूको ब्रह्मचर्य र दिनको एकछाक खाने ब्रत अनायासै पूर्ण हुन जाने हुन्छ । त्यसैले भनिराखेको छ "पटिकारो खो महाराज! कुम्भकारो एक भत्तिको ब्रह्मचारी शीलवा कल्याणधम्मो" ति । अर्थात् "हे महाराज! घटिकार कुम्भकार दिनको एकछाक मात्र भोजन गर्ने, ब्रह्मचर्य पालन गर्ने, शीलवान, कल्याण धार्मिक व्यक्ति हो ।"

यसरी अनागामी भएका व्यक्तिहरू प्रकृतिबाट नै दिनको एकछाक भोजन गर्ने र ब्रह्मचर्य पालन गर्ने हुन्छ । ती उपासक पनि त्यस्तै उपोषथ पालन गर्ने हुनाले शास्ताकहाँ गएर वन्दना गरी धर्मकथा श्रावण गर्दै बसीरहे । सोही समयमा पसेनदि कोसल राजा शास्ताको सेवाको निम्ति त्यहाँ सवारी भयो । उपासकले राजा सवारी भएको देखेर उठेर सम्मान गर्नुपर्ने होकि ? भनी चिन्तना गरी, "म त अग्रराज हुनुभएका तथागत कहाँ बसीराखेको छु । मैले उनी प्रदेश राजालाई देखेर उठेर स्वागत गर्नु योग्य छैन, राजा भने म नउठेको देखेर रिसाउनेछ, राजा रिसाए पनि उठ्दिन, राजा देखेर म उठें भने राजालाई गौरव राख्दा शास्तालाई अगौरव गरेको हुन जान्छ, उठ्नु योग्य छैन" भनी उठेन । पण्डित पुरूषहरू गौरव सत्कार गर्न योग्य व्यक्तिकहाँ बसीरहेकालाई उठेर स्वागत गरेन भनी रिसाउँदैन । राजा भने उपासक नउठेको देखेर मनमनै रिसाई शास्तालाई वन्दना गरी एक छेउमा बस्न गए । शास्ताले राजा रिसाएको भाव बुझ्नुभई "महाराज! यो छत्तपाणी उपासक पण्डित, अनागामी, त्रिपिटक धर, अर्थ, अनर्थ सबै राम्रोसँग जान्ने हुन्" भनी उपासकको गुण बताउनुभयो । राजालाई उनको गुण कथा सुन्दा सुन्दै चित्त मृदु भएर गयो अर्थात् रिस उठेको शान्त भएर गयो । त्यसपछि एकदिन राजा दरवारको माथी झ्यालमा बसेर हेरीराखेको बेलामा छत्तपाणी उपासक दिनको भोजनोपरान्त छाता ओढेर जुत्ता लगाई राजदरबारको अगाडीबाट गइरहेको देखेर उसलाई डाक्न पठायो । उपासकले जुत्ता र छाता एकातिर राखी राजाको अगाडी गएर नमस्कार गरी राजाको अगाडि उभिईरहे । अनि उसलाई राजाले यसरी आज्ञा गर्नुभयो ।

"भो उपासक ! तिमीले किन आफ्नो छाता र जुत्ता एकातिर राखेर आएको ?

"महाराजले बोलाउनु भयो भनेको सुनेर त्यसो गरी आएको हुँ ।

"आजमात्र तिमीले मलाई राजा भनी थाहा पायौ ?

"होइन, महाराज ! मैले तपाईलाई सधैं नै राजा भनी सम्झीरहेको छु ।

"त्यसो भए त्यसदिन तथागतको अगाडि मलाई देखेर तिमी किन नउठेको त ?"

"महाराज ! म त्यसदिन अग्रराजको अगाडि बसीरहेको हुनाले प्रदेश राजा देखेर त्यहाँ म झट्ट उठें भने शास्तालाई अगौरव गरेको हुनजान्छ । त्यसकारण म त्यहाँ नउठेको हुँ ।

"भो उपासक त्यो दिन त्यस्तै भयो । तिमी त दृष्टधर्म सम्परायिकहरू मध्येमा अत्यन्त दक्ष र त्रिपिटक धर पनि हौ । तसर्थ तिमीले मेरो अन्तपुर (महारानीहरू बस्ने दरवारमा) धर्मदेशना गर्ने काम गर ।

"गर्न सकिदैन महाराज!

"किन ?

"राजाहरूको दरबारमा ठूलो दोष हुनसक्छ, योग्य काम पनि हुनसक्छ, अयोग्य काम पनि हुनसक्छ, राज गौरवले गर्दा मैले स्वीकार नगरेको हुँ महाराज!

"उपासक त्यसो नभन, त्यसदिन मलाई देखेर आसनबाट उठेनौ भनि कुने संकोच गर्नु पर्दैन" भनेपछि "महाराज ! एक जना गृहस्थले धर्मदेशना गर्दा अनेक दोष आउन सक्छ, एकजना प्रव्रजितलाई बोलाई धर्मदेशना गर्न लगाउनु हवस" भनी बिन्ति गरे । राजाले हुन्छ भनी उपासकलाई जाउ भनी बिदा दिएर शास्ताकहाँ गएर शास्तालाई बिन्ति गरे "भन्ते ! मल्लिका महारानी र वासभ खत्तियाहरू धर्म श्रवण गर्नुपऱ्यो भनी याचना गर्छिन्, पाँचसय भिक्षुहरू सहित दिनहुँ राजदरबारमा आउनुभई तिनीहरूलाई धर्मदेशना गर्ने कृपा गर्नु हवस । "बुद्धहरूले दिनहुँ एकै ठाउँमा मात्र निमन्त्रणा स्वीकार गर्न सम्भव छैन महाराज!" भनी आज्ञा गर्नु भएपछि त्यसोभए भन्ते! अर्कै कुन भिक्षुलाई पठाइ दिनुहवस भने । शास्ताले राजदरवारमा गएर धर्मदेशना गर्नजाने काम



Downloaded from http://dhamma.digital/

आनन्द स्थविरलाई सुम्पनुभयो । स्थविर दिनहुँ राजदरबारमा गएर महारानीहरू सहित अन्तपुरमा रहेका स्त्रीहरूलाई धर्मदेशना गर्न जानुभयो । ती महारानीहरू मध्ये मल्लिका महारानीले सत्कारगौरव पूर्वक धर्मश्रवण गरेर, दिनहुँ स्थविरले दिनुभएको पाठ पनि घोकेर आचार्यलाई खुसी गरी रहिन् । वासभ खत्तिया भने राम्रोसँग सत्कार-गौरव नगर्ने, धर्म श्रवण पनि नगर्ने, पाठ पनि नघोक्ने, स्थविरले बताउनु भएको धर्मदेशना पनि राम्रोसँग बुझ्न सक्दैनथ्यो ।

एकदिन शास्ताले स्थविरसँग सोध्नुभयो "कसो आनन्द! उपासिकाहरूले तिमीले बताएको धर्मलाई राम्रोसँग बुझेर लिन सक्छन् ? "बुझेर लिने छन् भन्ते !" कस्ले सत्कारपूर्वक ध्यान दिएर सुनी राम्रोसँग जानी बुझी लियो त ?" "भन्ते ! मल्लिकाले सत्कारपूर्वक गौरवपूर्वक धर्म श्रवण गरेर ग्रहण गर्छिन्, आदर-सत्कार पूर्वक पाठ पनि घोक्छिन् । त्यस्तै नै धर्मको उद्देश्य पनि बुझ्न सक्ने हुन् । तपाईको आफन्तका छोरीले भने सत्कार आदर पूर्वक धर्म श्रवण पनि गर्दैनन्, पाठ पनि घोक्दैनन्, बताएको धर्मलाई पनि गौरव पूर्वक सुनेर बुझ्न सक्दैनन् ।" शास्ताले स्थविरको कुरा सुनेर "आनन्द मैले बताइराखेको धर्मलाई आदर सत्कार पूर्वक नसुन्ने, ग्रहण नगर्ने, पाठ आवृत्ति गरेर कण्ठष्ट नगर्ने, देशना नगर्नेहरू वर्ण सम्पन्न भएर, राम्रो भए पनि सुगन्ध नभएको फूल समान हुन् । उसले त्यसको फल साक्षात्कार गरेर लिन सक्दैन । जस्ले आदर सत्कार पूर्वक धर्म श्रवण गरेर कण्ठष्थ गरी आफुले आचरण गरी अरूलाई देशना गर्छ तिनीहरूलाई महत्फल महान आनिशंस प्राप्त हुन्छ भनी आज्ञा गर्नुभई यो गाथा देशना गर्नुभयो -

यथापि रूचिरं पुप्फं, वण्णवन्तं अगन्धकं ।

एवं सुभासिता वाचा, अफतो होति अकुब्बतो ॥

यथापि रूचिर पुप्फं, वण्णवन्तं सगन्धकं ।

एवं सुभासिता वाचा, सफता होति सकुब्बतो"ति ॥

अर्थ :- जस्तो अत्यन्त राम्रो फूल वर्णमात्र भएर सुगन्ध हुँदैन, त्यस्तै नै आफ्नो सुभासित (राम्रो वचन) कार्यान्वित गरेन भने निष्फल भएर जान्छ । जस्तो अत्यन्त राम्रो फूल वर्ण र सुगन्ध दुवै भएको हुन्छ, त्यस्तै नै आफ्नो सुभासित (राम्रो वचन) लाई कार्यान्वित गऱ्यो भने त्यो विषय सफल भएर सिद्ध हुन्छ ।

पदार्थ - त्यहाँ "रूचिरं" भनेको राम्रो भएर शोभायमान भैरहेको । "वण्णवन्तं" भनेको राम्रो रंग र आकारले संयुक्त भैरहेको । "अगन्धकं" भनेको सुगन्ध कुनै नभएको पारिभद्दक गिरिक कण्णक, जयसुमनादि फूलका प्रभेद । "एवं सुभासित वाचा" भनेको त्रिपिटक बुद्ध वचन । राम्रो वर्ण, आकारले संयुक्त भएको सुगन्ध नभएको फूल समान । जस्तो सुगन्ध रहित फूल जस्ले धारण गर्छ उसको शरीरमा सुगन्ध फैलिंदैन । त्यस्तै नै जस्ले सत्कार पूर्वक श्रवणदि काम राम्रोसँग गर्दैन त्यसकारण त्यस्ताले सुगन्धरूपी प्रतिपत्ति सुगन्ध धारण गर्दैन, निष्फल हुनेछ । त्यसैले भनेको हो "एवं सुभासिता वाचा अफपलो होति अकुब्बतो" भनी । "सगन्धकं" भनेको सुगन्ध भएको फूल चम्पक, नील उत्पल आदि फूलको प्रभेदलाई भनेको हो । "एवं" भनेको जस्तो त्यो फूल धारण गर्नेको शरीरमा सुगन्ध फैलिई रहन्छ त्यस्तै नै त्रिपिटक बुद्ध वचनहरू सुभासित वचन अनुसार राम्रोसंग कार्यान्वयन गरी लाने व्यक्तिले सत्कार पूर्वक त्यहाँ कुन कर्तव्य गर्नुपर्ने हो गरेर लान्छ । त्यो पुरूषको काम सफल हुन्छ, सुसम्पन्न भएर जानेछ । श्रुत सुगन्ध, त्याग सुगन्ध, प्रतिपत्ति रूपी सुगन्धादि धारण गरी राखेकोले गर्दा महान  फल महान आनिशंस हुन्छ भनेको हो ।

धर्म देशनाको अन्तमा धेरै नै मानिसहरू श्रोतापत्ति फल आदिमा पुग्न गए, धर्मदेशना निकै जनताहरूलाई सार्थक भयो ।

छत्तपाणी उपासकको कथा सम्पूर्ण भयो ।



Downloaded from http://dhamma.digital/

# विशाखा महाउपासिकाको कथा

"यथापि पुप्फ रासिम्हा" भन्ने यो धर्मदेशना शास्ता श्रावस्तीमा आश्रय गरी पुर्वाराम विहारमा बस्नु भएको समयमा विशाखा महा उपासिकाको कारणमा बताउनुभएको हो ।

उनी अङ्ग राष्ट्रको भद्दिय नगरमा मेण्डक महाजनका छोरा धनञ्जय महाजनकी जेठी स्त्री सुमनदेवीको गर्भबाट जन्मेकी थिइन् । उनी सात वर्षको उमेर हुँदा शास्ता शेष ब्राह्मण आदि बोधगया योग्य भएका बन्धुहरू श्रोतापत्ति आदि फलमा पुग्ने उपनिस्सयसम्पत्तिलाई देख्नुभई महान भिक्षुसंघले परिबृत्त हुनुभई चारिका गर्दै त्यस नगरमा पुग्नुभएको थियो ।

सोही बेला मेण्डक गृहपति त्यस नगरमा महा पुण्यवान महाजनहरू पाँचजनामा सबभन्दा जेठोभई महाजनको पदबि लिईरहेको थियो । पाँच महापुण्यवान महाजनहरू को को भने - मेण्डक महाजन, चन्दपदुम भन्ने उनकी जेठी स्त्री, उनको जेठो छोरो धनञ्जय, उनकी स्त्री सुमनादेवी र महाजनको सेवक पूर्ण नामको दास समेत पाँच जना हुन् । बिम्बिसार राजाको राज्यमा केवल उनी मेण्डक महाजन एकजना मात्र होइन, पाँच जना अमितभोगी भएका पनि थिए । को को भने जोतिय महाजन, जटिल महाजन, मेण्डक महाजन, पुण्णक महाजन, काकवलिय नामको महाजन समेत पाँच जना थिए । ती पाँच जना मध्ये यो मेण्डक महाजनले दशबललाई आफ्नो नगरमा आई पुगेको थाहापाई छोरो धनञ्जय महाजनकी छोरी बिशाखालाई बोलाउन पठाई भने - "अम्म! तिमीहरूलाई पनि मङ्गल हुने, मलाई पनि मङ्गल हुने, तिमीले तिम्रा पाँचसय केटीहरू सँगै पाँचसय रथमा चढेर पाँचसय दासीहरूले परिबृत भएर गई दशबललाई स्वागत गरी यहाँ लिएर आउ ।" उनले हुन्छ भनी उत्तर दिएर त्यस्तै गरिन् ।

कारणाकारण कुशल भएकी उनी केटीले रथबाट जान योग्य बाटो रथबाट गई रथबाट ओर्ली पैदल गएर शास्तालाई भेटी वन्दना गरी एक छेउमा बसी रहिन् । अनि तथागतले उनको चरित्र अनुसार धर्मदेशना गर्नुभयो । देशनाको अन्तमा उनी बिशाखा केटी उनका पाँचसय केटीहरूसँगै श्रोतापत्ति फलमा प्रतिष्ठित भईन् । मेण्डक महाजन पनि शास्तासँग भेटी धर्मकथा सुनेर श्रोतापत्ति फलमा प्रतिष्ठित भएर भोलिको निम्ति भोजनको निमन्त्रणा दिएर भोलिपल्ट आफ्नो घरमा प्रणीत खाद्य भोज्य वस्तुले बुद्ध प्रमुख भिक्षुसंघलाई भोजन दान गरे । यस्तै क्रमले आधा महिना सम्म महादान दिए । शास्ता भद्दिय नगरमा इच्छानुसार विहार गर्नुभई त्यहाँबाट चारिकाको निम्ति निस्कनुभयो ।

त्यस बखत बिम्बिसार राजा र पसेनदि कोशल राजा दुवै आपसमा बहिनीका स्वामी थिए । एकदिन कोशल राजाले चिन्तना गरे "बिम्बिसार राजाको राज्यमा पाँच जना अमितभोगी महापुण्यवान महाजनहरू बास गरि राखेका छन् । मेरो राज्यमा भने त्यस्ता एकजना पनि छैन, मैले बिम्बिसार राजाकहाँ गएर महापुण्यवान महाजन एकजना मागेर ल्याउनु पाए अत्युत्तम हुनेछ" भनी मनमा सोची आफु त्यहाँ गएर राजासँग कुशल वार्ता गरिकेपछि, कुन कारणले सवारी हुनु भएको भनी सोधेपछि "तपाईको राज्यमा पाँच पाँच जना अमितभोगी महपुण्यवान महाजनहरू बास गरिरहेका छन् । ती मध्ये एकजनालाई मेरो राज्यमा लिएर जान भनी आएको हुँ । तिनीहरू मध्ये एकजना मलाई दिनुहवस" भने । महान कुल भनेकालाई हामीले संचालन गरेर चलाउन सकिंदैन भनेपछि म एकजनालाई नलिई आफ्नो राज्यमा फर्कन्न भने । राजाले मन्त्रीहरूसँग सल्लाह गरी जोतिय आदि महान कुललाई अन्त पठाउने भनेका त पृथ्वीलाई चलाउने जस्तै हुनजान्छ, मेण्डक महाजनको छोरो धनञ्जय महाजन भन्ने एकजना छ । उनीसँग सल्लाह गरेर मात्र तपाईलाई जवाफ दिउँला भनी उनलाई डाक्न पठाई "हे जेष्ठपुत्र ! कोशल राजाले धनञ्जय महाजनलाई आफुसँग लिएर मात्र आफ्नो राज्यमा जान्छु भनिरहेको छ, तिमी उनीसँग गईदेउ" भनेपछि महाराज तपाईले पठाउनुभए म उनीसँग जान तयार छु भनी उत्तर दिए । त्यसोभए आवश्यक लिनु-दिनु सिध्याएर जानु तात ! भनी राजाले आज्ञा दिए । उनले आफ्नो गर्नुपर्ने काम सबै सिध्यायो । राजाले पनि उसलाई ठूलो सत्कार सम्मान गरी यसलाई लिएर जानुहवस भनी पसेनदि राजालाई फर्काउनु भयो ।

राजाले त्यो महाजनपुत्रलाई लिएर गई बीचमा एकरात मात्र बिताई श्रावस्तीमा गइरहेको बेलामा एउटा आरामदिने ठाउँ पुगेपछि त्यहीं बास बसे । अनि राजासंग धनञ्जय महाजनले सोधे "यो ठाउँ कस्को राज्यमा पर्छ ? "महाजनपुत्र ! मेरै हो" भनी राजाले उत्तर दिए । "यहाँबाट श्रावस्ती कति टाढा छ महाराज ? "सात योजन टाढा छ । "नगरभित्र खुल्ला ठाउँ धेरै हुँदैन, मेरो परिजनहरू धेरै छन् । महाराज ! यदि तपाईको आज्ञा भए (मञ्जुर भए) म यहि नगर बसाई बस्छु भनेपछि राजाले हुन्छ भनी स्वीकार गरी त्यस ठाउँमा नगर बसाउन उसलाई जिम्मा लगाई त्यहाँबाट प्रस्थान गरे । त्यस प्रदेशमा सन्ध्या समयमा बास बसेको कारणले गर्दा त्यो नयाँ नगरको नाउँ "साकेत" भन्ने रह्यो ।

श्रावस्तीमा मिगार महाजनको छोरा पूर्णबर्धन कुमार वयस्क भएर आयो । अनि उनलाई उनका आमा बाबुले भने "तात ! तिमीलाई मनपर्ने ठाउँबाट एउटी केटी हेरेर आउ ।" "मलाई यस्तो पत्नीको काम छैन । "तात! त्यसो नभन, सन्तान बिना कुल स्थिर हुँदैन भनी बारम्बार विवाह गर्न भनेपछि त्यसोभए पाँच कल्याणले युक्त भएकी केटी पाए मात्र तपाईहरूको बचन पालन



Downloaded from http://dhamma.digital/

गर्छु भने । तात! ती पाँच कल्याण भनेको केहो त ? "केश कल्याण, मंस कल्याण, अट्ठि कल्याण, छवि  कल्याण, वय कल्याण हुन् । (महा पुण्यवान स्त्रीहरूको चुल्ठो मयुरको पुच्छर जस्तै हुन्छ, अनि चुल्ठो फुकाउँदा वस्त्रमा ठक्कर खाई घुँघुरिएर माथीतिर फर्केर जाने हुन्छ, यसलाई केश कल्याण भनिन्छ ।) ओठ बिम्बफल समानको वर्णले सम्पन्न भई, मासुमा राम्रोसंग मिलेको हुन्छ । यसलाई मंसकल्याण भनिन्छ । दाँत सेतो वर्ण भई समान रूपले बीचमा प्वाल नपरी उठाई राखेको हिराको मालाको लाइन झैं, समान रूपले काटिएको शंखको पाता झैं शोभायमान भई रहन्छ, यसलाई अट्ठि कल्याण भनिन्छ । गाजल आदि कुनै नलगाए पनि मासुको रंग स्निग्ध भई नील उत्पल समान हुन्छ, सेतोमा लिनपऱ्यो भने कर्णिकार नामको सेतो फुल समान हुन्छ, यसलाई छवि कल्याण भनिन्छ । दश पटकसम्म बच्चो जन्माए पनि एकपटक मात्र बच्चा जन्माएकी जस्तै यौवन बितेको देखिंदैन, यसलाई वय कल्याण भनिन्छ ।

अनि आमा-बाबुले एकसय आठ जना ब्राह्मणहरूलाई निमन्त्रण गरेर भोजन गराई पाँच कल्याणले संयुक्त भएकी कन्या हुन्छन् कि भनी सोधे । हो, हुन्छ भनेपछि त्यसो भए यस्ती कन्या खोज्न आठजना ब्राह्मणहरू जानुपऱ्यो भनी धेरै नै धन दिएर कन्या खोज्न आठजना ब्राह्मणहरू ठीक पार्न लगाई धेरै नै धन दिएर, कन्या पत्ता लगाएर फर्केपछि तिमीहरूलाई अरू पनि निकै सम्मान गर्नेछु खोजेर ल्याउ, जाउ भनी पठाईदिए । यस्तो कन्या पाउने बेलामा यो माला लगाईदिनु भनी एकलाख मूल्य जाने सुनको माला एउटा पनि दिएर पठायो ।

तिनीहरू ठूला ठूला शहरमा गएर खोज्न जाँदा पाँच कल्याणले संयुक्त भएकी कन्या नदेखेर फर्कीरहेको बेलामा स्नान गर्ने नक्षत्र उत्सव जुरेकोले तिनीहरू साकेत नगरमा पुग्दा आज हाम्रो काम सफल हुनेभयो भनी मनमा राखे । त्यस नगरमा प्रतिवर्ष विवट नक्षत्र भनेको उत्सव लाग्थ्यो । त्यसबेला कहिल्यै घरबाट बाहिर ननिस्केकी कुमारी केटीहरू पनि आफ्ना परिवारसँगै घरबाट बाहिर निस्की शरीरमा घुम्टो नओढीकन पैदलै हिंडेर नदीमा स्नान गर्न जानुपर्थ्यो । त्यसदिन क्षत्रीय महाशाल कुलका छोराहरू पनि आफ्ना समान जाति कुलका आफुलाई मन परेका कुमारी देख्ने बित्तिकै फुलको माला लगाई दिन भनी हातमा फुलको माला लिएर बाटामा ठाउँ-ठाउँमा बसीराखेका हुन्छन् । ती ब्राह्मणहरू पनि नदीको तीरमा एउटा धर्मशालामा बस्न गए । सोही क्षणमा बिशाखा पन्ध्र सोन्ह वर्षको वैशको भरखरकी तरूणी सबै वस्त्रालंकारले अलंकृत भई पाँचसय कुमारी केटीहरूले परिवृत्त भई नदीमा स्नान गर्न भनी त्यस ठाउँमा आइपुगिन् ।

अनि सोही अवस्थामा बादल उठेर बेसरी पानी बर्सियो । अरू पाँचसय कुमारी केटीहरू दगुर्दै आई धर्मशाला भित्र पसे । ब्राह्मणहरूले त्यहाँ बसेर हेरीरहे, त्यत्तिका कुमारीहरूमा एकजना पनि पाँच कल्याणले संयुक्त भएका देखेनन् । बिशाखा एकजना मात्र आफ्नै मन्द-मन्द चालले आई धर्मशालामा पसिन् । उनको वस्त्र आभूषण आदि सबै निथ्रुक्क भिजे । ब्राह्मणहरूले उनीमा चार कल्याण लक्षण देखेर उनको दाँत हेर्ने इच्छाले "अलसी जातिकी यी केटी, यस्को लोग्ने हुनेलाई कनिकाको पातलो खाना ( यागु) पनि लाभ हुँदैन कि कसो ?" भनी उनले सुन्नेगरी आपसमा कुरा गरे । अनि तिनीहरूलाई बिशाखाले भनिन् "तपाईहरूले के कुरा गरि रहनुभएको ? "हामीले यो कुरा गरिराखेको हो कि अम्म ! तिम्रो स्वर निकै मधुरो छ, काँसको थाल बजाउँदा जस्तै फिंजिएर जान्छ ।" अनि फेरि उसले त्योभन्दा पनि राम्रो मधुर स्वरले तपाईहरू कुन कारणले के विषयमा कुरा गरिरहनु भएको भनी सोधिन् । तिम्रा साथी केटीहरू सबै वस्त्रालंकार नभिजिने गरी बेगले दगुर्दै आएर यहाँ पस्न आइन् । तिमी एकजना मात्र यो छोटो बाटोमा पनि बेगले दगुरेर आउन सकिनौ, लुगा गहना सबै भिजाएर यो ठाउँमा पस्न आयौ भनी  कुरा गरिरहेको हो भने ।

"तात (हे ब्राह्मण बाज्ये) ! त्यसो नभन्नुहवस, मैले अर्कै ठुलो कारणलाई देखेर त्यसरी बेगले नदगुरेकी हुँ । "त्यो कारण के हो ? "तात ! चार प्रकारका व्यक्ति दगुर्दा शोभा हुँदैन । कस्तो यो महाराज त एउटा गृहपति जस्तै दगुऱ्यो भनी गिल्ला गर्ने हुन्छ । राजाहरू बिस्तारै जानुमा नै शोभा हुन्छ । राजा मङ्गल हात्ती पनि अलंकार गरी सजाई राखेको बेलामा बेगले दगुर्दा शोभा हुँदैन । हस्तिलीला दर्शाउँदै बिस्तारै गए मात्र शोभा हुन्छ । प्रब्रजित हुनु भएका पनि बेगले हत्तर पतर गरी दगुर्दा शोभा हुँदैन । कस्तो यो श्रमणत गृहस्थहरू जस्तै दगुर्दो रहेछ भनी गिल्ला गर्ने हुन्छ । शान्त दान्त भई बिस्तारै जानुभए मात्र शोभा हुन्छ । कुमारी केटीहरू पनि दगुर्दा शोभा हुँदैन, कस्ती यी कुमारी केटी त पुरूषहरू जस्तै दगुरेको, हेर भनी गिल्ला गर्ने हुन्छ । स्त्रीहरू पनि बिस्तारै पाइला चाल्दै हिंडेमात्र शोभा हुन्छ । यी चार व्यक्ति दगुर्दा शोभा हुँदैन ।"

अरूपनि कारण छ भनेको के हो ? भनी सोधेपछि "तात ! आमाबाबुहरूले आफ्नो छोरीको हात गोडा आदि अङ्ग प्रत्यङ्ग सुरक्षित गरी पालनपोषण गरी राखेका हुन्छन् । हामीहरू भनेका बिक्री गर्नुपर्ने वस्तु समानका हौ । हामीलाई अर्काको कुलमा पठाउनुको निम्ति नै पालनपोषण गरी राखेका हुन्छन् । यदि बेगले दगुर्दा गोडाको दश औंलामा ठक्कर लागी ठेस लागेर भुईंमा लडें भने हात गोडा भाँच्न सक्छ । यस्तो भयो भने आफ्नो कुललाई दोष आउने हुन्छ । लगाई राखेको वस्त्र आभूषण भिज्यो भने पछि सुकेर जाने हुन्छ, कुनै नोक्सान हुँदैन । यस्ता यस्ता कारणलाई सम्झेर म दगुरेर नआएकी हुँ भनी बताइन् ।



Downloaded from http://dhamma.digital/

ब्राह्मणहरूले बिशाखाले यी कुराहरू बताईरहेको बेलामा दाँतको कल्याण सम्पत्ति देखेर यत्तिको कल्याण सम्पत्तिले सम्पूर्ण भएकी स्त्री हामीले पहिले कहिल्यै देखेको थिइन भनी उसको कुरालाई साधुकार दिएर "अम्म, तिमी नै हाम्रो मालिकको छोरालाई योग्य छौ" भनी तिनीहरूले लिएर आएको सुनको हार माला पहिराई दियो । अनि उसले सोधिन् "तात ! कुन देशबाट यहाँ आउनु भएको ?" "अम्म हामी श्रावसती नगरबाट आएका हौ । "महाजन कुलको नाउँ के हो ?" "अम्म! मिगार महाजन हो । "उनको छोरो आर्यपुत्रको नाउँ के हो ?" "अम्म ! पूर्णबर्धन कुमार हो ।" उनी हाम्रा समान कुलका हुन् भनी जानी स्वीकार गरी, आफ्नो पिताकहाँ "हामीलाई रथ पठाई दिनुहवस" भनी समाचार पठाइन् ।

यसरी समाचार पठाएको किन भने - पहिले उनी नदीमा जान आउँदाखेरि पैदल नै आएकी थिइन्, अहिले सुनको हार लगाई सकेपछि त्यसरी पैदल जानु भएन, स्वामी भएकी स्त्री रथ आदिमा बसेर मात्र जान्छिन्, अरूहरू पैदल पनि जान्छन्, छाता ओढेर पनि जान्छन्, ताडबृक्षको पातले घाम छेकेर पनि जान्छन्, त्यस्तो केहि भएन भने ओढिराखेको पछ्यौरा निकालेर आधि पछ्यौराले टाउकोमा घाम नपर्ने गरी घुम्टो ओढेर भएपनि जान्छन् ।" उनको पिताले पाँचसय बयलगाडा पठाइ दिए । बिशाखा परिवारहरू सँगै रथमा बसी फर्किन् । ब्राह्मणहरू पनि उनको पछि लागी गए । अनि तिनीहरूसँग महाजनले सोधे "तिमीहरू कहाँबाट आएका हौं ?" "श्रावस्तीबाट आएका हौं महाजन !" "तिम्रा महाजनको नाउँ के हो ?" "मिगार महाजन हो ।" "छोरा नाउँ के हो ?" "पूर्णबर्धन कुमार हो महाजन ।" हाम्रो धनको अगाडि यो धन केही पनि होइन, परन्तु छोरीलाई आरक्षा गर्न पुग्छ, अरू कारण किन सोध्ने" भनी स्वीकार गरे । उनी महाजनले ती ब्राह्मणहरूलाई चाहिंदो सत्कार सम्मान गरी एक दुई दिन त्यहिं राखी फर्काइदिए ।

तिनीहरू श्रावस्तीमा फर्केर मिगार महाजनलाई केटी प्राप्त भयो भनी सुनायो । कस्की छोरी ? भनी सोध्दा धनञ्जय महाजनकी छोरी भनेपछि मिगार महाजनले हामीलाई ठुलो कुलकै केटी पायौं भनी चाँडै नै दुलहि ल्याउनु पर्‍यो भनी त्यहाँ जान राजाकहाँ गएर बिन्ति गर्न गए । राजाले "त्यो महान कुल हो, मैले नै बिम्बिसारकहाँबाट ल्याएर "साकेतमा" बास गराई राखेको हो, उनलाई सत्कार सम्मान गरी ल्याउनुपर्छ, म पनि सँगै आइदिन्छु" भनी आज्ञा भयो । त्यसोभए "हुन्छ महाराज" भनी बिन्ति गरी उसले धनञ्जय महाजनकहाँ समाचार पठायो कि "म त्यहाँ आउँदा यहाँका राजा पनि आउनुहुन्छ, राजासँगै आउने मन्त्री भारदार शैन्य पल्टन धेरै हुन्छ, यत्तिका मानिसहरूलाई गर्नुपर्ने कर्तव्य पालन गर्न सकिएला कि नसकिएला ?" उनी महाजनले पनि यदि त्यस्ता दश जना राजाहरू आउँछु भनेपनि लिएर आउनुभए हुन्छ धन्दा मान्नु पर्दैन भनी उत्तर दिई पठाए । मिगार महाजनले महान नगरमा घर कुरूवा बस्ने मात्र बाँकी राखी अरू सबै साथमा लिई आधा योजन जति टाढा आइपुगेपछि हामी आईपुग्यौ भन्ने समाचार पठायो ।

धनञ्जय महाजनले धेरै नै कोसेली उपहार पठाई छोरीसँग सल्लाह गरे । छोरी ! तिम्रो ससुरा हुने महाजन भने कोशल राजासँगै आइपुगीसके, उनलाई कुन घरमा राख्नुपर्ला, राजालाई कुन घरमा, उपराज आदिलाई कुन घरमा राख्नुपर्ला, भनी सोध्दा पण्डित भएकी महाजनपुत्रीले बज्र समान र तीक्ष्ण बुद्धि भएकी, सयहजार कल्पदेखि प्रार्थना गरी आएको पुण्य भएकी, भाग्यमानी कन्या हुनाले "मेरा ससुरालाई यो घरमा राख्नुहवस, राजालाई यो घरमा, उपराज आदिलाई यो यो घरमा राख्नुहवस भनी अऱ्हाइन् । नोकर चाकरहरूलाई बोलाई यत्तिले राजाकहाँ गर्नुपर्ने काममा लाग्नु, यत्तिले उपराज आदिहरूकहाँ, हात्ती घोडा आदिको हेर बिचार पनि तिमीहरूले नै गर्नु, जसबाट घोडालाई स्याहार गर्नेहरू पनि विवाह मङ्गल उत्सवमा सामेल हुन पाओस भनी सबै व्यवस्था गरी दिइन् । किन भने हामीले बिशाखाको विवाहमङ्गल उत्सबमा गएर केही देख्न पाएनौ, कुनै सामान पनि प्राप्त भएन, घोडा आदि हेरविचार गर्ने काममा मात्र व्यस्त हुनुपर्दा सुखपूर्वक बस्न पाएनौ भनी भन्न नपाओस् भन्ने विचारले यस्तो व्यवस्था मिलाएको हो ।

त्यस दिन बिशाखाका पिताले पाँचसय स्वर्णकारहरू बोलाउन पठाई मेरी छोरीलाई "महालता प्रसाधन" भन्ने गहना बनाइदेउ भनी रक्तवर्णको असर्फि एकहजार र त्यसलाई चाहिंदो चाँदी, मोति, पन्ना, हिरा आदि दिलाईदिए । राजाले दुई चार दिन बसी धनञ्जय महाजनलाई समाचार पठायो कि हे महाजन तिमीले हामीलाई पालन पोषण गर्न सकिंदैन, छोरीलाई कन्यादान दिने दिन छिट्टै निश्चित गर । उसले पनि राजालाई "अहिले यो समय वर्षा शुरू भैसक्यो, तसर्थ चार महिनासम्म कहीं जान योग्य हुँदैन, तपाईको शैन्य सिपाहींहरूलाई जे जति चाहिएको वस्तु हो, त्यो सबै दिने मेरो भार भयो । मैले कन्या बिदादिने बेलामा मात्र महाराजको सवारी चल्नेछ" भनी उत्तर पठाइ दियो । त्यसबेला देखी साकेत नगरमा दिनहुँ भनेझैं उत्सब मेला लागेजस्तै चहलपहल भयो । राजा प्रमुख सबैलाई फूलको माला, सुगन्ध, वस्त्र आदि जहिले पनि तयार भईरहचो ।

तिनीहरू सबैले चिन्तना गरे कि यो महाजनले हामीलाइ मात्र सेवा सत्कार गरि रहयो । यसरी तीन महिना बित्यो । गहना बनाउन दिएको भने सिध्याएर ल्याएको छैन । कामकाजमा लागीरहेका मानिसहरूको नाइकेहरू आएर महाजनलाई भन्न आए कि "अरूथोक त कुनै वस्तु घटेको छैन, सैनिकहरूलाई भान्छामा बाल्न दाउराको कमी भयो ।" नाइके हो तिमीहरू गएर



Downloaded from http://dhamma.digital/

यस नगरका पुराना-पुराना हात्तीसार आदि र जीर्ण भैसकेका घरहरू भत्काएर भएपनि ती काठहरू बालेर भान्छाको काम चलाउ । यसरी पकाएर ख्वाउँदा ख्वाउँदा आधी महिना बित्यो । फेरि आएर दाउरा पुगेन भन्न आयो । यतिबेला दाउरा कहिंबाट ल्याउन सकिंदैन, कपडाको भण्डार खोलेर ठूला ठूला कपडा थान निकालेर टुक्रा टुक्रा पारी बटारी तेलमा डुबाई त्यो बालेर भएपनि भात पकाई खुवाउनु भनी पठायो । तिनीहरूले त्यस्तै गरेर खुवाई अर्को आधा महिना बिताए । यसरी चार महिना सकिएपछि गहना बनाउन दिएका पनि सिध्याएर ल्यायो ।

त्यस गहनामा हिरा चार नालि, मोति एघार नालि, मुंगा बाईस नालि, माणिक तेत्तीस नालि प्रयोग भयो । त्यस्तै अरू रत्नहरू पनि त्यत्ति नै प्रयोग भयो । अरू धागो नराखीकन चाँदीको धागो तुल्याई काम चलायो । त्यो गहना शिरमा राख्दा गोडासम्म लट्कन्थ्यो, ठाउँ ठाउँमा सुनको बाटुलो टाँख राखी जोडेर चाँदीको टाँख अडचाउने राखी, टाउकोको माझमा एउटा टाँख, दुई कानको पछाडी दुइवटा, घाँटिमा एउटा, दुई घुँडामा दुइवटा, दुई कुहिनामा दुई वटा, दुई फिलामा दुईवटा टाँख । त्यो गहना मयुरको आकारमा बनाई त्यसको दाहिने पखेटामा रातो सुनको पाँचसय प्वांख, बायाँ पखेटामा पाँचसय प्वाँख राखी, मयुरको चुच्चो मुंगाको, माणिकको आँखा, त्यस्तै घाँटि र पुच्छर पनि, मयुर प्वाँखको, डाँठ सुनकै, त्यस्तै पिडौंला पनि सुनकै, त्यो वस्त्र गहना बिशाखामा शिरमा सजाउँदा पर्वतको टुप्पामा बसी नाचीरहेको मयुर जस्तै देखिन्थ्यो । एकहजार प्वाँखको शब्द देवताहरूको सहनाईको स्वर जस्तै निस्कन्थ्यो । उनको अगाडिसम्म गएर हेर्दा मात्र त्यो साँच्चैको मयुर होइन भनी जान्न सक्थ्यो । त्यो गहनाको मूल्य नौ लाख पर्‍यो । एकलाख रूपैयाँ त त्यसको ज्याला पर्‍यो ।

तिनलाई त्यो गहना कुन कारणबाट प्राप्त भएको भने उसले काश्यप बुद्धको समयमा बीस हजार भिक्षुहरूलाई चीवर कपडा दान दिंदा, सियो धागो र रंग पनि आफैले दियो । त्यसरी त्यो चीवर दान गरेको पुण्य फलले गर्दा उसलाई त्यो गहना लाभ भएको हो । स्त्रीहरूले चीवर दान दियो भने "महालता पसाधन" गहना लाभ गर्ने पुण्य सिद्ध हुनजान्छ, पुरूषवर्गलाई भए ऋद्धिमय पात्र चीवर आदि लाभ गर्न हेतु हुनजान्छ । यसरी महासेठले चार महिनाभित्र छोरीलाई बिदा दिन तयारी गर्न लगाई दाइजो पठाउन रूपैयाँले भरिएको पाँचसय गाडा, चाँदीको भाँडाकुडाले भरिएको पाँचसय गाडा, तामाको पितलको भाँडाकुँडाले भरिएको पाँचसय गाडा, तास तिनखालको कपडाले भरिएको पाँचसय गाडा, घिउको टीनले भरिएको पाँचसय गाडा, धान चामलले भरिएको पाँचसय गाडा, हलो, फालि, कोदाली आदि उपकरणले भरिएको पाँचसय गाडा दाइजो पठाई दिए ।

महाजनको मनमा यस्तो लाग्यो कि मेरी छोरी गएको ठाउँमा कुनै एउटा वस्तु नभएर अर्काको घरको ढोका गएर लिन जान नपरोस् भनी उसलाई चाहिने जति वस्तु उपकरण सबै दिन लगायो । एक एक रथमा सम्पूर्ण वस्त्रालंकारले सजिएकी तीन-तीन जना राम्री-राम्री दासी राखी पाँचसय रथ पठाई दियो । यतिले नुहाईदिनु, यतिले भोजन गराउनु, यतिले अलंकार गरी सजाई दिनु भनी पच्चिससय परिचारिकाहरू पठाई दियो । अनि महाजनको मनमा यस्तो लाग्यो कि मेरी छोरीलाई गाई-गोरू पनि पठाइदिनुपर्‍यो भनी मानिसहरूलाई आज्ञा दियो "हे पुरूष हो, गोठको ढोका खोलेर तीन गावुतमा तीनवटा भेरी समाउन लगाई मानिसहरू उभ्याई राख्नु, चौडाईमा एक उसभ जति ठाउँ दुवैतिर उभ्याई राख, गाई गोरूहरूलाई त्यसभन्दा बाहिर लान नदिनु, यसरी बसेपछि बाजा बजाई इशारा गर्न लगाउनु ।" तिनीहरूले त्यस्तै गरे । गाईहरू गोठहरू निस्केर एक गावुत सम्म आइपुग्दा बाजा बजाई इशारा दियो, फेरि आधा गाबुत पुग्दा इसारा दियो, फेरि तीन गावुत पुग्दा इसारा दियो । चौडाई तर्फबाट जाने पनि छेकीदियो, यसरी लम्बाईमा तीन गावुत, चौडाईमा एक उसभ ठाउँसम्म गाई गोरूहरू आपसमा टनाटन हुनेगरी घचेट्दै बस्न गए ।

महाजनले मेरी छोरीलाई यत्ति गाई गोरू भए पुग्ला, ढोका थुनीदेउ भनी गोठको ढोका बन्द गर्न लगायो । यसरी ढोका बन्द गरेपछि बिशाखाको पुण्य प्रतापले गर्दा बलिया बलिया गाई गोरूहरू उफ्रेर बार नाघ्दै आए । मानिसहरूले रोक्दारोक्दै पनि साठी हजार बलिया बलिया बाछा र साठी हजार गाईहरू बार नाघेर आए । त्यहाँ बलिया बलिया बार नाघेर आएका बाच्छाहरू पहिले निस्केका गाईहरूको वृषभ हुनगए ।

के कारणले गर्दा त्यसरी छेक्दा-छेक्दै पनि गाई गोरूहरू गोठबाट बाहिर निस्केका होला ? यी सबै पहिले दिएर आएको दानको फल नै हुन् । बिशाखाले पहिले काश्यप तथागतको समयमा किकि नामको राजाकी सातओटि छोरी मध्येमा सबभन्दा कान्छी संघदासी नामको छँदा बीसहजार भिक्षुहरूलाई पञ्चगोरस दानदिंदा साना साना श्रामणेरहरूले हातले पात्र छोपी पुग्यो पुग्यो भन्दा भन्दै पनि स्वादिष्ट छ, यो असल हो भनी बारम्बार दान दिएकीथिइन् । त्यसरी दान दिएको कारणले गर्दा छेक्दाछेक्दै पनि गाई गोरूहरू गोठबाट बाहिर निस्केका हुन् । महाजनले यत्तिका धन दाइजो दिंदा महाजननीले भनिन् - "तपाईले मेरी छोरीलाई अरूथोक सबै व्यवस्था गरि दिनुभयो परन्तु उनलाई सेवा सत्कार गर्ने सेवक नोकरहरूको व्यवस्था गरि दिनुभएन, यसको कारण के हो ?" महाजनले भने - "मेरी छोरीप्रति स्नेह हुने र नहुने जान्नुको निम्ति यसो गरेको हो । मैले उनीसँग नजानेलाई



Downloaded from http://dhamma.digital/

घोक्र्याएर पठाउन सक्दैन । उनी रथमा बसेर जाने बेलामा उनीसँग जान इच्छा भएकाहरू जाउ, इच्छा नहुनेहरू यहाँ बस भनौला" भनी जवाफ दिए ।

भोलिपल्ट मेरी छोरी बिदा भएर जानेछिन् भनी आफ्नो कोठामा बसेर छोरीलाई नजिकै बसालेर मैया ! आफ्ना पतिकुलमा जानेहरूले योयो आवश्यक नियमहरू पालन गरी बस्नुपर्छ भनी उपदेश दिए । यो उपदेश पनि मिगार महाजनले नजिकैको कोठामा बसेर सुनीरहे । धनञ्जय महाजनले आफ्नी छोरीलाई यसरी उपदेश दियो -

"मैंया ! पतिकुलमा बस्ने बुहारीहरूले (१) भित्रको आगो बाहिर पठाउनु हुँदैन (२) बाहिरको आगो भित्र्याउनु हुँदैन (३) फिर्ता दिनेलाई मात्र दिनुपर्छ (४) फिर्ता नगर्नेलाई दिन हुँदैन । (५) फिर्ता गर्नेलाई पनि फिर्ता नगर्नेलाई पनि दिन सक्नुपर्छ । (६) सुखपूर्वक बस्नुपर्छ । (७) सुखपूर्वक भोजन गर्नुपर्छ (८) सुखपूर्वक सुत्नुपर्छ (९) आगोको सेवा गर्न सक्नुपर्छ । (१०) घर भित्रका देवताहरूलाई नमस्कार गर्नुपर्छ ।"

यी दशवटा उपदेश दिएर भोलिपल्ट कोशल राजाको पल्टनको बिचमा आठ खलक ठूला ठूला महाजनकुलका कुटुम्बिकहरू साक्षीको रूपमा अगाडी राखेर "यदि मेरी छोरी विवाहगरी पठाएको ठाउँमा यसको कुनै दोष उत्पन्न भयोभने तिमीहरूले शोधन गरि दिनुपर्छ" भनी नौ करोड मूल्य जाने "महालता पसाधन" नामको आभूषणले सजाई स्नान गर्ने साबुन खर्चको निम्ति चवन्नकोटि धन दिएर रथमा बसाई साकेत नगरको चारैतिर आफ्नो हकको अनुराधपुर जत्रो चौध असामी ठाउँमा "मेरी छोरीसँग जान चाहने जान सकिन्छ" भनी भ्यालि पिटाउन लगाए । तिनीहरूले त्यो शब्द सुन्नेबित्तिकै हाम्री मालिकनी गएपछि हामीमात्र यहाँ बसेर के गर्ने ? भनी चौध गाउँका मानिसहरू कुनै पनि बाँकि नरहने गरी बिशाखासँगै जान भनी निस्के । धनञ्जय महाजनले राजा र मिगार महाजनलाई सत्कार गर्दै अलि परसम्म पुऱ्याउन गई तिनीहरूलाई छोरी सुम्पी बिदा गरी पठायो ।

मिगार महाजन सबभन्दा पछि एउटा यानमा बसी गइरहेको बेलामा पछि पछि आईरहेका लस्करलाई देखेर यिनीहरू को हुन् ? भनी सोधे । यिनीहरू हाम्री बुहारीलाई सेवा सत्कार गर्ने दास दासीहरू हुन् भनेपछि यतिकालाई कस्ने पाल्न सकिन्छ र ? यिनीहरूलाई पिटेर भगाइदेउ । नभाग्नेलाइृ मात्र यतातिर आउन देउ भनेपछि बिशाखाले भैगो छाडिदेउ पिटेर भगाउनु पर्दैन, तिनीहरूको फौजले नै आफुलाई खानाको व्यवस्था गर्नेछ भने । महाजनको बुहारीले त्यसो भनेपनि अम्म! हामीलाई यतिका मानिसहरूको कुनै आवश्यकता छैन, कस्ले यतिका मानिसहरूलाई पाल्न सक्छ ? भनी माटोको डल्लो हिर्काउन लगाई लट्ठिले पिट्न लगाई भगाई बाँकि रहेकालाई मात्र यति भए हामीलाई पुग्छ भनी तिनीहरूलाई मात्र आफ्ना साथमा लगे ।

श्रावस्ती नगरको ढोका पुगेपछि बिशाखाले चिन्तना गरिन् कि - "चारैतिर छोपीराखेको यानमा बसेर नगरमा प्रवेश गर्ने कि रथमा बसेर सबैले देखिनेगरी जाने ?" अनि उनले यस्तो मनमा सोचिन् "छोपीराखेको यानमा बसेर म नगरभित्र पसे "महालता पसाधन" आभूषण धारण गरी आएको कुनै विशेषता हुँदैन" भनी उनले सबै नगरबासीहरूले आफुलाई देखिने गरी रथमा बसेर नै नगरमा प्रवेश गरिन् । श्रावस्ती नगरमा रहने नगरवासीहरूले बिशाखाको सम्पत्ति देखेर "यस्तो रहेछ बिशाखा, यस्ता सम्पत्ति त यसलाई मात्र लायक छ भनी भने ।

यसप्रकारले उनले महान सम्पत्ति लिएर मिगार महाजनको घरमा पसिन् । नगरमा पुगेकै दिनमा उनलाई सकल नगरवासीहरूले "हामीहरूलाई धनञ्जय महाजनले महान सत्कार गरी ल्याएको छ" भनी आ-आफ्नो औगात अनुसार उपहार चढाउने वस्तु पठाए । बिशाखाले ल्याएजत्ति उपहार वस्तु सबै सोही नगरमा बस्नेहरूलाई, आपसको कुलहरूलाई अदल बदल गराई दिन लगाइन् । यसरी उनले यो हाम्री आमा भन्न योग्यलाई दिनु, यो हाम्रा बुबा भन्न योग्यलाई दिनु, यो हाम्रा दाज्यु भन्न योग्यलाई देउ, यो हाम्री बहिनी भन्न योग्यलाई दिनु भनी तिनीहरूको बैंस अनुसार प्रियवचन बोल्दै उपहार (कोसेलि) दिनपठाई सम्पूर्ण नगरवासीहरू आफन्तजस्तै गरिन् । त्यसपछि सोही रातमा आजञ्ञ (असल जातका घोडा) ले बच्चा जन्माउन लागिन् । बिशाखाले दासीहरूसँगै मसाल बालेर समाउन लगाई आफु पनि गएर घोडीलाई तातो पानीले स्नान गराई, तेल घस्न लगाई आफु बस्ने ठाउँमा फर्के ।

मिगार महाजनले पनि आफ्नो छोराको बिवाह मङ्गल कार्य सिध्याई, स्थिररूपले विहारमा बास गरिरहनुभएका तथागतलाई नसम्भीकन धेरै समयदेखि नांगा निगण्ठहरू प्रति रहीरहेको प्रेमले गर्दा हाम्रा आर्यहरूलाई सत्कार गर्नुपऱ्यो भनीकन एकदिन सयौं नयाँ भाँडामा पानी नमिसिएको दूधमा खीर पकाउन लगाई पाँचसय नांगा (बस्त्र नभएका) अचेलकहरूलाई निमन्त्रणा गर्न लगाई आफ्नो घरमा बसाई "मेरी बुहारी आएर अरहन्तहरूलाई वन्दना गर्न आउ" भनी बिशाखाकहाँ समाचार पठायो । उनले अरहन्त भन्ने वचन सुनेर श्रोतापन्न भईरहेका आर्यश्राविका खुसी भएर अचेलकहरूलाई भोजन गराउने ठाउँमा आएर तिनीहरूलाई देखी यस्ता लज्या भय नभएका पनि अरहन्त हुन्छ र ? मलाई बेकारमा नै मेरा ससुराले बोलाउन पठाउनु भयो भनी महाजनलाई निन्दा गरी आफु बसेकै ठाउँमा फर्किन् ।



Downloaded from http://dhamma.digital/

अचेलकहरूले उनले त्यसो गरेको देखी सबैले एकै स्वरले महाजनलाई निन्दा गरे - "कसो तिमी महाजनलाई अरू कुनै बुहारी लाभ भएन ? श्रमण गौतमकी श्राविका महाचण्डालिनीलाई आफ्नो घरमा भित्रचायौं, छिट्टै यी बुहारीहरूलाई यो घरबाट निकाली दिनु" भने । महाजनले यिनीहरूको वचनले मात्र मैले बुहारीलाई निकाल्न सक्किंदन, ठूला कुलकी छोरी भन्ने चिन्तना गरी "हे आर्य, बच्चाहरू जानी नजानी यसरी अपराध गर्न सक्छ तपाईहरू चुप लाग्नुहव्स्, भनी तिनीहरूलाई फर्काएपछि आफु अनर्घ आसनमा बसेर सुनको थालमा स्वादिष्ट खीर भोजन गरीरहे ।

त्यसबेला एकजना पिण्डपातिक स्थविर भिक्षा आउनु भएको त्यस घरको अगाडी आइपुग्नुभयो । बिशाखा आफ्ना ससुराको पछाडी बसेर पंखा हम्कँदै थियो । उनलाई देखेर ससुरालाई बताउन योग्य नठानी महाजनले स्थविरलाई देखिनेगरी आफु पछिल्तिर हटिदिइन् । त्यो मूर्ख महाजनले स्थविरलाई देखेर पनि नदेखेझैं गरी निहुरेर भोजन गरिरहयो । बिशाखाले मेरा ससुराले स्थविरलाई देखेर पनि वास्ता गरेनन् भनी थाहा पाएर भनिन्, "अगाडि पाल्नुहवस भन्ते! मेरा ससुराले बासी खीर खाइरहनुभएको छ ।" उसले निगण्ठहरूले बिशाखाको शिकायत गर्दा सहीरहे पनि बासी खीर खाइरहयो भन्नेबित्तिकै खीरबाट हात झिकेर "यो खीर यहाँबाट हटाउ यी बुहारीले मलाई यस्तो मङ्गलकार्य गरिरहेको बेलामा बासी खीर खाइरहेछ भन्छे यी बुहारीलाई पनि यो घरबाट निकालीदेउ" भनी अऱ्हायो ।

त्यो घरमा भने दास दासीहरू सबैनै बिशाखाको घरबाट नै आइरहेका थिए । उसलाई कस्ले हात गोडा समातेर निकाल्न सक्थे ? मुखले मात्र पनि उसलाई घरबाट निस्की भन्न सक्ने कोहि थिएन । बिशाखाले ससुराको कुरा सुनेर भनिन् "भो ससुरा ! यति बचनले मात्र म यो घरबाट निस्कन सक्दिन । मलाई तपाईहरूलाई सुम्पेर पठाउँदा कुम्भदासी झैं भएर यो घरमा आएको होइन, मेरा आमा बाबु दुवै जीवमान भएका केटी यतिमात्रले यो घरबाट निक्लिदैन । यस्तै कारणले गर्दा नै मेरा बुबाले मलाई यहाँ पठाउँदा आठजना ठूला ठूला कुटुम्बिकहरू डाकेर यदि मेरी छोरीको कुनै दोष हुन गए तिमीहरूले शोधन गरिदिनु भनी मलाई तिनीहरूको हातमा सुम्पेर पठाएको हो । तिनीहरू सबै बोलाउन पठाई मेरो दोष छ छैन निर्णय गरी हेर्नु हवस् भनिन् ।

महाजनले यसले कल्याणको कुरा नै गरेको भनी आठ जना ठूला ठूला कुलको कुटुम्बिकहरू बोलाउन पठाई "यी बुहारीले मंगलको दिन आसनमा बसेर पानी नभएको खीर खाईरहेको बेला मलाई बासी भोजन खाईरहेको भनी भनेको कारणले गर्दा यसलाई घरबाट निकाली देउ" भनी सुनायो । "तिमीले यस्तो भनेको होकि ?" भनी तिनीहरूले सोध्दा बिशाखाले भनिन् "आर्य हो ! एकजना पिण्डपातिक स्थविर घरको संघारमा उभिई रहनु भयो । मेरा ससुराले उनलाई वास्ता नै नगरी खीर भोजन गरिरहनु भएकोले मेरा ससुराले यस आत्मभावमा कुनै पुण्य गर्नुभएन, पुराना पहिलेको पुण्यमात्र अनुभव गरि रहनु भयो" भन्ने मनमा सोचेर "अगाडी जानुहवस भन्ते ! मेरा ससुराले पुराना पुण्य खाइरहनु भएको छ" भनी भनेकी हुँ । यसमा मेरो के दोष छ ?" "छैन अम्म ! यसमा तिम्रो कुनै दोष छैन । बुहारीले त युक्तियुक्त कुरा नै भनेको हो, तपाई किन बुहारीदेखि यत्तिको रिसाउनु भएको ?" भनी सोधे । अनि महाजनले भन्यो - भैगो यो एउटा उसको दोष होइन भने, यी बुहारी एकदिन राति आधारातमा दासीहरू जम्मा गरी घरको पछाडितिर गइन् । तिनीहरूले "अम्म यसरी गएकी हौ?" भनी सोधेपछि, "तात ! म अरू कारणले गएकी होइन् यस घरमा सबभन्दा असल जातका घोडीले बच्चा पाउन लाग्दा वहाँहरूले वास्तै नगरी बसेको हुनाले म आफैं दासीहरूसँग मसाल बालेर तबेलामा गई घोडीले बच्चा पाउने बेलामा गर्नुपर्ने सेवा टहल गराउन गएकी हुँ" । अनि तिनीहरूले "हे महाजन ! हाम्री मैंयाले तपाईको घरमा दासीहरूले पनि नगरेको काम गरिदियो, तपाईले यसमा के दोष देख्नुभयो ?"

"आर्य ! यसमा पनि दोष छैन भनुं, यसको पिताले यसलाई यहाँ पठाउने बेलामा गुप्त कोठामा लगेर दशवटा उपदेश दिएर पठाएको छ, त्यसको अर्थ मैले बुझिन, बुहारीलाई भन्न लगाउ । यसका पिताले "घर भित्रको आगो बाहिर निकाल्न हुँदैन" भनिपठायो । हामीले कुनै छिमेकीहरूको घरमा आगो नभएर लिन आउँदा आगो नदिईरहन सक्ला ?" "मैंया यस्तो हो ?" - "तात ! मेरा पिताले आगो भनेको त्यो साँचैको आगोलाई भनेको होइन, कुन आगोलाई भनेको भने- आफ्नो घर भित्रको सासु ससुरा स्वामीहरू बिचको अवगुणको कुरा यताउति बस्ने छिमेकीहरूको घरमा गएर भन्न नजाउ । यसरी भन्नजाने बानी घरको आगो बाहिर लैजानु समान हो । यथार्थमा आगोलाई भनेको होइन ।"

"आर्य हो ! भैगो त्यो त त्यस्तै होस् । यसको पिताले "बाहिरको आगो घरभित्र ल्याउनु हुँदैन" भनिपठाएको छ, हाम्रो घरमा आगो नभएको बेलामा बाहिरको आगो आफ्नो घरभित्र नल्याइ रहन सक्ला ?" "मैंया यस्तो हो ?" "तात ! मेरा पिताले बाहिरको आगो भनेको त्यो साँचैको आगोलाई भनेको होइन, कुन आगोलाई भनेको भने दायाँ बायाँ रहेका छिमेकी घरका स्त्री होस् वा पुरूषले होस् आफ्नो घरका सासु ससुराहरूलाई दोष दिएर अवगुणको कुरा गरिरहेको सुनेर आई त्यसलाई पल्लोघरका फलानो नामको मानिसले तपाईलाई यसरी दोष दिएर कुरा गरिरहेको छ भनी आफ्नो घरभित्र आई भन्न आउनु हुँदैन भनेको हो, त्यो जस्तो आपसमा झगडा पार्ने ठूलो आगो अर्को छैन । त्यो यथार्थ आगोलाई भनेको होइन ।" भनी बताएपछि यो कारणले पनि बुहारी निर्दोष नै भयो । त्यस्तै नै अरू ठाउँमा पनि अर्थ बुझेर लिनुपऱ्यो ।



Downloaded from http://dhamma.digital/

त्यहाँको अभिप्राय अर्थ यस्तो हो- बिशाखाको पिताले दिइपठाएको उपदेश मध्ये "फिर्ता दिनेलाई मात्र दिनुपर्छ ।" भनेको अभिप्राय आफ्नो घरको वस्तु सापत्ति लगेर फिर्ता ल्याएकाहरूलाई मात्र फेरि माग्न आएको बखतमा दिनुपर्छ ।" भनेको हो ।

"फिर्ता नगर्नेलाई दिनु हुँदैन ।" भनेर वस्तु फर्काउन नजान्नेलाई दिई पठाउन हुँदैन भनेको हो ।

"फिर्ता गर्नेलाई पनि फिर्ता नगर्नेलाई पनि दिन सक्नुपर्छ ।" भनेको अभिप्राय के भने, दरिद्र भएका आफन्तहरू हुन्छन्, तिनीहरूले आएर कुनै कामको लागि धन लिएर जान्छन्, त्यो धन फिर्ता गर्न ल्याएन भनेर फेरि सापटि माग्न आउँदा नदिइ रहनु हुँदैन । दिन ल्याए पनि नल्याए पनि दिईरहनु पर्छ भन्ने अभिप्राय हो ।

"सुखपूर्वक बस्नुपर्छ" भनेको अभिप्राय सासु, ससुराहरू आउँदा उठेर सम्मान गर्नुपर्ने ठाउँमा, अग्ला अग्ला ठाउँमा बसिरहनु हुँदैन भनेको हो ।

"सुखपूर्वक भोजन गर्नुपर्छ" भनेको अभिप्राय सासु, ससुरा र आफ्ना स्वामीभन्दा पहिले आफुले खान हुँदैन, तिनीहरू सबैलाई खुवाई पिलाई सकेपछि सबैलाई पुग नपुग हेरेर मात्र सबभन्दा पछि बाँकी रहेको खानुपर्छ भनेको हो ।

"सुखपूर्वक सुत्नुपर्छ" भनेको अभिप्राय यो पनि सासु ससुरा र आफ्ना स्वामी सुत्नुभन्दा अगाडि आफु पहिले खातमा पल्टेर निदाउनु हुँदैन, तिनीहरूलाई गर्नुपर्ने सेवा सत्कार सबै गरिसकेपछि मात्र सबभन्दा पछि सुत्नुपर्छ भनेको हो ।

"आगोको सेवा गर्न सक्नुपर्छ" भनेको अभिप्राय के हो भने, सासु, ससुरा र आफ्ना स्वामीलाई समेत आगोको थुप्रो जस्तै भयंकर नागराज जस्तै सम्झेर डर भर लिएर काम गर्दै लानुपर्छ भन्ने हो ।

"घर भित्र देवतालाई नमस्कार गर्नुपर्छ ।" भनेको अभिप्राय पनि सासु ससुरा र आफ्ना स्वामी समेतलाई घरका देवता नै सम्झेर डर भर लिएर घरका काम गर्दै लानुपर्छ भनेको हो । यसरी महाजनले यी दश अववाद, उपदेशको अर्थ सुनेर जवाफ दिने केही नदेखेर अँध्यारो अनुहार पारी निहुरेर झुलीरहयो ।

अनि कुटुम्बिकहरूले "कसो हो गृहपति! हाम्री केटीको अरू पनि कुनै दोष हामीलाई सुनाउनु पर्ने छकि ?" भनी सोधे । "केहिपनि छैन आर्यहो ।" भनी प्रत्युत्तर दिएपछि "त्यसो भए यी निर्दोषी बुहारीलाई घरबाट किन निकाल्ने त ? भनी सोधे । त्यसपछि बिशाखाले भनिन् - "तात्! म मेरा ससुराको एकै वचनमा यो घरबाट बाहिर निस्कन योग्य छैन, मेरा बुबाले मलाई यहाँ पठाउनुहुँदा मेरो दोष छ-छैन शोधन गर्नुको निम्ति मलाई तपाईहरूको हातमा सुम्पेर ल्याएको हो । अब तपाईहरूले पनि म निर्दोष भएको भाव जानी लिनुभयो । अब म यहाँबाट गएपनि भयो भनी आफ्ना दास-दासीहरूलाई रथ यान आदि तयार गर भनी आज्ञा दिइन् । अनि मिगार महाजनले उनलाई तिनै आर्यहरूको आड लिएर "बुहारी ! मैले नजानीकन नबुझीकन तिमीलाई यस्तो भन्नपुगें मलाई क्षमा गरिदेउ" भने । "भो ससुराज्यू ! तपाईलाई मैले क्षमा त गरीहाल्छु परन्तु म भने बुद्ध शासनमा अत्यन्त श्रद्धा प्रसन्न भैरहेको कूलकी केटी हुँ । म तथागत र भिक्षु संघहरूको सेवा सत्कार गर्न नपाईकन यहाँ बस्न सक्दिन । यदि मेरो इच्छानुसार तथागत सहित भिक्षुसंघहरूलाई सेवा सत्कार गर्न पाइन्छ भने मात्र म यहाँ बसीरहन सक्छु" भनेपछि "अम्म! तिम्रो इच्छानुसार तिमीले चाहे अनुसार तिम्रा तथागत र भिक्षु संघहरूलाई घरमा निमन्त्रण गरी सेवा सत्कार गर्नु" भनी अनुमति दियो ।

बिशाखाले भोलिपल्ट नै दशबल सहित भिक्षुसंघहरू निमन्त्रण गरेर आफ्नो घरमा भित्र्याइन् । नांगा अचेलक निर्गन्थहरूले मिगार महाजनको घरमा तथागत पाल्नुभएको खबर थाहापाएर त्यहाँ गएर घरको चारैतिर घेरादिई बसीरहे । बिशाखाले हातधुने दक्षिणोदक पानी दिएर सबै भिक्षुसंघ र तथागतलाई गर्नुपर्ने सेवा सत्कार तैयार गर्न लगाई, हाम्रा ससुराज्यू शास्तालाई भोजन दान गर्न आउनु हवस भनी ससुरालाई समाचार पठाइ । मिगार महाजन आउन लाग्दा उनका गुरू आजीवकरूले भो महाजन तपाई श्रमण गौतमकहाँ जान पाईंदैन भनी छेकीराखे । उनले "मेरी बुहारीले नै यथायोग्य तथागतलाई भोजन अर्पण गर्नु" भनी जवाफ पठाइदियो ।

बिशाखाले बुद्ध प्रमुख भिक्षुसंघलाई भोजन गराई सकेपछि फेरी अर्को समाचार पठाइन्- "मेरा ससुराज्यू शास्ताको धर्मदेशना सुन्न आउनु हवस् । त्यसबेला महाजनले अब त नगई हुँदैन भनी धर्म श्रवण गर्न जान लाग्दा बोलाएर निर्गन्थहरूले भने- "भो महाजन श्रमण गौतमको धर्मकथा सुन्न मनलागे जाउ, परन्तु पर्दा बाहिर बसेर मात्र सुन्नु ।" महाजनले त्यहाँ जानुभन्दा पहिले नै त्यहाँ पर्दा राख्न लगायो, महाजन गएर पर्दाको पछाडी बस्न गए । शास्ताले तिमी पर्दा पछाडि बसेपनि, पर्वतकै पछाडि बसेपनि, अर्कै चक्रवालमा बसीरहेपनि, बुद्धले आफ्नो आवाज तिमीलाई सुनाउने शक्ति मसंग छ भनी महान जम्बुबृक्षको शाखा समातेर हल्लाउँदा जम्बुफल झरेझैं अमृत बर्षाएझैं धर्मदेशना गर्न क्रमशः आनुपूर्वी कथा बताउन प्रारम्भ गर्नुभयो ।

सम्यकसम्बुद्धले धर्मोपदेश गर्नुहुँदा अगाडी बसेपनि, पछाडी बसेपनि, सय चक्रवाल टाढा बसीरहेपनि, हजार चक्रवाल टाढा बसीरहेपनि, अकनिष्ठ देवभुवनमा गएर बसेपनि शास्ताले मलाई मात्र हेरी रहनुभएको, मलाई मात्र धर्मदेशना गरी रहनुभएको



Downloaded from http://dhamma.digital/

भनी सम्भिन्थ्यो । जस्तो चन्द्रमा आकाशको माभमा पर्दा आफ्नो टाउको माथी नै परेको जस्तो सबै सत्वप्राणीहरूले देखिए जस्तै जहाँसुकै बसीरहेपनि आफ्नो अगाडी नै बसीरहनु भएको जस्तो देखिन्छन् । यो बोधिसत्वहरूले अलंकार गरि सजाइराखेको शिर काटेर, गाजल लगाईराखेको आँखा निकालेर, हृदयको मासु निकालेर, अर्काको नोकर गर्न जालीकुमार जस्ता छोरा, कृष्णाजिनी जस्ती छोरी, मद्दीदेवी जस्ती महारानीलाई समेत परित्याग गरी दान दिई आएको फल हो ।

मिगार महाजन पनि तथागतको उपदेशमा विचार गर्दागर्दै पर्दाबाहिर बसेर नै हजार प्रकारले शोभायमान भैरहेको, स्रोतापत्ति फलममा प्रतिष्ठित भएर निश्चल स्थिर श्रद्धाले सम्पूर्ण भैरहेको तीन रत्नमा कुनै प्रकारको शंका नभएको भएर पर्दा उठाएर गई बुहारीको स्तनमा आफ्नो मुख अड्याई आजदेखी तिमी मेरी आमा समान भयौ भनी उनलाई आमाको स्थानमा राखे । उनी पनि त्यसबेलादेखी "मिगारमाता" को नामले जानिने भयो । पछि उनले छोरा पाएपछि मिगारो भनी नाउँ राखिन् । महाजनले बुहारीको स्तन छाडेर गई तथागतको चरणमा घोप्टोपरी हातले सुमसुम्याउँदै मुखले पनि चुम्बन गर्दै म मिगार हुँ भन्ते! म मिगार हुँ भन्ते! भनी तीनपटक सम्म आफ्नो नाउँ सुनाएर "भन्ते ! यत्तिका समयसम्म यहाँ दानदिंदा महत्वफल हुन्छ भन्ने थाहा पाइन, अब मेरी बुहारीको कारणले गर्दा जानेर लिएँ । सम्पूर्ण अपाय नरक दुःखबाट मुक्त भएँ । मेरी बुहारी यो घरमा परेको मेरो हितको निम्ति, अर्थको निम्ति आएकी हुन्" भनी यो गाथा पढे -

'सोहं अज्ज पजानामि, यत्थ दिन्नं महत्फलं ।

अत्थाय वत मे भद्दा, सुनिसा घरमागता ॥'

अर्थ - आज मैले कहाँ दान दिंदा महत्फल हुन्छ भन्ने जानेर लिएँ, निश्चय नै मलाई अर्थ-हितको निम्ति यस्ती असल बुहारी मेरो घरमा पसेकी हुन् ।

बिशाखाले भोलिपल्टको लागी पनि शास्तालाई निमन्त्रण गरिन् । स्रोतापत्ति फलमा पुगेका मिगार महाजनले त्यसबेला देखी त्यो घर शासनको निम्ति जहिले पनि ढोका खुला राख्ने भयो । अनि मिगार महाजनले चिन्तना गऱ्यो - मेरी बुहारीले मलाई ठूला उपकार गरिन् यसलाई मैले प्रसन्न पार्न कुनै काम गरिदिनुपऱ्यो" भनी यी बुहारीको गऱ्हौं गहना सधैंभरि लगाई राख्न सकिंदैन । उसले रात दिन सबै इरियापथमा लगाई राख्न सकिंदैन । उसले रात दिन सबै इरियापथमा लगाई राख्न सकिने हलुका एउटा गहना बनाइ दिनुपऱ्यो भनीकन एकलाख मुल्य पर्ने "घनमट्ठक" भन्ने गहना बनाउन दियो ।

त्यो गहना सुवर्णकारहरूले बनाएर ल्याउँदा बुद्ध प्रमुख भिक्षुसंघ निमन्त्रण गरेर आदर सत्कार पूर्वक भोजन गराई, बिशाखालाई सोऱ्हघडा सुगन्ध जलले स्नान गराई शास्ताको अगाडि राखी त्यो हलुका गहनाले अलंकृत गरी वन्दना गर्न लगायो । शास्ताले भुक्तानुमोदन गर्नुभई आशिर्वाद दिई विहारमै फर्कनुभयो । बिशाखाले पनि त्यसबेलादेखि दानआदि पुण्यकर्म पालना गर्दै शास्ताको तर्फबाट आठ बर प्राप्त गरी आकाशको चन्द्रमा जस्तै प्रसिद्ध भई छोरा छोरीहरूसँग अभिवृद्धि हुँदै गइन् । उनका दश छोराहरू र दश छोरीहरू छन् । ती मध्ये एकका दश दश छोराहरू र छोरीहरू भए । ती नातीहरूका पनि प्रत्येकका दश दश छोराहरू र छोरीहरू भए । यसरी बिशाखाका छोराहरू, नातीहरू, पनातिहरू सन्तान परिवारको रूपमा भएकाहरूको संख्या आठ हजार चार सय बीस जना भए । त्यसैले भनेको -

बिशाखा बीसति पुत्ता, नत्ता च चतुरो सता ।

पनत्ता अट्ठसहस्सा, जम्बुदीपे सुपाकता"ति ॥

उनी एकशय बीस वर्षसम्म बाचीरहिन् । त्यतिका आयुसम्म बाँचेर पनि शिरमा एउटा सेतो कपाल उम्रियो भन्ने छैन । जहिले हेरेपनि सोऱ्ह वर्षकी तरूणी स्त्री जस्तै देखिन्थे । उनी छोराहरू नातीहरू पनातीहरू परिवारहरू जम्मा गरी विहारमा गइरहेको बेलामा यिनीहरू मध्ये बिशाखा यी हुन् भनी चिन्न सकिन्नथे । जस्ले गइरहेको देख्छन् अभ अलिकति गएको हेर्न मनपराउँथे । हाम्री मालिक्नी त्यसरी गइरहेको हेरीरहन मनलाथ्यो भनी मनमा चिताउँथे । जसले उभिइरहेको, बसीरहेको, पल्टिईरहेको देख्छन् उसले अभ अलिकति हाम्री मालिक्नी पल्टिईरहे हुन्थ्यो । उनी पल्टिई रहेको हेरीरहनुनै रमाइलो लाग्थ्यो भनी मनमा चिताउँथे । यसरी उनी चारै इरियापथहरूमा कहिंपनि शोभा छैन भनी भन्न सकिंदैनथ्यो ।

बिशाखाले पाँचवटा हात्तीको बल धारण गरेकी थिइन् । राजाले यो कुरा सुनेर विहारमा गई धर्म श्रवण गरेर आईरहेको बेलामा उसको बल परीक्षा गर्न भनी उनी आइरहेको बाटोमा हात्ती छोड्न लगायो । त्यो हात्तीले सुंड उचालेर उफ्रदै बिशाखाको अगाडि आइपुग्यो । उनको चारैतिर आइरहेका पाँचसय स्त्रीहरू मध्ये कुनै भागे, कुनैले उनलाई नछाडीकन आइरहेकाहरूसँग यो के हो भनी सोधेपछि "मालिकनी! राजाले तपाईको बल परीक्षा गर्नुको निम्ति हात्ती छोड्न लगाएको हो" भनी बताए । बिशाखाले यो हात्तीदेखी किन भाग्नुपरेको छ ? भनी उसले यो हात्तीलाई कसरी समाउनु पर्ला भनी चिन्तना गर्दा यदि बेसरी समायो भने



Downloaded from http://dhamma.digital/

हात्ती मर्नसक्छ, भनी दुई औंलाले हाथीको सुंड च्यापेर घचेटी दिइन् । हात्तीले थाम्न सकेर दरवारको अगाडि टुक्रुक्क बसेर पछि थ्याच्च बस्न गयो । यो आश्चर्य देखेर त्यहाँ जम्मा भैरहेका सबै जनताहरूले साधुकार दिए । बिशाखा पनि परिवार सहित सकुशल आफ्नो घर गइन् ।

त्यसबेला श्रावस्ती नगरमा बिशाखा मिगारमाताका धेरै छोराहरू, नाती र पनातिहरू निरोगी भएर शुभ मङ्गलले संयुक्त भएका थिए । त्यत्तिका परिवारहरू हजारौं मध्ये एकजना पनि अकालमा बिचमै मऱ्यो भन्ने थिएन । श्रावस्तीवासीहरूले मङ्गल उत्सव गर्दा जनताहरू मध्येमा पहिले बिशाखा महाउपासिकालाई निमन्त्रण गरेर मात्र भोजन गराउँथे । एक दिन एक उत्सवमा धेरै जनताहरू वस्त्रालंकारले सुसज्जित भई धर्म श्रवणको निम्ति विहारमा जान बिशाखालाई पनि निमन्त्रण गरीराखेको ठाउँमा नै भोजन गराई "महालता प्रसाधन" अलंकारले अलंकृत भई जनताहरूसँगै विहारमा जाँदा गहना फुकाली पोकोपारी एकजना दासीलाई समाउन लगाए । यसको विषयमा भनेको छ-

त्यस बखतमा श्रावस्ती नगरमा उत्सव भईरहेको थियो, मानिसहरू अलंकृत भई सिंगारी बगैचातिर गईरहे । बिशाखा मिगारमाता पनि आफुलाई अलंकृत पारी सिंगारी विहार तिर गईरहिन् । अनि उसले गहना फुकाली एउटा पछ्यौरामा पोकापारी दासीलाई दिईन् "हे प्रिया दासी! यो पोका समात लेउ" भनी ।

उनी विहारमा जाँदा यस्तो अनर्घ, शिरदेखि तल गोडासम्म अलंकृत भई रहने गहना लगाएर सिंगारी विहारमा पस्न योग्य छैन भनी गहना फुकालेर पोका पारी आफ्नो पुण्यको प्रतापले नै पाइरहेको पाँच हात्तीको बल भएकाले दासीको हातमा सुम्पी दिइन् । उसले मात्र त्यो गहना समाउन सकिने थियो । तसर्थ उसलाई बिशाखाले भनिन्, "अम्म दासी यो गहनाको पोका समाउ, शास्ताकहाँबाट फर्कदा लगाउनुपर्छ" भनी दिएर घनमट्टक प्रसाधन भनिएको हलुका गहना लगाएर शास्ताकहाँ गएर धर्म श्रवण गर्न गइन् । धर्मदेशना सिद्धिएपछि भगवान्लाई वन्दना गरेर उठेर फर्किनन् । दासीले उनको त्यो गहना लिन बिर्सेर गइन् । धर्म श्रवण गरी फर्केका मानिसहरूले यदि कुनै वस्तु बिर्सेर गएको रहेछ भने त्यो वस्तुलाई आनन्द स्थविरले हेर विचार गरी राख्नुहुन्थ्यो । यसरी उहाँले त्यसदिन त्यो पोका देखेर शास्ताकहाँ गएर भन्नुभयो । "भन्ते! बिशाखाले उनको गहनाको पोका बिर्सेर गइन्" । तथागतले एक छेउमा राखीदेउ आनन्द भनी आज्ञा भएपछि स्थविरले त्यो गहनाको पोको उचालेर लगी भऱ्याङ मुनि राख्न लानुभयो ।

बिशाखापनि आगन्तुक र यात्रामा जाने, बिरामी भएकाहरू आदि भिक्षुहरूलाई गर्नुपर्ने उपकार सेवा सत्कार गऱ्यो गरेन जान्न भनी विहारभित्र घुम्न गइन् । ती उपासिकाहरू विहार भित्र देखेर घ्यू, मह, तेल आदि चाहना गर्ने धेरैजसो ससाना श्रामणेरहरू थाल आदि भाँडा लिएर तिनीहरूकहाँ आउँथे । त्यसदिन पनि त्यस्तै भाँडा लिएर तिनीहरूकहाँ आउँथ्यो । त्यसदिन पनि त्यस्तै आउन थाले । अनि एकजना बिरामी भएको भिक्षुलाई देखेर सुप्पियाले "तपाईलाई के आवश्यक पर्‍यो ?" भनी सोध्दा "मंसरस" भनेपछि हुन्छ आर्य म पठाई दिउँला भनी भोलिपल्ट कप्पिय भएको अर्थात योग्य मंस नपाएर आफ्नो तिघ्रानिरको मासु काटेर रस बनाई पठाई दिइन् । पछि शास्ताको प्रतापले तिघ्रा जस्ताको तस्तै भयो ।

बिशाखा महाउपासिका पनि बिरामी भएका ससाना श्रामणेर हेरिसकेपछि अर्को ढोकाबाट निस्केर विहारको बाहिर बसी "पिया दासी मैत्रा! गहना ल्याउ लगाउँछु" भनिन् । त्यसबेला ती दासीले गहनाको पोको बिर्सेर आएको सम्झी "आर्य! त्यहिं लिन बिर्सेर आएँ" भनी बताइन् । "त्यसोभए फर्केर गई लिएर आउ, यदि हाम्रा आर्य आनन्द स्थविरले उठाएर अर्को ठाउँमा राख्न लगिसकेको भए नल्याउनु, त्यो गहना आर्यलाई नै मैले त्याग गरें" भनिन् । जेतवन विहारमा धर्म श्रवण गर्न जाने मानिसहरूले बिर्सेर गएका वस्तुहरू स्थविरले त्यसरी सुरक्षित गरि राख्नुहुन्छ भन्ने कुरो बिशाखालाई थाहा थियो । तसर्थ यसो भनि पठाएकी थिइन् । स्थविरले पनि ती दासी फर्केर आएको देखी आनन्द स्थविरले 'के गर्नुपऱ्यो' भनि सोध्नु भयो । हाम्रा मालिकनीको गहनाको पोको बिर्सेर गएँ भनेपछि "मैले उता भरेङ्गमुनि राखीदिएको छु, त्यहाँ गएर गहनाको पोको लिएर जाउ भन्नुभयो । ती दासीले "आर्य तपाईको हातले छोइसक्नु भएको त्यो गहनाको पोकोलाई फर्काएर लानयोग्य छैन भनी भन्नुभएको छ" भनी खालि हातले नै फर्केर गइन् ।

के हो मैयाँ भनी बिशाखाले सोध्दा त्यो कारण बताइन् । "प्रिया दासी मेरा आर्यले छोइसक्नुभएको वस्तुलाई म लगाउँदिन मैले आर्यहरूलाई नै परित्याग गरिसकें । आर्यहरूले त्यो गहना रक्षा गरिराख्न गाह्रो पर्छ, दुःख होला, त्यो गहना बेचेर आर्यहरूलाई योग्य भएको वस्तु लगिदिन पर्ला, जाउ गहनाको पोको लिएर आउ" भनेपछि उनी दासी फेरि गएर लिएर आइन् । बिशाखाले त्यो गहना नलगाईकन नै ल्याएर सुवर्णकारहरू बोलाउन पठाई मूल्य राख्न लगाइन् । तिनीहरूले नौ करोड मूल्य जान्छ, त्यो गहना बनाएको मिहेनत एक लाख भनि किटान गरिदिए । त्यसोभए यो गहना बिक्रि गरी पठाउ भनी आज्ञा दिइन् । त्यतिको धन तिरेर त्यो गहना कसैले किन्न सकिदैन । त्यो गहना लगाउन सक्ने स्त्रीपनि दुर्लभ नै हुन्छ । यो पृथ्वी तीनजना स्त्रीहरूले "महालता



Downloaded from http://dhamma.digital/

पसाधन" गहना लाभ गरेकीछिन् । १. बिशाखा महाउपासिका २. बन्धुल मल्ल सेनापतिकी स्त्री मल्लिका देवी र ३. बाराणसी महाजनकी छोरी ।

त्यसकारण बिशाखाले आफैले त्यसको मुल्य तिरेर एक लाख रूपैयाँ र नौ करोड धन गाडामा राखेर विहारमा लगी शास्तालाई वन्दना गरी "भन्ते ! आर्य आनन्द स्थविरले मेरो गहना उचालेर अर्को ठाउँमा राख्नुभयो । मेरो गहना उहाँको हातले स्पर्श गरिसकेपछि मैले त्यो गहना लगाउन योग्य भएन । त्यो गहना बेचेर तपाईहरूलाई योग्य भएको कुनै वस्तु चढाउँछु भनी बिक्री गर्न लगाउँदा किन्न सक्ने कुनै नहुँदा मैले नै किनेर लिएँ । त्यसको मुल्य रूपैयाँ लिएर आएकी छु । चतुप्रत्यय मध्ये कुन प्रत्ययमा खर्च गरौं ?" भनी सोधेपछि तथागतले "पूर्वदिशातिर ढोकाको सँगै संघहरू बस्न एउटा विहार बनाउन योग्य छ बिशाखा" भनी आज्ञा हुनु भयो । भन्ते ! त्यसो भए असलै भयो, हुन्छ भनी बिशाखाले मन प्रसन्न पारी नौ करोड धन खर्च गरेर जमीन खरीद गरिन् । अर्को नौ करोड धन खर्च गरेर विहार बनाउने काम थालिन् ।

त्यसपछि एकदिन शास्ताले बिहान सबेरै लोकमा ध्यानद्वारा विचार गरि हेर्नुहुँदा देवलोकबाट च्युत भई भद्दिय नगरमा महाजन कुलमा जन्म भएको भद्दिय नामको महाजन पुत्र अरहन्त हुने उपनिस्सय सम्पत्ति देख्नुभई अनाथपिण्डिक महाजनको घरमा जलपान गरी उत्तरद्वारतिर हेरी जानुभयो । स्वभावैले शास्ता बिशाखाको घरमा भिक्षा लिएर दक्षिण द्वारबाट निस्कनु भई जेतवन विहारमा बास गर्नुहुन्थ्यो । अनाथपिण्डिक महाजनको घरमा भिक्षा लिई पूर्वपट्टिको द्वारबाट निस्केर पूर्वाराम विहारमा बास गर्नुहुन्थ्यो । उत्तरतिरको द्वारतिर हेरी जानुभएका शास्तालाई देखेर उनी अवश्य नै चारिकाको निम्ति पाल्नुभयो भन्ने भाव जान्ने बिशाखाले त्यसदिन तथागत उत्तरद्वारतिर हेरी जानुभयो भन्ने सुन्ने बित्तिकै बेगले गएर बन्दना गरी बिन्ति गरिन् "भन्ते ! चारिकाको निम्ति पाल्नु भएको हो कि?" "हो बिशाखा" भनी उत्तर दिनु भयो । "भन्ते यत्तिका धन परित्याग गरी तपाईको निम्ति विहार बनाउन गलाउँदैछु । फर्कनु हवस भन्ते!" "हे बिशाखे यो मेरो गमन फर्कन हुने गमन होईन" भनी उत्तर दिनु भयो । उनले अवश्यमेव तथागतले हेतु सम्पन्न कुनै व्यक्तिलाई देख्नुभयो होला भनी विचार गरेर "त्यसो भए भन्ते मैले गराइराखेको कार्य निरिक्षण गर्नसक्ने भिक्षु एकजना छाडी जानु हवस" भनी बिन्ति गरिन् । तथागतले "तिमीलाई मनपर्ने भिक्षुको भिक्षापात्र लेउ बिशाखा !" भन्नुभएपछि बिशाखाले आनन्द स्थविरलाई सबैले प्यार गरेपनि महामौदगल्यायन स्थविर ऋद्धिवान हुनुहुन्छ, वहाँको कारणले गर्दा जुनसुकै कार्य पनि छिट्टै सिद्ध गर्न सकिन्छ भन्ने चिन्तना गरी महामौद्गल्यायन स्थविरको भिक्षापात्र समाते । स्थविरले शास्ताको मुख ताके । शास्ताले तिम्रा पाँचसय परिवार भिक्षुहरू लिएर फर्क मौद्गल्यायन भनि आज्ञा गर्नुभयो ।

उनको आनुभावले पैंतीस योजन टाढा भएको ठाउँबाट पनि रूखको निम्ति, ढुंगाको निम्ति जानेले ठूला ठूला रूखहरू, ठूला ठूला ढुंगाहरू लिएर सोहि दिन फर्कन्थे । रूख र ढुंगाहरू पनि गाडामा राखेर ल्याउनु परेन गाडाको धूर भाँचिनु पनि परेन । छिट्टै नै दुईतले प्रासाद विहार निर्माण भयो । तलको तल्लामा पाँचसय कोठा, माथिल्लो तल्लामा पाँचशय कोठा यसरी हजार कोठाले शोभायमान भएको प्रासाद तयार भयो । आठ करिस परिशुद्ध भूमिभागमा प्रासाद निर्माण गरेर "यस्तो शुद्ध प्रासाद मात्रले पनि शोभा भएन भनी चिन्तना गरेर पाँच प्रधान-वेत्तगृह सयवटा, पाँच चुल्ल-प्रासाद सयवटा, पाँच दीघभालक सयवटा बनाउन लगाइन् ।

शास्ता नौमहिनासम्म चारिका गर्नुभई फेरि श्रावस्तीमा फर्कनु भयो । बिशाखाले पनि नौ महिना भित्र नै प्रासाद बनाउने कार्य सम्पन्न गराई प्रासादको गजूर रातो सुवर्णको पाताको साठीवटा पानीको घडा जत्रो बनाउन लगाइन् । शास्ता जेतवन विहारतिर जानुभयो भन्ने खबर सुनेर स्वागत गरी शास्तालाई आफ्नो विहारमा लगी वचन प्राप्त गरिन् । भन्ते ! तपाई यो "चतुर्मास" चारमहिना भिक्षुसंघ सहित यहिं विहार गर्नु हवस, प्रासाद विहारको पनिस्था गर्छु भनि बिन्ति गरेपछि शास्ताले स्वीकार गर्नु भयो । बिशाखाले त्यसबेलादेखि बुद्धप्रमुख भिक्षुसंघलाई विहारमै भोजन दान गरिरहिन् । अनि उनकी एकजना साथीले एक हजार मूल्य जाने एकटुक्रा कपडा लिएर आई बिशाखालाई भनिन् "मैले यो कपडा एकटुक्रा तिम्रो प्रासादमा कतै भुईंमा ओछ्याउन चाहन्छु । कुन ठाउँमा ओछ्याउँ, त्यो ठाउँ एकपटक देखाइ देउ ।" हे साथी हुन्छ, यदि मैले तिमीलाई ओछयाउने ठाउँ छैन भनुँ भने मलाई यो एकटुक्रा कपडा पनि ओछ्याउन दिएन भनौली, तसर्थ तिमीले नै प्रासादको दुवै तल्लामा हजारवटा कोठामा हेरी ओछ्याउने ठाउँ छानेर ओछ्याउ, भनेपछि उसले त्यो एकहजार मुल्यपर्ने कपडा लिएर घुमेर हेर्दा त्योभन्दा कमसल कपडा ओछ्याई राखेको कहिंपनि नदेखी मलाई यो प्रासादको पुण्य भाग नपाउने भयो भनि दुःखमनाउ गरी एकठाउँमा बसेर रोईरहिन् ।

अनि उसलाई आनन्द स्थविरले देखेर "तिमी किन रोइरहेकी ?" भनी सोध्नुभयो । उसले त्यो कुरा बताइन् । स्थविरले चिन्ता नगर मैले तिमीलाई यो कपडा ओछ्याउने ठाउँ देखाइदिन्छु भन्नुभई भऱ्याङ्गमुनि गोडाधुने ठाउँको बिचमा गोडा पुछ्ने कपडा तुल्याई ओछ्याउ, भिक्षुहरूले गोडा धोई सक्ने बित्तिकै सबभन्दा पहिले तिमीले ओछ्याएको कपडामा टेकेर गोडा पुछेर विहारमा पस्नु हुनेछ । यसरी तिमीलाई महान फल प्राप्त हुनेछ भन्नु भयो । बिशाखाले यो एउटा ठाउँ आफ्नो मनले विचार पुऱ्याउन सकेको रहेनछ ।



Downloaded from http://dhamma.digital/

बिशाखा महाउपासिकाले चतुर्मास चार महिनासम्म आफ्नो विहार भित्र नै बुद्ध प्रमुख भिक्षुसंघलाई दान दिइन् । अन्तिम दिनमा भिक्षुसंघलाई चीवर एक एक ओटा दान दिइन् । सबभन्दा कान्छो नयाँ भिक्षुले प्राप्त गरेको चीवर एकओटाको एक हजार मुल्य पर्थ्यो । सबै भिक्षुहरूको भिक्षापात्रभरि औषधि दान गरिन् । दान दिने काममा मात्र परित्याग गरेको मूल्य नौ करोड धन खर्च गरिन् । यसरी विहारको निम्ति जमिन किन्न नौ करोड, विहार निर्माण गर्न नौ करोड धन, विहार पनिस्था गर्न नौ करोड धन जम्मा सत्ताईस करोड धन बिशाखाले बुद्ध शासनको निम्ति परित्याग गरिन् । धनी महाजन कुलमा जन्मेर मिथ्यादृष्टि कुलमा विवाह गरिकन पनि यस्तो कसैले गर्न नसकिने परित्याग गरेकी अरू कुनै थिएन । बिशाखाले विहार पनिस्था सिद्धिएको दिन ठूलो, प्रशस्त छायाँ भएको रूखमुनि बसेर छोराहरू, नातीहरू, पनातीहरूले परिबृत भई मैले पहिले प्रार्थना गरिआएको सबै इच्छा पूर्ण भयो भनी प्रासाद र विहार घुम्दै मधुर स्वरले पाँच गाथाद्वारा आफ्नो मनको प्रीति वचन प्रकट गरिन्-

'कदाहं पासदं रम्मं, सुधामत्तिकलेपनं ।

बिहारदानं दस्सामि, सङ्कप्पो महच पूरितो ॥'

अर्थ :- मैले कहिले प्लास्टर गरी माटोले लिपीराखेको सुरम्य प्रासाद बनाएर दानदिन सकुंला भन्ने यो मेरो संकल्प (आज) सम्पूर्ण भयो ।

कदाहं मञ्चपीठञ्च, भिसिबिम्बोहनानि च ।

सेनासनभण्डं दस्सामि, सङ्कप्पो महच पूरितो ॥

अर्थ : मैले कहिले खात, कुर्सि, गड्डा, दसना, तकिया इत्यादि शयनासन वस्तु दान दिन सकुँला भन्ने यो मेरो संकल्प ( आज) सम्पूर्ण भयो ।

कदाहं सलाकभत्तं, सुचिमंसूपसेवनं ।

भोजनदानं दस्सामि, सङ्कप्पो महच पूरितो ॥

अर्थ : मैले कहिले सलाक भोजन शुद्ध मंस, मत्स्य संयुक्त भैरहेको भोजन दान दिन सकुंला भन्ने यो मेरो संकल्प (आज) सम्पूर्ण भयो ।

कदाहं कासिकं वत्थं, खोमकप्पासिकानि च ।

चीवरदानं दसीमि, सङ्कप्पो महच पूरितो ॥

अर्थ : मैले कहिले काशी देशको रेसमी बस्त्र र कपासको चीवर बनाएर दान दिन सकुला भन्ने यो मेरो संकल्प (आज) सम्पूर्ण भयो ।

कदाहं सप्पिनवनीतं, मधुतेलञ्च फाणितं ।

भेसज्जदानं दस्सामि, सङ्कप्पो महच पूरितो ॥

अर्थ : मैले घिउ, नौनि, मह, सखरको सर्वत, तेल, औषधी दान दिन सकुँला भन्ने यो मेरो संकल्प (आज) सम्पूर्ण भयो ।

भिक्षुहरूले उनको शब्द सुनेर शास्ताकहाँ गएर बिन्ति गर्न गयो "भन्ते ! हामीले यतिका समय भइसक्यो, बिशाखा महाउपासिकाले गीत गाएको कहिल्यै सुनेको छैन, आज उनले छोरा, नाती, पनातीहरूले परिबृत भई गीत गाउँदै प्रासाद घुमीरहिन्, उसलाई के भयो होला भन्ते ! पित्त कोप भयो कि, त्यसो होइन भने बहुलाही भएको हो कि ?" शास्ताले 'होइन भिक्षु हो ! मेरी छोरीले गीत गाइरहेकी होइन, उसले संकल्प गरिआएको सम्पूर्ण भएको हुनाले, प्रार्थना गरिआएको आशिका सबै सम्पूर्ण भयो भनी मन प्रसन्न भएर प्रीतिवचन प्रकाश गर्दै घुमीरहेको हो भनी आज्ञा गर्नुभयो । "भन्ते ! उसले कहिले प्रार्थना गरेको हो ?" "सुन्न चाहन्छौं भिक्षु हो ! भनी तथागतले सोध्नुभएपछि 'सुन्छौं भन्ते !' भनी भिक्षुहरूले उत्तर दिए । अनि तथागतले अतीतको कुरा आज्ञा गर्नुभयो -

हे भिक्षु हो ! आजभन्दा (सय हजार) एक लाख कल्प अगाडी पदुमुत्तर नामको बुद्ध लोकमा उत्पन्न हुनुभयो । उहाँको एक लाख वर्ष आयु थियो । उनका परिषदहरू एकलाख क्षीणाश्रव भिक्षुहरू थिए । नगरको नाम हंसवती थियो । पिताको नाम सुनन्द तथा आमा सुजाता नामकी महारानी थिइन् । उनका अग्र उपस्थापिका हुनुभएकी एक जना स्त्रीले आठ वर मागेर लिई आमाको स्थानमा बसेर शास्तालाई चतुप्रत्ययद्वारा सेवा सत्कार गरिरहिन् । सन्ध्या समयमा र बिहान उपस्थानको निम्ति शास्ताकहाँ जाने गर्थिन् । ती उपस्थापिकाकी साथी स्त्री एकजना दिनहुँ उनीसँगै विहारमा जाने गर्थिन् । उनले आफ्नी साथीको शास्तासँग



Downloaded from http://dhamma.digital/

विश्वास र हिमचिम भैरहेको देखेर के गर्दा यसरी बुद्धसँग हिमचिम र विश्वासी बन्न सकुंला भनी चिन्तना गरी शास्तासँग सोधिन् "भन्ते ! यी स्त्री तपाईको को पर्दछ ?" "उपस्थापिकाहरू मध्ये अग्र हुन्" भनेपछि "भन्ते ! के गरे यसरी उपस्थापिकाहरू मध्ये सबभन्दा अग्र, उत्तम हुन सकिएला ?" "सय हजार कल्प आशिका प्रार्थना गऱ्यो भने अग्र उपस्थापिका हुन पाइन्छ ।" "अहिले प्रार्थना आशिका गरें भने हुन सकिएला ?" "अवश्य हुन सकिन्छ ।" त्यसो भए "भन्ते ! सय हजार भिक्षुसंघ सहित सातदिन सम्मलाई मेरो भिक्षा दान स्वीकार गर्नु हवस" भनी याचना गरिन् । शास्ताले मौन भावले स्वीकार गर्नुभयो ।

उनी स्त्रीले सातदिन सम्म महादान दिएर अन्तिम दिनमा चीवर वस्त्र दान गरेर शास्तालाई वन्दना गरी पाउमुनि घोप्टोपरी "भन्ते ! मैले यो दानको विपाक फल देवताहरूको सुख ऐश्वर्यादि कुनै आशिका गरेको छैन, तपाईजस्तो एक बुद्धसँग आठ वर प्राप्त गरी आमाको स्थानमा रहेर चतुप्रत्ययद्वारा सेवा सत्कार गर्नेहरूको बिचमा सबभन्दा अग्र, उत्तम भएकी हुनपाउँ" भनी प्रार्थना गरिन् । शास्ताले यसको यो प्रार्थना सिद्ध हुने हो कि भनी अनागततिर विचार गरि ध्यानले सय हजार कल्पसम्म हेर्नुभई सय हजार कल्पपछि गौतम नामको बुद्ध उत्पन्न हुनेछ । त्यस बखतमा तिमी बिशाखा नामकी उपासिका भएर उनीबाट आठ वर प्राप्त गरी आमाको स्थानमा रही चतुप्रत्ययद्वारा सेवा सत्कार गर्नेहरूको बिचमा सबभन्दा अग्र उत्तम हुनेछिन्" भनी भविष्यवाणी गर्नुभयो । उसलाई त्यो सम्पत्ति भोलि नै साक्षात्कार गरीलिनु परेको जस्तो भएर आयो ।

उनले त्यहाँ आयु छउञ्जेल पुण्य गर्दै त्यहाँबाट मृत्यु भई देवलोकमा जन्म भइन् । देव, मनुष्यलोकमा घुम्दै काश्यप तथागतको समयमा किकि नामको काशीराजकी सातओटी छोरीहरू मध्ये सबैभन्दा कान्छी संघदासी नामकी भएर अन्यकुलमा विवाह गरी तिनकी दिदीहरूसँग धेरै समय सम्म दानादि पुण्यकर्म गरी काश्यप तथागतको पाउमुनि पनि "अनागतमा तपाईजस्तै बुद्धको आमाको स्थानमा बसेर चतुप्रत्यय दान दिनेहरूको बिचमा अग्र हुनपाउँ" भनी प्रार्थना गरिन् । उनले त्यसबेला देखि देव, मनुष्यलोकमा घुम्दै यस आत्मभावमा मेण्डक महाजनको छोरो धनञ्जय महाजनकी छोरी भएर जन्म ग्रहण गरिन् । मेरो बुद्धशासनमा निकै पुण्यकर्म गरिन् ।

भिक्षु हो ! यसरी मेरी छोरीले गीत गाएर हिंडेकी होइन्, आफुले गरिआएको आशिका प्रार्थना सम्पूर्ण भएको देखेर आफ्नो हृदयमा उत्पन्न भएर आएको (प्रसन्नता हृदययोद्‌गार) उदान प्रकट गरेर हिंडेकी हुन्, भनी आज्ञा गर्नुभै शास्ताले धर्मदेशना गर्नुभई "हे भिक्षु हो ! जस्तो दक्ष, कुशल मालीले अनेक प्रकारका फूलहरूको रासको अगाडि बसेर नाना प्रकारका राम्रा राम्रा माला उनेर लान्छ त्यस्तै नै बिशाखाले पनि नाना प्रकारका कुशल धर्म गर्नलाई आफ्नो चित्त नमन गरेकी हुन्, भनी आज्ञा गर्नुभई यो गाथा आज्ञा गर्नुभयो-

'यथा"पि पुप्फरासिम्हा कयिरा मालागुणे बहु ।

एवं जातेन मच्चेन कत्तब्बं कुसलं बहु"ति ॥'

अर्थ : चतुर भएकी मालीले फूलको रासमा राम्रा राम्रा फुलहरू छानेर माला उनेझैं, संसारमा जन्मेका मानिसहरूले पनि धेरै पुण्य गर्नु पर्दछ ।

त्यहाँ "पुप्फरासिम्हा" भनेको नाना प्रकारका फुलको थुप्रो हो । "कयिरा" भनेको फुलको माला उनेको भनेको हो । "मालागुणे बहु" भनेको अनेक प्रकारका राम्रा राम्रा फुलको माला भनेको हो । "मच्चेन" भनेको मर्नुपर्ने भन्ने आशयले मानिस भनेको हो । त्यस्ता सत्व प्राणीहरूले चीवर दान दिने इत्यादि अनेक प्रकारका कुशलकर्म गर्नु पर्छ । फेरि फुलको राशि भनेको धेरै फूल देखिने ठाउँलाई भनेको हो । यदि फूल धेरै नभए मालिले राम्रोसँग फूलको माला गाँस्न जान्ने भएपनि निकै राम्रो माला गाँस्न सक्दैन । फूलको माला गाँस्न नजान्ने मालिले पनि राम्रा माला गाँस्न सक्दैन । धेरै नै नाना प्रकारका फूलहरूको रास भएको ठाउँमा राम्रोसँग सिप हुने माली भयो भने निकै राम्रा माला उनेर लान्छ, त्यस्तै नै एकजनाको श्रद्धा धेरै छैन भोगसम्पत्ति भने धेरै भएको हुन्छ भने उसले धेरै कुशलकर्म गर्न सक्दैन । श्रद्धा पनि धेरै नभएको, भोगसम्पत्ति पनि धेरै नभएकोले त झन् कुशलकर्म गर्नै सकिंदैन । जसमा श्रद्धा धेरै हुन्छ परन्तु भोगसम्पत्ति धेरै भएन भने पनि कुशलकर्म धेरै गर्न सक्दैन । जोसँग श्रद्धा पनि धेरै हुन्छ, उसलाई भोगसम्पत्ति पनि धेरै भयो भने बिशाखा जस्ता उपासिकाले जस्तै निकै कुशलकर्म गरेर लान सकिने हुन्छ भनी भनेको हो । "यथापि ...... पे. ...... कत्तब्बं कुसलं बहु"ति भनी ।

धर्मदेशनाको अन्तमा धेरै नै मानिसहरू स्रोतापन्न आदि फलमा प्रतिष्ठित भए । धर्मदेशनाबाट निकै जनताहरू सार्थक भएर गए ।

बिशाखाको कथा समाप्त भयो ।



Downloaded from http://dhamma.digital/

# ९. आनन्द स्थविरको प्रश्नको कथा

"न पुप्फगन्धो पटिवातमेति" भन्ने यो धर्मदेशना शास्ता श्रावस्ती नगरमा विहार गर्नुभएको बेलामा आनन्द स्थविरको प्रश्नलाई समाधान गरी आज्ञा गर्नुभएको हो ।

स्थविरले सन्ध्या समयमा एकान्त ध्यानमा बस्नुहुँदा चिन्तना गर्नुभयोकि- "भगवानले सारगन्ध, मूलगन्ध र पुष्पगन्ध भनि तीन उत्तम गन्ध आज्ञा गर्नु भएको छ । ती गन्धहरू बतास चलेको दिशामा मात्र सुगन्ध बहन्छ, बतास आईरहेको दिशातिर उल्टो जाँदैन । यो लोकमा त्यस्तो कुनै सुगन्ध पनि छकि ? जुन बतास आइरहेको दिशातिर उल्टो पनि सुगन्ध बहन्छ ।" अनि वहाँको मनमा यस्तो लाग्यो- यस्को विनिश्चय मैले आफैले किन गर्ने ? शास्ताकहाँ गएर नै सोधन जान्छु भनी उनी शास्ताकहाँ गएर सोधन जानुभयो । त्यसकारण भनेको छ-

"आयुष्मान् आनन्द सन्ध्या समयमा ध्यानबाट उठेर जहाँ तथागत हुनुहुन्थ्यो, त्यहाँ गएँ । त्यहाँ गएर शास्तालाई अभिवादन गरी एकछेउमा बसे । आयुष्मान आनन्दले भगवानलाई यसरी बिन्ति गरे -

"भन्ते ! यो लोकमा तीन प्रकारका गन्धहरू छन् जस्को सुगन्ध बतास चलेको दिशातिर मात्र बहन्छ, उल्टो बहँदैन । त्यो सुगन्ध के भने ? "मूलगन्ध" जराको सुगन्ध, "सारगन्ध" रूखको सारको सुगन्ध र फूलको सुगन्ध, भन्ते ! ती तीन सुगन्ध जात हुन् । जसको सुगन्ध बतास बहेको दिशातिर मात्र बहन्छ उल्टो बहँदैन । भन्ते ! त्यस्तो कुनै सुगन्ध छकि ? जुन बतास चलेको दिशामा पनि सुगन्ध बहन्छ, बतास आइरहेको दिशातिर उल्टो पनि सुगन्ध बहन्छ ।"

अनि भगवानले प्रश्नको उत्तर दिनुहुँदै भन्नुभयो - "छ आनन्द ! यस्तो सुगन्ध पनि छ, जस्को सुगन्ध बतास चलेको दिशामा पनि बहन्छ, बतास आइरहेको दिशातिर उल्टो पनि सुगन्ध बहन्छ । फेरि सुल्टो पनि उल्टो पनि सुगन्ध बहन्छ ।" "त्यो गन्ध कस्तो हो भन्ते ! जस्को सुगन्ध बतास चलेको दिशातिर पनि बहन्छ बतास आइरहेको दिशातिर उल्टो पनि बहन्छ फेरि सुल्टो पनि उल्टो पनि दुवैतिर पनि सुगन्ध बहन्छ ?" भनी सोध्नभयो ।

"आनन्द ! जुन गाउँमा अथवा निगममा स्त्री भएपनि पुरूष भएपनि बुद्धको शरणमा गएको हुन्छ, धर्मको शरणमा गएको हुन्छ संघको शरणमा गएको हुन्छ, प्राणीहिंसाबाट विरत भएको हुन्छ, अर्काको वस्तु चोरी गर्नुबाट विरत भएको हुन्छ, मिथ्या काम सेवनबाट विरत भएको हुन्छ, झूठो कुरा बोल्नुबाट विरत भएको हुन्छ, रक्सी, जाँड आदि नशालु पदार्थ सेवन गर्नुबाट विरत भएको हुन्छ, शीलवान हुन्छ, कल्याण-धर्मी हुन्छ, लोभ द्वेषादि चित्तमा नराख्ने भएर गृहस्थधर्ममा रहने हुन्छ, दान गर्ने, त्याग गर्नेमा हात अघि बढ्ने, परित्याग गर्ने वा लागीरहने, याचक दरिद्रहरूलाई दान दिनेमा लागीरहने, दान ब्रतमा लीन हुने हुन्छ ।

त्यस्ताको गुण दिशा बिदिशामा रहेका ब्राह्मणहरूले वर्णन गर्छन् कि- यस ठाउँमा अथवा यस निगममा बस्ने स्त्री भएपनि पुरूष भएपनि बुद्धको शरणमा गएका हुन् ..... पे... दान दिनुमा लागिरहेको छ ।

देवताहरूले र अमनुष्यहरूले पनि वर्णन गर्छन् कि- यस ठाउँमा अथवा यस निगममा बस्ने स्त्री भएपनि पुरूष भएपनि बुद्धको शरणमा गएका हुन् ..... पे. ....... दान दिनुमा लागिरहेको छ । हे आनन्द ! यहि सुगन्धजात, जस्को सुगन्ध बतास चलेको ठाउँमा पनि बहन्छ, उल्टो पनि बहन्छ, दुवैतिर पनि सुगन्ध बहन्छ भनी आज्ञा हुनु भई यो गाथा आज्ञा गर्नुभयो-

न पुप्फगन्धो पटिवातमेति,

न चन्दन तगरमल्लिका वा ।

सतञ्च गन्धो पटिवातमेति,

सब्बा दिसा सप्पुरिसो पवायति ॥

अर्थ : फुल, चन्दन तगर, चमेलीको सुगन्ध, बतास नचलेको ठाउँमा जान सकिंदैन, किन्तु सत्पुरूषको सुगन्ध सम्पूर्ण दिशामा पनि फैलिएर जान्छ ।

चन्दनं तगरं वापि, उप्पलं अथ वस्सिकी ।

एतेसं गन्धजातानं, सीलगन्धो अनुत्तरं"ति ।

अर्थ : चन्दन, तगर, कमल, चमेली फूलको सुगन्ध भन्दा पनि शील सुगन्ध अति उत्तम छ ।



Downloaded from http://dhamma.digital/

पदार्थ : त्यहाँ "न पुप्फगन्धे" भनेको तावतिस भवनको परिजात बृक्ष लम्बाई र चौडाई सययोजन फैलिएको छ, फूलको ज्योति पचासयोजन सम्म गइरहेकोछ, त्यो फुलको सुगन्ध एकयोजन सम्म बास्ना आउँछ, त्यसको सुगन्ध बतास चलेको ठाउँमा मात्र बहन्छ, उल्टो एक अंगुल पनि बहँदैन । त्यस्तो फूल सुगन्ध पनि बतासको विपरित बहँदैन । "चन्दनं" भनेको श्रीखण्डकाठको सुगन्धलाई भनेको हो । "तगर मल्लिका व" भनेको यसबाट पनि सुगन्ध प्राप्त गर्नलाई नै भनेको हो । सार सुगन्धमा अग्र भैरहेको आठ प्रकारका श्रीखण्डको पनि तगर भन्ने सुगन्ध र मल्लिका भन्ने फूलको पनि बतास चलेकै ठाउँमा मात्र बास्ना बहन्छ, उल्टो बहँदैन । "सतञ्च गन्धो" भनेको सत्पुरूषहरूको बुद्ध, प्रत्येक बुद्ध, श्रावकहरूले शीलरूपी सुगन्ध बतासको उल्टो पनि बहन्छ, किनभने सम्पूर्ण दिशामा सत्पुरूषहरू प्रबाहित भैरहेको हुन्छ । जसबाट सत्पुरुषहरूको शीलरूपी सुगन्धले सम्पूर्ण दश दिशामा नै फैलिएर जान्छ । तसर्थ तिनीहरूको सुगन्ध बतास चलेको दिशातिर मात्र होइन "पटिवातमेति" भनेर उल्टोतिर पनि बहन्छ भनेको हो । "वस्सिकं" भनेको चमेलीको फूल । "एतेसं" भनेको यी श्रीखण्ड आदिको सुगन्धजातको भन्दा शीलवानहरू सत्पुरूषहरूको शीलरूपी सुगन्ध मात्र नै उत्तम, श्रेष्ठ, असदृश, अद्वितीय, कुनैसँग समान नभएको भनेको हो ।

धर्मदेशनाको अन्तमा निकै मानिसहरूलाई धर्मदेशना सार्थक भएर गयो ।

आनन्द स्थविरको प्रश्न कथा सिद्धियो ।

## १०. महाकाश्यप स्थविरको पिण्डपात्र दानको कथा

"अप्पमत्रो अयं गन्धो" भन्ने यो धर्मदेशना शास्ता वेलुवनमा विहार गर्नुभएको बेलामा महाकाश्यप स्थविरको पिण्डपात्र दानको कारणमा आज्ञा हुनुभएको हो ।

एक दिन स्थविर सात दिनसम्म लगातार निरोध समापत्तिमा बस्नुभई समाधिबाट उठी राजगृह नगरमा क्रमशः घर नबिराइकन पिण्डपात भिक्षाचार गर्न भनी निस्कनुभयो । त्यसबेला शक्र देवराज इन्द्रका परिचारिकाहरू परेवाका जस्ता रातो खुट्टा भएका पाँचसय अप्सराहरू स्थविरलाई पिण्डपात भिक्षा दिन भनि उत्साहित भई पाँचसय भिक्षा पिण्ड तयार गरी हातले समाती बाटोको छेउमा बसी भन्ते! यो पिण्डपात भिक्षा ग्रहण गरिदिनुहवस, हामीलाई मङ्गल गरि दिनुहवस भनि बिन्ति गरे । स्थविरले "तिमीहरू जाउ । आज मैले एकजना गरीबलाई संग्रह गर्छु" भन्नुभयो । भन्ते ! हामीलाई नाश नगर्नुहवस, संग्रह गर्नुहवस भनी प्रार्थना गरे । स्थविरले तिनीहरूलाई चिनेर प्रतिक्षेप गर्नुभए पनि तिनीहरू त्यहाँबाट हटेर जान इच्छा नगरेपछि स्थविरले तिमीहरूको प्रमाण तिमीहरूलाइ थाहा छैन र ? तिमीहरू यहाँबाट हटेर जाउ भनी दुई औंलाले चुट्कि बजाउनुभयो । तिनीहरू स्थविरको औलाको शब्द सुनेर डराई त्यहाँ बसीरहन नसकेर त्यहाँबाट अन्तरधान भएर देवलोकमा नै फर्कि ।

शक्रले "कहाँ गएर आएकी ?" भनी सोधेपछि "समापत्तिबाट उठ्न भएका स्थविरलाई पिण्डपात दान दिन भनी मनुष्यलोकमा गएर आएको" "दान दिन पायौ त ?" "हामीले दान दिएर आउन सकेनौ, ग्रहण गर्ने इच्छा गर्नुभएन ।" "उहाँले के भन्नुभयो त ?" "देव ! एकजना गरीबलाई संग्रह गर्छु" भन्नुभयो । "तिमीहरू कुन भेषमा गएको ?" "देव! हामीहरू आफ्नै भेषमा गएका हौं भन्ते" भने । अनि इन्द्रले "तिमीहरू जस्ताले स्थविरलाई पिण्डपात कसरी दान गर्न सक्ला र ?" भनी आफैले दान दिने इच्छा गरे । अनि इन्द्रले आफू जरा, जीर्ण, बृद्ध, दाँत भाँचेको, कपाल फुलेको, कुप्रो शरीर भएको भेष लिएर सुजा देवपुत्रीलाई पनि त्यस्तै बुढी तुल्याई एउटा कपडा बुन्नेहरू बस्ने गल्लिमा कपडा बुन्ने तान फैलाई बसीरहे ।

स्थविर पनि सबभन्दा गरीबलाई संग्रह गर्छु भनी नगरतिर हेर्दै जानुभयो । नगरको बाहिर त्यो गल्लि देखेर हेर्नुहुँदा ती दुवैलाई देख्नुभयो । त्यसबेला बृद्धरूपी इन्द्रले तान बुनीरहे । सुजाले टुकि बेरी रहिन् । स्थविरले चिन्तना गर्नुभयो- "यी दुवै वृद्ध वृद्धा भइकन पनि काम गरीरहे, यो नगरमा यिनीहरू भन्दा गरीब अरू कोही हुँदैन होला, यिनीहरूले दिए चामलको खोले एक डाडु भएपनि ग्रहण गर्छु" भनी उनी तिनीहरूको घरतिर हेरी जानुभयो । शक्रले स्थविर आउनुभएको देखेर सुजालाई भने "प्रिये! हेर आर्य यता आईरहनु भएको छ, तिमीले नदेखेजस्तो गरेर चुपलागेर टुकि बेरी रहनु । क्षणभरमा नै छलेर पिण्डपात दान दिउँला ।" स्थविर आउनुभई संघारमा उभिनुभयो । तिनीहरूले नदेखेभैंं गरेर आफ्नो काममा लागीरहे ।

एकछिन पछि इन्द्रले "हाम्रो घरको ढोकामा एकजना भिक्षु उभिई रहेको जस्तो छ हेर्नजाउँ" भने । स्वामी तपाईले नै हेर्न जानु हवस भनेपछि घरबाट बाहिर निस्केर स्थविरलाई घोप्टो परी वन्दना गरी दुवैले हातले घुँडामा आड लिएर ऊं ऊं कराउँदै उठेर "आर्य कुन चाहिं स्थविर हुनुहुन्छ ?" भनी अलि नजिकै गएर मेरो आँखा धमिलो छ भन्दै हातले निधार छेकेर माथी अनुहार हेरेर "अहो ! दुःख गर्नुभयो, हाम्रा महाकाश्यप स्थविर पो रहेछ, धेरै समय पछि मेरो कुटीको ढोकामा पाल्नुभयो । घरमा केही दिने कुरा छकि" भनी सोध्यो । सुजाले अलि आत्तिए भैंं गरेर छ स्वामी भनि उत्तर दिइन् । "भन्ते ! रूखा, सुखा अथवा प्रणीत भन्ने



Downloaded from http://dhamma.digital/

मनमा नलिनु भई हामीलाई संग्रह गर्नु हवस" भनी भिक्षापात्र लियो । स्थविरले यिनीहरूले दिएको सँगै भएपनि कनिकाको भात एकमुठी भएपनि यिनीहरूलाई संग्रह गरिदिनुपऱ्यो भनी भिक्षापात्र दिनुभयो । उसले घर भित्र पसेर "घटि ओदन" घिउमा पकाएको भात कसौडिंबाट झिकेर पात्रभरि राखेर स्थविरको हातमा अर्पण गरिदियो । पिण्डपात भोजन अनेक सूप व्यञ्जन भएको हुनाले, त्यसको सुगन्ध सम्पूर्ण राजगृह नगरमा मगमग बास्ना आयो ।

त्यतिबेला स्थविरले विचार गर्नुभयो- "यो मानिस अशरण गरीब छ, यसको भोजन भने अत्यन्त सुस्वादिष्ट देवराज इन्द्रको समान छ, यो को होला ?" अनि स्थविरले उसलाई शक्र भनी चिनेर भन्नुभयो "तिमीले ठूलो अपराध गऱ्यौ । गरीबहरूलाई हुने सम्पत्ति खोसेर लियौ । आज मलाई दान दिएर कुनै एकजना गरीब मानिसलाई सेनापतिको पद भएपनि महाजनको पद भएपनि प्राप्त हुनेथियो ।" "भन्ते ! म जस्तो गरीब अरू को छ र ?" "तिमी के कारणले गरीब भयौ ? देवलोकमा देवताहरूको राजाको सुख अनुभव गरेर बसेका छौं ।" भनेपछि "भन्ते ! त्यो त्यस्तो हुन सकेको छ बुद्ध उत्पन्न नहुनु हुँदा कल्याण्कारी कर्म गरेर यस्तो हुन सकेको हो । बुद्ध उत्पन्न भई राख्नुभएको वर्तमान समयमा कल्याणकारी कर्म गरेर चूलरथ देवपुत्र, महारथ देवपुत्र, अनेकवण्ण देवपुत्र भनेका यी तीन देवपुत्रहरू समान मकहाँ उत्पन्न भए । तिनीहरू म भन्दा बढि तेजवान थिए । अहिले म नजिकै भएको ठाउँमा ती देवपुत्रहरू नक्षत्र क्रिडा गर्न परिचारिकाहरू लिएर सडकमा निस्कँदा म भागेर आई घरमा पसेर लुक्नुपऱ्यो । उनीहरूको शरीरबाट निस्केको तेज मेरो शरीरमा फैलिएर छोपिदिन्छ । मेरो शरीरबाट निस्केको तेज तिनीरूको शरीरमा फैलिएन । त्यसो भएको हुनाले म भन्दा गरीब अरू को होला भन्ते !" "त्यस्तो भएपनि अबदेखी तिमीले यसरी छलेर दान दिन आउने काम नगर्नु ।" "तपाईलाई यसरी छलेर दान दिएको मलाई पुण्य होला कि नहोला भन्ते !" "हुन्छ आवुसो" "त्यसो भए कुशल कर्म गर्नु मेरो कर्तव्य हो भन्ते" भनी स्थविरलाई वन्दना गरी सुजालाई लिएर स्थविरलाई प्रदक्षिणा गरी आकाशमा गएर "अहो ! दान परमदान काश्यप स्थविरमा सुप्रतिष्ठित भयो ।" भनी उदान (प्रीति वाक्य) घोषणा गऱ्यो । त्यसैले भनेको -

"एक समय तथागत राजगृहको वेलुवन कलन्दक निवासमा विहार गरि रहनु भएको थियो । त्यस बखत आयुष्मान महाकाश्यप पिप्पफलि गुफामा बस्नुभएको थियो । सातदिन सम्म एकै आसनमा पलेटि मारेर एउटा समाधिमा समाधिस्थ भएर रहनु भयो । त्यसपछि आयुष्मान महाकाश्यप त्यो एकहप्ता बितेपछि त्यस समाधिबाट उठेर तदनन्तर त्यस समाधिबाट उठ्नुभएको आयुष्मान महाकाश्यपको मनमा यस्तो लाग्यो- "आज मैले राजगृह नगरमा भिक्षाटन गर्न पाए अति उत्तम हुनेछ ।"

त्यस बखतमा पाँचसय जति देव अप्सराहरूले आयुष्मान महाकाश्यपलाई भिक्षा पिण्डपात दान गर्ने प्रयास गरेको थियो । अनि आयुष्मान महाकाश्यपले ती पाँचशय देव अप्सराहरूलाई प्रतिक्षेप गर्नुभई (स्वीकार नगरीकन) बिहान राम्रोसँग चीवर पहिरी पात्र चीवर लिएर राजगृह नगरमा भिक्षाटनको लागी जानुभयो ।

त्यस बेला देवराज इन्द्रले महाकाश्यपलाई पिण्डपात भिक्षा दानदिने इच्छा गरी गरीब तानबुन्नेको भेष धारण गरी आफुले तान बुनी असुरकन्य सुजालाई टुकि बेर्न लगाई राखे । आयुष्मान महाकाश्यप बृद्धरूपी इन्द्रको घरमा पुग्नुभयो । इन्द्रले आयुष्मान महाकाश्यपलाई टाढैदेखि आइरहेको देखेर घरबाट बाहिर निस्की स्वागत गर्दै हातले भिक्षापात्र लिएर घर भित्र पसी घिउमा पकाइराखेको भोजन झिकेर पात्र भरी राखेर ल्याई महाकाश्यपलाई अर्पण गरिदियो । त्यो पिण्डपात भोजन भने अनेक प्रकारका तिहुन अनेक प्रकारका तरकारी र अनेक रसयुक्त ब्यञ्जनहरू भएको थियो । अनि आयुष्मान महाकाश्यपको मनमा यस्तो लाग्यो- "यो मानिस को होला जो संग यस्तो ऋद्धिको आनुभाव छ ? तदनन्तर आयुष्मान महाकाश्यपको मनमा यस्तो लाग्यो यो अवश्य देवराज इन्द्र हो भनी जानेर इन्द्रलाई यसो भन्नुभयो "हे कोसिय! तिमीले यो के गरेको ? अबदेखि यस्तो कहिल्यै नगर्नु ।" "भन्ते काश्यप ! हामीलाई पनि पुण्य चाहिन्छ हामीले पनि पुण्य गरिरहनुपर्छ ।"

अनि इन्द्रले आयुष्मान महाकाश्यपलाई वन्दना गरी प्रदक्षिणा गरी आकाशमा गई त्यहाँ बसेर तीन पटक सम्म उदान ( प्रीति वाक्य) घोषणा गरे "अहो ! दान परम उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो" "अहो परम उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो" "ओहो ! दान परम उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो" । (उदा ०२७)

तथागतले विहारमा बस्नु भएर नै त्यसको त्यो स्वर सुनेर भिक्षुहरूलाई आमन्त्रण गर्नु भई "हे भिक्षुगण यहाँ हेर शक्र देवराज इन्द्रले उदान वाक्य भन्दै आकाशबाट गइरहेछ" भन्नुभयो । "उसले के गऱ्यो भन्ते" भनी प्रश्न गरेपछि "हे भिक्षु हो ! उसले छलेर मेरो पुत्र काश्यपलाई पिण्डपात भिक्षा दान गऱ्यो । इन्द्रले दान दिएर प्रसन्न भएर उदान वाक्य भन्दै आकाशबाट गइरह्यो" भनी आज्ञा हुनुभयो । स्थविरलाई पिण्डपात भोजन दान दिनुपर्छ भनी उसले कसरी थाहा पायो होला भन्ते ! भनी भिक्षुहरूले प्रश्न गरेपछि हे भिक्षु हो ! मेरो पुत्रजस्ता भिक्षाद्वारा मात्र जीविका गर्ने, उसलाई देवताहरूले पनि मानिसहरूले पनि मनपराउँछन् भन्नुभई आफुले पनि उदान आज्ञा गर्नुभयो । सूत्रमा यस्तो आएको छ-



Downloaded from http://dhamma.digital/

भगवानले दिव्य श्रोतधातुबाट विशुद्ध, साधारण मानिसहरूको शक्तिबाट नाघेर गएको अर्थात धेरै शक्ति भएको शक्र देवराज इन्द्र यसरी आकाशमा उठेर आकाशमै बसेर तीन पटक सम्म उदान भनीरहेको सुन्नुभयो- "अहो ! दान परम-उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो" "अहो ! दान परम-उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो" "अहो ! दान परम-उत्तम भएको दान काश्यप भन्तेलाई दिने सौभाग्य प्राप्त भयो" ।

अनि तथागतले यो अर्थ जान्नु भई त्यस बखत यो उदान वाक्य घोषणा गर्नुभयो-

"पिण्डपातिकस्स भिक्खुनो,

अत्त घरस्स अनञ्ञपोसिनो ।

देवा पिहयन्ति तादिनो,

उपसन्तस्स सदा सतीमतो"ति ॥

अर्थ : पिण्डपात भिक्षाद्वारा जीवन यापन गरिरहेका भिक्षु, आफु एक्लैले मात्र खाएर पुग्ने अरू कसैलाई पालन पोषण गर्न नपर्ने, इन्द्रिय उपशान्त भएर सधैभरि सद्‌बुद्धि भईरहेका त्यस्ता अरहन्तलाई देवताहरूले पनि प्यार गर्छन् ।

यो उदान प्रकट गर्नुभई हे भिक्षु हो ! मेरा पुत्रको शील सुगन्धले गर्दा शक्र देवराज इन्द्र मनुष्यलोकमा आएर पिण्डपात भिक्षा दान गर्न आयो भन्नुभई यो गाथा आज्ञा गर्नु भयो -

"अप्पमत्तो अयं गन्धो, .....यायं तगरचन्दनो ।

अर्थ : यो शीलरूपी सुगन्ध, तगर चन्दन (श्रीखण्ड) सुगन्ध भन्दा पनि उत्तम छ । जुन यो शीलरूपी सुगन्ध हो, त्यो उत्तम देवलोक सम्म पनि बास्ना जान्छ ।

पदार्थ : त्यहाँ "अप्पमत्तो" भनेको परिमाणमा अलिकति मात्र "यो सीलवतं" भनेको जुन शीलवानहरूको शीलरूपी सुगन्ध हो त्यो तगर भनिएका सुगन्धचूर्ण जस्तै, रातो श्रीखण्ड जस्तै सुगन्ध थोरै मात्र हुँदैन, महान रूपले फैलिएर जाने हुन्छन्, त्यस कारणले गर्दा "वातिदेवेसु उत्तमो" भनेको सवर=श्रेष्ठ=उत्तम भएर देवलोक र मनुष्यलोक सबै ठाउँमा सुगन्ध बास्ना आईरहन्छ । फैलिंदै उम्लिदै जाने हुन्छ भनेको हो ।

धर्मदेशनाको अन्तमा धेरै नै मानिसहरू स्रोतापन्न फल आदिमा पुग्न गए । धर्मदेशना निकै जनताहरूलाई सार्थक भएर गयो ।

महाकाश्यप स्थविरलाई भिक्षा दिएको कथा समाप्त भयो ।



Downloaded from http://dhamma.digital/